सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ चैत २०८०, बिहीबार (28 Mar 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३३९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

खस्कियो भाडाको व्यवसाय



घर तथा सटर भाडाको मूल्यवृद्धिदरमा संकुचन

(विस्तृत पृष्ठ ९ मा)

केजरिवालको पक्राउपछि भारतीय राजनीतिमा अनुत्तरित प्रश्न



आम आदमी पार्टीले केजरिवाल मुख्यमन्त्री रहने र जेलबाट सरकार चलाउने दाबी गरे पनि दिल्लीका लेफ्टिनेन्ट गभर्नर (एल-जी)ले हस्तक्षेप गरेर केजरिवाललाई मुख्यमन्त्रीबाट हटाउन वा सरकारको लगाम लिन्छन् ? यो हेर्न बाँकी छ।

(विस्तृत पृष्ठ ७ मा)

संसदीय समितिमा गृहमन्त्रीको प्रस्टीकरण



छानबिन नसकिन्जेल पद छाड्न काग्रेसको माग, अधिकार क्षेत्रबाहिर गएर छलफल चलाएको भन्दै एमालेको असन्तुष्टि

(विस्तृत पृष्ठ ३ मा)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



घरेलु हिंसा मधेशमा धेरै

जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणको निष्कर्ष- श्रीमतीलाई कुट्न पाइने सोच राख्ने महिलाको संख्या पुरुषभन्दा धेरै

शिल्पा कर्ण, टेकराज थामी/नयाँ पत्रिका

घटना १ घरेलु हिंसा गरेको भन्दै सप्तरी राजविराज नगरपालिका- ५ का डा. उज्ज्वल देवसहित परिवारका चार सदस्यलाई जिल्ला अदालतले जरिवाना तोक्यो। करिश्मा चौधरीले दायर गरेको मुद्दामा न्यायाधीश हरिशचन्द्र इङ्नामको इजलासले १२ वैशाख ०८० मा चारैजनालाई तीन-तीन हजार गरी १२ हजार रुपैयाँ जरिवाना गरेको थियो। उज्ज्वलसँग प्रेमविवाह गरी घर बस्न जाँदा आफूलाई नराम्रो व्यवहार गरेको, दाइजो लिएर आउन कर गरेको, प्रतिवाद गर्दा घर निकालालगायतका हिंसा गरेको भन्दै करिश्माले मुद्दा दायर गरेकी थिइन्। मुद्दा दायर भएको तीन महिनामै कसुर कायम हुने फैसला भएको थियो।

घटना २ दाइजो नल्याएको निहुँमा महोत्तरी औराहकी नेहा चौधरी चिकित्सक श्रीमान् महोत्तरी रामगोपालपुरका डा. पंकज चौधरीबाट हिंसाको सिकार भइन्। सुन्दर भविष्यको सपनासहित आठ महिनाअघि मात्रै विवाह गरेका थिए उनीहरूले। तर, दाइजोले सम्बन्धमा दरार ल्याइदियो। विवाद उत्कर्षमा पुग्यो। डा. पंकज नेहामाथि कुटपिटमै उत्रिए। घरैबाट निकालिदिए। नेहाले महोत्तरी प्रहरीमा जाहेरी दिइन्। प्रहरीले पंकजलाई पक्राउ गऱ्यो। उनी अदालतबाट धरौटीमा छुटेका छन्। नेहा न्यायको पखाइमा छिन्।

घटना ३ तीन वर्षअघि दाइजोको विवादित विषय प्रस्ट्याउन पर्सा वीरगन्जका डा. राजेश साह पत्रकार सम्मेलनमा थिए। उनकी श्रीमती डा. निलम साह सम्मेलनमै पुगिन्। दुईबीचको विवाद हात हालहालमा बदलियो। डा. निलम भन्दै थिइन्, 'श्रीमान् राजेशले दाइजो नल्याएको झ्याँकमा हिंसा गरे। बाध्य भएर पीडा सार्वजनिक गर्नुपऱ्यो।' निलमका अनुसार विवाहलगत्तै माइती पक्षले डा. राजेशको परिवारलाई ३५ लाख रुपैयाँ दिएको थियो। तर, राजेशका परिवारले निलमसँग पुनः २५ लाख रुपैयाँ र कारको माग गऱ्यो। निलमको परिवार माग पूरा गर्न मन्जुर नभएपछि उनले हिंसा खेप्नुपऱ्यो।


०००

प्रहरी तथ्यांकले पछिल्ला साढे पाँच वर्ष (६७ महिना)मा मुलुकभर घरेलु हिंसाका ८४ हजार ६ सय ५६ घटना भएका छन्। यसमध्ये २४ हजार ६ सय ४० घटना मधेश प्रदेशमा भएका छन्, जुन कुल घरेलु हिंसाको २९.१० प्रतिशत हो।

नेपाल प्रहरीका प्रवक्ता डिआइजी भीम ढकाल मधेश प्रदेशमा घरेलु हिंसा सबैभन्दा धेरै रहेको बताउँछन्। उनका अनुसार

» पृष्ठ ११ मा क्रमशः

■ पछिल्ला ६७ महिनामा
देशभर भएका घरेलु हिंसाका घटना



तथ्यांक : नेपाल प्रहरी



■ राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुली भन्छिन्-

घरेलु हिंसा बढ्नुको मुख्य कारण पितृसत्तात्मक सोच र दाइजो

मधेश प्रदेशमा घरेलु हिंसाका घटना अन्यत्रको तुलनामा धेरै छन्। यसका खास दुई कारण छन्। पहिलो- पितृसत्तात्मक मानसिकता। मधेशमा यो मानसिकता यति धेरै छ कि छोरीलाई सन्तानको रूपमा स्वीकार गर्दैनन्। नागरिकता बनाउनसमेत उनीहरू अघि सर्दैनन्। दोस्रो- दाइजो। छोरीलाई दाइजो दिएर पठाउनुपर्छ भने छोराले प्राप्त गर्छ। त्यसैले, यसले छोराको महत्त्वलाई बढावा दियो। मधेश प्रदेशमा घरेलु हिंसाको जड नै यही हो।



■ नेपाल प्रहरीका प्रवक्ता डिआइजी भीम ढकाल भन्छन्-

अशिक्षा, बेरोजगारी, मदिरा, वैदेशिक रोजगारी हिंसाका कारण

घरेलु हिंसासँग सम्बन्धित घटना विश्लेषण गर्दा मधेश प्रदेश अगाडि देखिन्छ। यसका विविध कारण छन्। जसमध्ये अग्रसूचीमा आउने कारण अशिक्षा, कम चेतना, बेरोजगारी, वैदेशिक रोजगारी, सामाजिक सञ्जाल, मदिरा सेवनलगायत हुन्। पितृसत्तात्मक सामाजिक संरचना पनि घरेलु हिंसालाई बढावा दिने कारण हुन्।

■ श्रीमान् वैदेशिक रोजगारीमा,
श्रीमती परिवारकै सदस्यबाट हिंसामा

श्रीमान् वैदेशिक रोजगारीमा रहेका बखत सासू, ससुरा र जेठाजुले घरेलु हिंसा गरेको ठहर गर्दै दार्चुला जिल्ला अदालतले ०७६ असोजमा तीनै प्रतिवादीलाई जनही तीन महिना कैद र २० हजार रुपैयाँ जरिवानाको फैसला सुनायो। निवेदक विमला जोशीको फिरादमाथि फैसला गर्दै अदालतले ६५ वर्षीय ससुरा प्रमानन्द, ५५ वर्षीया सासू पार्वती र ३० वर्षीय जेठाजु श्यामराज जोशीलाई सजाय तोकेको थियो। निवेदकले शारीरिक, यौनजन्य र आर्थिक यातना दिएको दाबी गरेकी थिइन्।

■ घरेलु हिंसामा परेकी महिलाले
महिला आयोगमै गरिन् विष सेवन

जातीय तथा घरेलु हिंसामा परेको भन्दै ३० वर्षीया महिला गत ४ चैतमा उजुरी लिएर राष्ट्रिय महिला आयोग पुगिन्। आयोगले १२ चैतमा दुवै पक्षलाई छलफलमा बोलायो। पीडक पक्ष परिवारका सदस्यसहित आयोग पुगे। छलफल भयो। दुवै पक्ष लगभग सहमति गर्ने निष्कर्षमा पुगे। यही क्रममा पीडित महिलाका श्रीमान्ले अदालतमा सम्बन्धविच्छेदको मुद्दा हालिसकेको हुँदा मिल्न नसकिने भने। महिला आयोगले घटनाको तथ्यबारे खोजबिन गऱ्यो। नभन्दै श्रीमान्ले आयोगमा आउनुअघि नै जिल्ला अदालत दाङमा सम्बन्धविच्छेदको मुद्दा हालेको खुल्यो। अदालतको क्षेत्राधिकारभित्र प्रवेश गर्न नमिल्ने भएको भन्दै आयोगले मुद्दा हेर्न नमिल्ने भन्यो। महिला आवेगमा आइन्। उनी आयोगबाट सरासर निस्किइन्। नजिकै रहेको खाद्य संस्थानको शौचालयमा प्रवेश गरिन् र भोलामा बोकेको मेटासिट सेवन गरिन्। उनलाई उपचारका लागि वीर अस्पताल लगियो। आयोगकी अध्यक्ष कमला पराजुलीका अनुसार उनको अहिले अत्तरखेलस्थित नेपाल मेडिकल कलेजमा उपचार भइरहेको छ ।

■ महिला मात्र होइन,
पुरुष पनि घरेलु हिंसामा

घरेलु हिंसामा प्रायः महिला पीडित भएका घटना बाहिर आउँछन्। तर, केही पुरुष पनि उजुरी लिएर न्यायिक निकाय पुग्ने गरेका घटनासमेत छन्। बाँके जिल्ला अदालतमा दायर एक मुद्दामा लीलावती गौतमलाई पुरुष हिंसामा तीन हजार जरिवानाको सजाय भएको थियो। ०६८ मंसिरमा दायर मुद्दामाथि ०७० वैशाखमा फैसला आएको थियो। श्रीमान् खगेन्द्रबहादुर गौतमलाई आफूले मात्र नभएर गुन्डा लगाएरसमेत कुटाउने र ज्यान मार्ने धम्की दिने गरेकी थिइन्। साथै, श्रीमान्माथि प्रेसरकुकरले प्रहार गरेकोसमेत पुष्टि भएपछि अदालतले श्रीमतीलाई सजाय सुनाएको थियो।

आजदेखि एसइई

दुई हजार ६४ केन्द्रमा परीक्षा, पाँच लाख परीक्षार्थी

शिवहरि घिमिरे/नयाँ पत्रिका

यस शैक्षिक सत्रको माध्यमिक शिक्षा परीक्षा (एसइई) आज (बिहीबार)बाट सुरु हुँदै छ। बिहान ८ बजेदेखि सुरु हुने परीक्षाका लागि देशभर दुई हजार ६४ केन्द्र तोकिएका छन्। परीक्षामा देशभरका पाँच लाख चार हजार चार सय १४ परीक्षार्थी सहभागी हुने राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ।

काठमाडौं जिल्लामा सबैभन्दा बढी एक सय २७ परीक्षा केन्द्र छन् भने मनाङ र मुस्ताङमा सबैभन्दा कम एक-एक परीक्षा केन्द्र छन्। काठमाडौंमा ३८ हजार आठ सय ३१, मनाङमा ४३ र मुस्ताङमा एक सय सात विद्यार्थी एसइईमा सहभागी हुँदै छन्।

परीक्षा सञ्चालनका लागि ७७ हजार पाँच सय जनशक्ति परिचालन गरिएको छ। त्यसमध्ये ३० हजार नौ सय ५० सुरक्षाकर्मी हुन्। बोर्डले सुरक्षा संवेदनशीलताका आधारमा सुरक्षाकर्मी परिचालन गरेको जनाएको छ।

२७ चैतसम्म सञ्चालन हुने परीक्षा सकिएपछि देशभरका ६० परीक्षण केन्द्रमा



उत्तरपुस्तिका परीक्षण हुनेछ। परीक्षण केन्द्रमा उत्तरपुस्तिका पुऱ्याउने र नतिजा सार्वजनिक नहुँदासम्म सुरक्षा दिने जिम्मा प्रहरीकै रहने बोर्डका अध्यक्ष महाश्रम शर्माले बताए। उनका अनुसार ७७ वटै जिल्लामा एसइईका लागि सहज व्यवस्थापन गरिएको छ।

राष्ट्रिय परीक्षा बोर्डले यसपटक परीक्षाको नतिजाको प्रणाली परिवर्तन गरेको छ।

बोर्डका कक्षा दशका परीक्षा नियन्त्रक नन्दलाल पौडेलका अनुसार हरेक विषयमा कम्तीमा ३५ प्रतिशत अंक ल्याएको विद्यार्थी मात्रै उत्तीर्ण हुनेछन्। त्यस्तै, बोर्डले प्रयोगात्मक विषयमा विद्यार्थीले ४० प्रतिशत अंक ल्याउनैपर्ने नियम पनि लागू गरेको छ। बोर्डका अध्यक्ष शर्माका अनुसार प्रयोगात्मक र सैद्धान्तिक दुवै विषयमा विद्यार्थी उत्तीर्ण हुनुपर्नेछ।

उपनिर्वाचनमा समाजवादी मोर्चाका चार दल चारतिर

दुवै क्षेत्रमा उम्मेदवार उठाउने माओवादी निर्णय, एकीकृत समाजवादीले पठाइसक्यो उम्मेदवारलाई टिकट, जसपा पहिचानवादीसँग संवादमा, मोर्चाको संयोजन गरिरहेको नेकपा अनिर्णीत



प्रेम गौतम/नयाँ पत्रिका

इलाम र बर्फाङमा हुने उपनिर्वाचनमा समाजवादी मोर्चाका चार दल चारतिर फर्किएका छन्। माओवादीले दुवै क्षेत्रमा उम्मेदवार उठाउने निर्णय गरेको छ। एकीकृत समाजवादीले उम्मेदवारलाई टिकट दिएर पठाइसकेको छ भने जसपा पहिचानवादीसँग संवादमा छ। मोर्चाको संयोजन गरिरहेको नेकपा उम्मेदवार उठाउने कि मोर्चामा आबद्ध दलका उम्मेदवारलाई समर्थन गरेर जाने भन्ने निर्णयमा पुगिसकेको छैन।

बुधबार बालुवाटारमा बसेको माओवादीको केन्द्रीय समिति बैठकले इलाम र बर्फाङमा उम्मेदवार उठाउने निर्णय गरेको महासचिव देव गुरुङले बताए। 'दुइटै क्षेत्रमा उम्मेदवार उठाउने निर्णय भएको छ। व्यक्तिका बारेमा सिफारिस आउन बाँकी छ। अर्को बैठकले टुंगो लगाउँछ,' उनले भने।

माओवादी इलामले केन्द्रीय सदस्य तथा इलाम इन्चार्ज धीरेन्द्र शर्मा, प्रदेश कमिटी सदस्यहरू उर्मिला तामाङ, कुमार बराइली र ओम गुरुङको नाम प्रदेशलाई सिफारिस गरेको छ। उक्त नाम प्रदेश हुँदै केन्द्रमा आउनेछ।

एकीकृत समाजवादीले इलाममा जितबहादुर राई र बर्फाङमा दिलबहादुर सिंहलाई उम्मेदवार बनाउने निर्णय गरेको छ। एकीकृत समाजवादीले राई र सिंहलाई टिकट दिएर पठाइसकेको छ।

जसपाले मोर्चामा आबद्ध दलहरूले आफूखुसी उम्मेदवार उठाएको भन्दै पहिचानवादीसँग छलफल अघि बढाएको छ। पहिचानवादीको तर्फबाट डकेन्द्रसिंह थेगिमले उम्मेदवारी घोषणा गरेका छन्।

उपनिर्वाचनका लागि आगामी २४ चैतमा उम्मेदवारी दर्ता गर्ने कार्यतालिका छ। दलले एक-अर्कामा बार्गेनिङ पावर बढाउन उम्मेदवारी दिने रणनीति अपनाएका छन्। मोर्चाबाट साझा उम्मेदवार बनाउने प्रयास पनि जारी रहेको नेताहरूले बताएका छन्। त्यस्तो अवस्थामा मोर्चा र एमालेबीच चुनावी तालमेलको सम्भावना रहन सक्छ।

मोर्चाका संयोजक नेत्रविक्रम चन्द विप्लवको पार्टी नेकपाका स्थायी समिति सदस्य भरत बमले बैठकबाट साझा निष्कर्षमा पुग्ने बताए। 'साझा उद्देश्यले हामीले मोर्चा बनाएका हौं। उपनिर्वाचनको विषयमा पनि मोर्चामा छलफलबाट निष्कर्षमा पुग्छौं,' उनले भने, 'मोर्चा र एमालेबीच उपनिर्वाचनमा तालमेल हुन सक्छ।'

मोर्चाको प्रमुख घटक माओवादीले छलफल गरेर निष्कर्षमा पुग्न सकिने बताएको छ। उपनिर्वाचनबारे मोर्चाको बैठकमा सामान्य छलफलसमेत भएको थियो। तर, निष्कर्ष ननिस्केपछि

» पृष्ठ ११ मा क्रमशः

■ इलाम २ मा
रास्वपाबाट ६ आकांक्षी



इलाम २ मा १५ वैशाखमा हुने प्रतिनिधिसभा सदस्य उपनिर्वाचनमा भाग लिन राष्ट्रिय स्वतन्त्र पार्टीमा ६ जनाले आफ्नो दाबी प्रस्तुत गरेका छन्। इलाम २ मा उम्मेदवारी दिन दाबी प्रस्तुत गरेका ६ जनाको नाम रास्वपा केन्द्रीय निर्वाचन आयोगले सार्वजनिक गरेको छ।

आयोगका सचिव भूमिनन्द बरालका अनुसार गोकुलबहादुर राई, जमुना शर्मा, महेन्द्रकुमार थापा, मानबहादुर घिमिरे, मिलन लिम्बू र डा. शेषरमण न्यौपानेले उम्मेदवार बन्न पार्टीको निर्वाचन आयोगमा नाम दर्ता गराएका हुन्। आन्तरिक प्रतिस्पर्धामार्फत उम्मेदवार टुंग्याउने रास्वपाको तयारी छ।

'इलाम २ मा रास्वपाका तर्फबाट पार्टीको विधानको धारा ७१ बमोजिम सञ्चालन गरिने प्रारम्भिक निर्वाचनमा भाग लिन पाँचजनाले उम्मेदवारी दिनुभएको छ,' सचिव बरालले भने। उनका अनुसार पाँचजनाबीच प्रतिस्पर्धा गरेर केन्द्रीय समितिले उम्मेदवार चयन गर्नेछ।

रास्वपाका नेताहरूका अनुसार स्वतन्त्र उम्मेदवारी दिएका पूर्वपत्रकार लिम्बूले नै टिकट पाउने पक्कापक्की छ। 'सबै हिसाबले रास्वपाको उम्मेदवार उहाँ नै हो। शुक्रबार घोषणा हुन्छ,' पार्टीका एक पदाधिकारीले भने।

■ सुनकोशी–मरिन डाइभर्सनको सुरुङ निर्माणमा 'विश्वरेकर्ड'

एक महिनामै खनियो १५०३.३ मिटर सुरुङ, डेढ महिनाभित्र 'ब्रेक थ्रु'को तयारी

सुरुङ निर्माण गर्न सिँचाइ विभाग र कम्पनीबीच चैत ०७७ मा १० अर्ब पाँच करोड ६८ लाख रुपैयाँमा ठेक्का सम्झौता। काम सुरु गरेको दुई वर्षमा सुरुङ तयार हुने भनिए पनि त्योभन्दा छिट्टै सुरुङ तयार हुने दाबी।

यो बहुउद्देश्यीय आयोजनाबाट तराईको एक लाख २२ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउने र ३१ मेगावाट विद्युत्समेत उत्पादन गर्ने लक्ष्य छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चिनियाँ निर्माण कम्पनी 'चाइना ओभरसिज इन्जिनियरिङ ग्रुप कम्पनी लिमिटेड'ले राष्ट्रिय गौरवको सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको सुरुङ निर्माणमा विश्वरेकर्ड राखेको दाबी गरेको छ। टनेल बोरिङ मेसिन (टिबिएम) प्रविधिमार्फत एक महिनामा १५०३.३ मिटर सिँचाइ सुरुङ खनेर विश्वरेकर्ड राखेको कम्पनीको दाबी छ।



तस्बिर : राजदूत चेन सङको एक्स हेन्डल



सुनकोशी–मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाका निर्देशक मित्र बराल भन्छन्-

कम्पनीले टिबिएममार्फत सुरुङ निर्माणमा विश्वरेकर्ड राखेको दाबी गरेको छ। हामीले यसलाई प्रमाणीकरण गर्ने प्रक्रिया अघि बढाएका छौं। त्यसपछि यो टुंगोमा पुग्नेछ। सुरुङ निर्माण फरक-फरक प्रकृतिको हुन्छ। भौगोलिक अवस्था, व्यासलगायतले सुरुङ निर्माण प्रभावित गर्छ। यसकै आधारमा यसको प्रमाणीकरण गर्छौं।



राजदूतले दिए बधाई

नेपालका लागि चिनियाँ राजदूत चेन सडले निर्माण कम्पनीलाई बधाई दिएका छन्। 'नेपालमा दुई नयाँ विश्वरेकर्ड बनाएकोमा चाइना ओभरसिज इन्जिनियरिङ ग्रुप कम्पनी लिमिटेडलाई बधाई छ। टिबिएम मेसिनबाट सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको सुरुङ एक महिनामा १५०३.३ मिटर निर्माण गरिएको छ, योसँगै कम्पनीले २०२३ मा मासिक १२२४.१४ मिटर सुरुङ निर्माण गरेर कायम गरेको विश्वरेकर्ड पनि तोडेको छ,' बुधबार उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'कम्पनीले यसअघि पनि समान प्रकृतिको टिबिएम मेसिनबाट दैनिक ७२.६८ मिटर सुरुङ खनेर विश्वरेकर्ड राखेको थियो।'

१५ किलो चरेस बरामद

काठमाडौं/ प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध लागुऔषध १५ किलोग्राम चरेस बरामद गरेको छ। विदेश लैजाँदै गरेको उक्त चरेस मंगलबार बरामद गरेर बुधबार सार्वजनिक गरिएको हो। विमानस्थल भन्सार कार्यालयको एक्स-रे मेसिनबाट प्रहरीले कार्गो जाँच गर्ने क्रममा कतार एयरबाट दोहा हुँदै लन्डन लैजान लगिएको एआरए एमइएक्स कुरियरको १८ वटा फोटो फ्रेमभित्र लुकाइछिपाइ ल्याइएको अवस्थामा उक्त परिमाणको पदार्थ फेला पारी बरामद गरेको केन्द्रीय प्रहरी प्रवक्ता भीमप्रसाद ढकालले जानकारी दिए।

ठगी गरेको अभियोगमा तीनजना पक्राउ

काठमाडौं/ वैदेशिक रोजगारमा आकर्षक तलबको प्रलोभनमा देखाई विभिन्न देश पठाइदिन्छु भनी ठगी गरेको अभियोगमा प्रहरीले तीनजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं शंखरापुर नगरपालिका- ५ पालुबारी बस्ने ३८ वर्षीय सुवास आचार्य, सिन्धुपाल्चोक इन्द्रावती गाउँपालिका- ४ घर भई हाल काठमाडौं बुढानीलकण्ठ नगरपालिका- ७ हात्तीगौँडा बस्ने २७ वर्षीय महेन्द्र अधिकारी र म्याग्दी बेनी नगरपालिका- ४ घर भई काठमाडौं टोखा नगरपालिका- ११ जाल्पाचोक बस्ने ३९ वर्षीय राममाया गुरुङ रहेका छन्। पक्राउ परेकामध्ये सुवासले युकेमा वर्किङ भिसामा पठाइदिन्छु भन्दै नक्कली अफर लेटर देखाई पीडितबाट १६ लाख ८० हजार रुपैयाँ ठगी गरेको र महेन्द्रले अस्ट्रेलिया पठाइदिन्छु भन्दै १२ लाख ठगी गरेको र राममायाले माल्दिभ्स पठाइदिन्छु भन्दै तीन लाख रुपैयाँ ठगी गरेका थिए। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले पक्राउ गरको हो।

ललितपुर महानगर क्षेत्रमा भेटिए दुर्लभ रूख

नौ सय वर्षसम्म हरियै, रूख काटे ज्यानै जाने किंवदन्ती



ललितपुर महानगरपालिका- १९, कुमारीपाटीनजिकै अग्निशाला क्षेत्रमा रहेको वरुण वृक्ष। तस्बिर : नयाँ पत्रिका



● **पुष्पमान अमात्य,** वनस्पतिविद्

इतिहास बोकेका यस्ता रूख बुढो भयो भनेर काट्न हुँदैन। बरु विभिन्न प्रविधि प्रयोग गरेर ठाउँ सार्न वा व्यवस्थित गर्न सकिन्छ। रूखबिरुवाले हाम्रो धार्मिक र सामाजिक महत्त्व मात्रै झल्काएका छैनन् इतिहास पनि बोकेका छन्।



● **हरिकृष्ण सैंजू,** वनस्पतिविद्

'वरुण वृक्ष'को विशेषता तथा सुन्दरता नै हाँगा तथा जराको फैलावट हो। यो वृक्षलाई अझ बढी स्याहार गर्नुपर्छ। यो रूख काट्नुहुन्न, भाँच्नुहुन्न भन्ने मान्यता स्थापित छ। स्थानीयले घर बनाउँदा पनि यो वृक्षको हाँगा वा जरामा असर नपर्ने गरी बनाएका छन्, यसको हाँगा वा जरा काट्दा नराम्रो घट्ना भएको जनश्रुति रहेछ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

ललितपुर महानगरपालिकाले इतिहास बोकेका रूखहरूको अध्ययन तथा खोजी गरेको छ। वनस्पतिविद्को टोली खटाएर महानगरभित्र रहेका रूख तथा बोटबिरुवाबारे अध्ययन गरेको हो।

दुईजना वनस्पतिविद् पुष्पमान अमात्य र हरिकृष्ण सैंजूलाई महानगरले २९ वटै वडामा रहेका रूखबिरुवाको अध्ययन गर्ने जिम्मा दिएको थियो। उनीहरूले ६ महिना लगाएर अध्ययन गरी असार ०७९ मा प्रतिवेदन बुझाएका थिए। उक्त प्रतिवेदन र अध्ययनकै आधारमा महानगरले पुराना रूख संरक्षण गर्न थालेको जनाएको छ। रूखको संख्या यकिन र ऐतिहासिक रूखको संरक्षण गर्न अध्ययन गरिएको महानगरका प्रवक्ता राजु महर्जनले बताए। 'महानगरपालिकामा हरियाली तथा शीतलता दिने रूखको संख्या कति छ, कस्ता-कस्ता रूख छन् भनेर जान्न र ती रूखको संरक्षण गर्न अध्ययन गर्न लगाएका थियौं,' प्रवक्ता महर्जनले भने, 'विज्ञहरूको अध्ययनकै आधारमा पुराना र संरक्षण गर्नुपर्ने रूख परिचान भएका छन्।'

■ कस्ता रूख छन् महानगरभित्र ?

वनस्पतिविद्ले मुख्यतः ललितपुर महानगरभित्र ३२ प्रजातिका रूखबिरुवा पहिचान गरेका छन्। उक्त अध्ययन प्रतिवेदनलाई 'च्याम्पियन ट्रिज अफ ललितपुर मेट्रोपोलिट्यान सिटी' पुस्तकका रूप पनि दिइएको छ। पुस्तकमा महानगरपालिकाभित्र रहेका सबैखाले महत्त्वपूर्ण रूखबिरुवाबारे उल्लेख गरिएको छ। अध्ययनपछि वनस्पतिविद्ले बढी महत्त्वपूर्ण रूख संरक्षण गर्न सुझाव दिएका थिए। अध्ययनका क्रममा वरुण वृक्ष, चिउरी, मसला, मोड्की पजल, कोइरालो, तासिङ्वे, वोन सावन, कल्की, राजवृक्ष, खरी, लप्सी, कपुर, वर, स्वामी, रबर प्लान्ट, पीपल, लाँकुरी, काइयो, पुनवाले, चखुल्वा स्वान, ओखर, रूख कमल, आप, चिनियाँ धुपी, सुन चाँप, कनक चाँप, गुन्सी, चिलाउने, भालुकाठ आदि बिरुवा भेटिएको उल्लेख छ। यसमध्ये सबैभन्दा धेरै पीपलका रूख छन्। अध्ययनपछि वनस्पतिविद्ले धेरै रूखको संरक्षण गर्नुपर्ने औंल्याएका थिए।

■ बुढो भयो भन्दैमा रूख नकाट्न सुझाव

वनस्पतिविद् पुष्पमान अमात्य इतिहास बोकेका यस्ता रूख बुढो भयो भनेर काट्न नहुने धारणा राख्छन्। उनका अनुसार रूखबिरुवा लिभिङ हेरिजेट हुन्। लुम्बिनी क्षेत्रको विकासका क्रममा पनि यसअघि सयौं वर्ष काटिएको थियो। चर्को विरोध पनि भयो। पछि वनस्पतिविद् अमात्यको टोली पुगेर रूखका हाँगा टिस्यु कल्चर प्रविधिमार्फत अन्य ठाउँमा रोपेको थियो। अध्ययनका क्रममा ललितपुर महानगरपालिका-१९, कुमारीपाटीनजिकै अग्निशाला क्षेत्रमा एउटा महत्त्वपूर्ण रूख फेला परेको छ। त्यो रूखको नाम 'वरुण वृक्ष' हो। त्यहाँ बडेमानको यो वृक्ष निकै झाँगिएको छ। यसका जरा पलाएर सात-आठ ठाउँबाट बाहिर निस्किएका छन्।

■ पुल्चोकमा भेटियो दुर्लभ भालुकाठ रूख

अध्ययनकै क्रममा पुल्चोकस्थित श्रीमहलपरिसरमा भालुकाठ नामको दुर्लभ रूख फेला परेको छ। यो एउटा सुन्दर आकारको बास्नादार रूख हो भने विशेष गरी नेपालको पूर्वी भेगमा पाइन्छ। यो नेपालकै रैथाने रूख हो। अन्य देशमा यसलाई दुर्लभ प्रजातिको रूख मानिने वनस्पतिविद् अमात्यले जानकारी दिए।

जोखिमयुक्त फोहोर निर्मलीकरणमा महानगर र मनमोहनबीच सहकार्य



काठमाडौं/ काठमाडौं महानगरपालिका र मनमोहन मेमोरियल मेडिकल कलेजबीच स्वास्थ्य संस्थाबाट उत्पादन हुने जोखिमयुक्त फोहोर निर्मलीकरणमा सहकार्य हुने भएको छ। यसका लागि कलेजको जग्गामा एकीकृत प्लान्ट स्थापना गर्ने र आवश्यक उपकरण र साधन महानगरले उपलब्ध गराउने गरी सम्झौता भएको छ। महानगरपालिकाकी उपमेयर एवं अनुगमन समितिकी संयोजक सुनिता डंगोल र कलेज पदाधिकारीसँग बुधबार भएको बैठकले यस्तो सहमति गरेको हो।

'महानगरपालिकाले स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालन गरिरहेको छ। यी केन्द्रहरूबाट उत्पादन हुने हानिकारक फोहोर प्रशोधन गर्न केन्द्रका लागि सहकार्य गर्न थालेका हौं। यसलाई नमुना बनाएर स्वास्थ्य संस्थाकै बीचको सहकार्य एकीकृत प्रशोधन केन्द्र स्थापना गर्न सकिन्छ,' उपमेयर डंगोलले भनिन्, 'अस्पतालबाट उत्पादन हुने सबै फोहोर हानिकारक हुँदैन। स्रोतमा सुरक्षित वर्गीकरण गरेर जोखिमयुक्त फोहोरलाई जोखिममुक्त बनाउन सबै स्वास्थ्य संस्थाले काम गर्नुपर्ने देखिएको छ। अन्य फोहोरलाई पुनः प्रयोग र पुनः चक्रीय प्रयोगमा ल्याउन सकिन्छ। यसमा एउटा एकीकृत अभ्यास गरौं। यसको सफल अभ्यासलाई प्रवर्द्धन गरौं।'

अस्पतालका अध्यक्ष डा. वंशीधर मिश्रले अस्पताल परिसर स्वयम्भूमा आन्तरिक प्रयोजनका लागि प्रशोधन प्लान्ट स्थापना गर्न लागिएको बताए। प्राविधिक रूपमा उपयुक्त भए यही ठाउँमा र नभए अस्पतालको नाममा रहेको अन्य जमिनमा भए पनि सहकार्यबाट एकीकृत केन्द्र बनाउन तयार रहेको बताए। महानगरपालिकाको वातावरण व्यवस्थापन विभागले अहिलेसम्म ५० वटा अस्पतालको फोहोर व्यवस्थापन आचरण तथा अभ्यासको अनुगमन गरिसकेको छ। यसमध्ये मिश्रित फोहोर भएका र निर्मलीकरण अभ्यासमा कमजोरी भेटिएका २० वटा अस्पतालको फोहोर संकलन रोकेको थियो। फोहोर रोकिएकामध्ये पनि १८ वटाको अस्पतालको पुनः अनुगमनसमेत भइसकेको छ। अनुगमनका क्रममा टोली मनमोहन अस्पताल पनि पुगेको थियो। अस्पतालले प्रशोधन प्लान्ट स्थापना गर्ने योजनामा सहकार्यको सम्भावना त्यही क्रममा देखिएको हो।

श्री मुक्तिनाथ बचत तथा ऋण सहकारी संस्था लि.

धुम्बाराही, काठमाडौं, फोन : ०१-४००७५३४, ४००७६१५

धितोमा रहेको अचल सम्पती लिलाम बिक्री सम्बन्धी ७ दिने शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रकाशित मिति : २०८०/१२/१५

यस श्री मुक्तिनाथ बचत तथा ऋण सहकारी संस्थाको तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा बापत संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज र हर्जाना आदि नबुझाई कर्जाको शर्त बन्देज उलङ्घन गर्नु भएकोले ऋण कर्जा लगाएतको लेना रकम तिर्न बुझाउनको लागि पटक-पटक मौखिक/लिखित एवं २०८०/०५/२६ मा ३५ दिने सूचना र २०८०/०८/११ मा १५ दिने सूचना राष्ट्रिय दैनिक नयाँ पत्रीकामा प्रकाशित गरी तथा शिलबन्दी बोलपत्र आव्हान मिति २०८०/११/२०मा संस्थाको सूचना पाटीमा प्रकाशित कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई संस्थाको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित चल/अचल सम्पती जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन तथा नियमावली २०७५ को नियम अनुसार गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपशिलको सम्पति सकार गरि लिन ईच्छुक व्यक्तीले कार्यालयमा उपस्थित भई यो सूचना प्रकाशित मितिले ७ दिन भित्र बोलपत्र बुझाउन सक्नुहुनेछ। उल्लेखित समय अवधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणीलाई अनुरोध गर्दछु। अन्यथा उल्लेखित धितो सम्पति लिलाम बिक्री गर्दा संस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा मेरो सम्पति कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरि लियो भनि कहि कतै उजुर बाजुर गर्न पाउनुहुने छैन। ऋणीलाई यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन अन्यथा धितो लिलाम बिक्री हुने बारेको जानकारी पनि यसै सूचनाद्वारा गराईएको छ।

ऋणीको विवरण	जमानीकर्ताको विवरण
नम : जसमाया बुढामगर ससुरा : भद्रसिह बुढामगर श्रीमान्:खगेन्द्र बुढामगर ठेगाना :रोल्पा जिल्ला गाम गा.वि.स वडा नं ४ हाल काठमाडौं	**नम : खगेन्द्र बुढामगर** बाजे : ढाका बुढामगर बुबा : भद्र सिं. बुढामगर ठेगाना : रोल्पा जिल्ला गाम गा.वि.स वडा नं ४ हाल काठमाडौं

धितो रहेको सम्पतीको विवरण
ऋणीको नामा रहेको काठमाण्डौ जिल्ला साविक साल्खा गा.वि.स.वडा नं ८,८(ख) हाल कित्ता नं ६६ को क्षेत्रफल ३-१-०-० (१५५८.०२ व.मि.) जग्गा

प्रदेश सरकार
खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय
भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय
काभ्रेपलान्चोक, बागमती प्रदेश

सिलबन्दी दरभाउपत्र र बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०८०/१२/१५)

यस कार्यालयबाट सिन्धुली, काभ्रेपलाञ्चोक र नुवाकोट जिल्लाका विभिन्न न.पा./गा.पा.हरूमा डिप ट्युबवेल निर्माण तथा पम्पिंग टेष्ट कार्यका लागि विद्युतीय सिलबन्दी दरभाउपत्र/बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp मार्फत हेर्न सकिनेछ।

.....
(डिभिजन प्रमुख)

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं

बोलपत्र रद्ध गर्ने सम्बन्धि सूचना

सूचना प्रकाशित मितिः २०८०/१२/१५

यस अस्पतालबाट मिति २०८०/११/२२ गते प्रकाशित तपशिलको बोलपत्र यस अस्पतालको मिति २०८०/१२/१४ गतेको निर्णयानुसार रद्ध गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

सि.नं.	बोलपत्र नं.	विवरण	कैफियत
1	STIDH./G/NCB/04-080/81	The Procurement of Supply, Delivery and Installation of Waste Management System	

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१२/१५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साविक एन सी.सी. बैंक लि.) शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

१. ऋणीको विवरण	धितो सुरक्षणको विवरण
प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर, हेटौंडामा मिति २०५६/०५/०१ मा प्रा.फ.र.नं. ११५९२/२०५६/२०५७ कायम भई दर्ता रहेको आन्तरीक राजश्व कार्यालय हेटौंडा मकवानपुरबाट स्थायी लेखा नं. ३००५७९५७८ प्राप्त मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यू राउत इलेक्ट्रोनिक्स। प्रोप्राईटर महेन्द्र राउत**	१. **महेन्द्र राउत**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेका मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ४ स्थित कित्ता नं. १२१८ को क्षे.फ. ०-०-१२-० (वि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत। २. ऋणी **न्यू राउत इलेक्ट्रोनिक्स**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखित वा हाईपोथिकेशन तमसुक।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **महेन्द्र राउत**
ना.प्र.नं.- १८८११
जारी मिति - २०५३/०१/१८, जि.प्र.का. तनहुँ
बाबु - बोम बहादुर राउत
बाजे - मान बहादुर राउत
स्थायी ठेगाना- तनहुँ जिल्ला, ढोर्फर्दि गा.वि.स, वडा नं. ०७
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौंडा उ.म न.पा, वडा नं. ०४

२. **भगवती थापा**
ना.प्र.नं.- २०/३०८
जारी मिति - २०५५/०१/१७, जि.प्र.का. मकवानपुर
बाबु - मोहन बहादुर थापा
बाजे - टेन बहादुर थापा
स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौंडा न.पा, वडा नं. ०४
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा, वडा नं. ०४

२. ऋणीको विवरण	धितो सुरक्षणको विवरण
रामहरी ढकाल ना.प्र.नं.- ३११०१३/७०५४८ जारी मिति - २०६७/०१/०६, जि.प्र.का. मकवानपुर बाबु - एम प्रसाद ढकाल बाजे - एक प्रसाद ढकाल स्थायी ठेगाना- मकवानपुर जिल्ला, हटिया गा.वि.स वडा नं. ०१ हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौंडा उ.म न.पा वडा नं. १६	१. **एम प्रसाद ढकाल**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा उ.प.म.न.पा. वडा नं. १६ (साविक मकवानपुर जिल्ला हटिया गा.वि.स वडा नं. २) स्थित कित्ता नं. ३१९६ र ३१९८ को क्षे.फ. क्रमश ०-३-१०.५-० र ०-५-१६-० (वि.क.धु) जग्गा/घर तथा भविष्यमा उक्त जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो सम्पूर्ण निर्माणकार्य लगायत सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **गीता सुवेदी**
ना.प्र.नं.- ३८१००१/४०३१९
जारी मिति - २०७०/०८/२५,, जि.प्र.का. कपिलवस्तु
बाबु - तिल बहादुर सुवेदी क्षेत्री
बाजे - राम बहादुर सुवेदी
पति- रामहरी ढकाल
स्थायी ठेगाना- कपिलवस्तु जिल्ला, वाणगंगा गा.वि.स वडा नं. १,
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा वडा नं. १६

२. **शान्ति ढकाल**
ना.प्र.नं.- ३९/१९८
जारी मिति - २०५२/१०/२१, जि.प्र.का. मकवानपुर
बाबु - बाबु राम रेग्मी
बाजे - बालाराम रेग्मी
पति - एम प्रसाद ढकाल
स्थायी ठेगाना- मकवानपुर जिल्ला, पालुङ्ग गा.वि.स वडा नं. ५,
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा वडा नं. १६

३. **एम प्रसाद ढकाल**
ना.प्र.नं.- १८१
जारी मिति - २०४४/१०/१८, जि.प्र.का. मकवानपुर
बाबु - एक प्रसाद ढकाल
बाजे - कोसनाथ ढकाल
पत्नी - शान्ती ढकाल
स्थायी ठेगाना- मकवानपुर जिल्ला, पालुङ्ग गा.वि.स वडा नं. ५,
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा वडा नं. १६

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय हेटौंडा, मकवानपुर फोन नं. ०५७-५२४१४३/२४३

नबिल बैंक लिमिटेड, केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार काठमाडौंको गैह्र बैंकिङ सम्पत्ति लिलाम बिक्री सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८०/१२/१५)

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित **गैह्र बैंकिङ सम्पत्ति** जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रमार्फत बिक्रीगरिने हुँदा सो सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाबाट निम्न लिखित शर्तहरुको अधिनमा रही आफूले के कति मूल्य तिरि लिन चाहेको हो सो मूल्य खोली यो सूचना प्रकाशित भएको मितिले **१५ दिनभित्र** यस **बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा शीलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित आव्हान गरिएको छ।

तपसिल

यस बैंकको नाममा दर्ता कायम रहेको गैह्र बैंकिङ सम्पत्तिको विवरण					
क्र.सं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कित्ता नं.	क्षेत्रफल
१.	सुनसरी	हाँसपोसा गा.वि.स.	८क	६७५, ६७२ र ६६३	क्रमशः ०-५-०-०, ०-१६-८.५-० र ०-४-४.५-० विघा
२.	मोरङ	मधुमल्ला गा.वि.स.	९च	१९८१ र १९८२	०-२-०-० र ०-२-०-० विघा
३.	मोरङ	मधुमल्ला गा.वि.स.	९च	२२८१ र २२३१	०-०-४-० र ०-०-१६-० विघा
४.	सिरहा	असनपुर गा.वि.स.	६क	१००८	०-०-१०-० विघा (घर समेत)
५.	सिरहा	असनपुर गा.वि.स.	६क	२५८१ र २५८२	०-०-१०-० र ०-०-१५.७५-० विघा (घर समेत)
६.	सिरहा	असनपुर गा.वि.स.	१ख	१९२४ र १९२१	०-०-७-८ र ०-०-२-८ विघा (घर समेत)
७.	सप्तरी	राजविराज न.पा.	५क	१६८०	०-०-१०-० विघा (घर समेत)
८.	सिरहा	असनपुर गा.वि.स.	१ख	५६८	०-०-१५-० विघा
९.	सिरहा	असनपुर गा.वि.स.	१ख	१४६३ र १४६२	०-०-११-० र ०-०-११-० विघा
१०.	सिरहा	असनपुर गा.वि.स.	१ख	१४६६	०-४-१०-० विघा

शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम नबिल बैंक लिमिटेडको **कर्जा असुलीविभाग, बिजुलीबजार, काठमाडौं**बाट कार्यालय समय भित्र खरिद/प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात **मिति २०८०/१२/२९ गते बिहिबार** ५:०० बजे (बैंकिङ्ग समय) भित्र यस बैंकको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा यस बैंकको कुनै पनि शाखा कार्यलयमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्तबोलपत्रहरु मिति **मिति २०८०/१२/३० गते शुक्रबार** दिनको १:०० बजे बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिति नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्तदिनको ५:०० बजे (बैंकिङ्ग समय) भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन दिउसो ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। एक भन्दा बढी सम्पत्तिबिक्रीको हकमा बोलपत्र पेश गर्दा कुनकुन सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस बैंकको जुन सुकै शाखामा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/गुड फर पेमेन्ट चेक/ मेनेजर/बैंकर्स चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदातालाई बैंकको सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नु पर्नेछ। साथै, उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफतगर्न सक्नेछ।
८. सम्पत्तिका स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति/फर्म/कम्पनी/संस्था स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धीकार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. इच्छुक व्यक्ति/फर्म/संस्थाले बैंकको कर्जा असुली विभागमा सम्पर्क गरी बोलपत्र फारम लिन सक्नुहुनेछ।
१२. लिलालबिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा यस बैंकको कुनै पनि शाखा कार्यलयमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

संसदीय समितिमा गृहमन्त्रीको प्रस्टीकरण

छानबिन नसकिन्जेल पद छाड्न कांग्रेसको माग, अधिकार क्षेत्रबाहिर गएर छलफल चलाएको भन्दै एमालेको असन्तुष्टि

कमलराज भट्ट/नयाँ पत्रिका

उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले सहकारी ठगी प्रकरणमा आफ्नो संलग्नताबारे उठेको प्रश्नमा संसदीय समितिमा जवाफ दिएका छन् । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा बुधबार उपस्थित भएका गृहमन्त्री लामिछानेले आफ्नो कुनै संलग्नता नरहेको र विषयको वास्तविकता बुझ्नेर उठान गर्न सांसदहरूलाई आग्रह गरे । बैठकमा कांग्रेसका दिलेन्द्र बडूले सहकारी ठगीमा गृहमन्त्रीको नाम रहेको भन्दै निष्पक्ष तथा विश्वसनीय छानबिनका लागि आफूलाई जिम्मेवारीबाट बाहिर राख्न लामिछानेलाई आग्रह गरेका थिए । जवाफमा लामिछानेले आफ्नो नामबाहेक अरू केही नभएको दाबी गरे ।

'जहाँ मेरो नाम छ भनिएको छ, त्यहाँ नामबाहेक केही छैन । न हस्ताक्षर, न ल्याप्चे, न मैले कुनै निवेदन दिएको छु, न मेरो सामान्य केवाइसी भरिएको छ, न मैले कुनै पत्र पाएको छु, न कुनै अनुसन्धान भएको भन्ने थाहा छ,' उनले भने, 'मैले सुनेअनुसार त्यो मुद्दा अदालतमा दर्ता पनि भइसकेको छ, म प्रतिवादी छैन, भएका प्रतिवादीको बयानमा पनि मेरो नाम उल्लेख भएको जानकारी छैन ।'

एउटा जाहेरी परेको र सूचनाका रूपमा प्रहरीले ग्रहण गरेकोबाहेक कुनै कुरा नभएको भन्दै लामिछानेले यो विषय कांग्रेस सरकारमै भएको समयको भएकाले आफूले प्रभावित पार्ने कुरै नभएको स्पष्ट पारे । यति भनिसक्दा समिति सभापति रामहरि खतिवडाले यो छलफलको विषय नभएको भनेर हस्तक्षेप गरेका थिए । जवाफमा लामिछानेले प्रश्न उठेकाले स्पष्ट पारेको भन्दै यस विषयमा आवश्यक परे प्रहरीले अनुसन्धान गर्ने र मन्त्रीले अनुसन्धान प्रभावित पार्ने र निर्देशन दिने कुरा नभएको जिकिर गरे ।

मन्त्री लामिछानेले कतिपय विषय विभिन्न कोणबाट प्रभावित भएर आउने भन्दै त्यसलाई पहिचान गर्न सक्ने संयन्त्र बनाउनैपर्नेमा जोड दिए । व्यक्तिले सामाजिक सञ्जालमा लेखेको र सञ्चारमाध्यमले लेखेकै आधारमा राजनीतिक प्रतिस्पर्धाको नाममा तथ्य जाँच नगरी सदन र संसदीय समितिमा मुद्दा बनाउन नहुने उनको भनाइ थियो ।

गृहसचिव एकनारायण अर्यालले मिटरब्याज, लद्युवित्त, सहकारीको विषय गृह मन्त्रालयभित्र नपर्ने स्मरण गराए । 'यसको कारणले शान्ति सुरक्षामा पर्ने असर हाम्रो मन्त्रालयभित्र पर्ने हो । यसमा क्लियर हुनुपर्छ,' उनले भने ।

प्रहरी प्रमुख वसन्त कुँवरले गृहमन्त्री लामिछानेविरुद्ध ठाडो उजुरी आएको, तर कुनै पनि कानुनी रूपमा तथ्यपरक नभेटिएको र कानुनको दायरामा पर्ने अवस्था नभएको बताए । 'अहिले जुन सांकेतिक रूपमा आएको छ, रवि लामिछाने भन्ने, त्यो विषयमा अहिलेसम्मको तथ्य, प्रमाण र कुनै पनि आधार देखिँदैन,' उनले भने । उनले सूर्यदर्शन सहकारी ठगी प्रकरणमा पाँचजना पुर्पक्षका लागि थुनामा रहेको र १५ जना फरार रहेको बताए । त्यसमध्ये जिबी राई मुख्य जड रहेको भन्दै कुँवरले संवेदनशील रूपमा लिएर डिफ्युजन र रेड कर्नर नोटिस जारी गरेको बताए । 'जिबी राई मलेसियामा छन्, तर सुपुर्दगी सन्धि छैन,' उनले भने, 'त्यो नभए पनि मलेसियन सरकारले सुपर्दगीका लागि

गृहमन्त्री लामिछाने भन्छन्–



जहाँ मेरो नाम छ भनिएको छ, त्यहाँ नामबाहेक केही छैन । न हस्ताक्षर, न ल्याप्चे, न मैले कुनै निवेदन दिएको छु, न मेरो सामान्य केवाइसी भरिएको छ, न मैले कुनै पत्र पाएको छु, न कुनै अनुसन्धान भएको भन्ने थाहा छ । मैले सुनेअनुसार त्यो मुद्दा अदालतमा दर्ता पनि भइसकेको छ, म प्रतिवादी छैन, भएका प्रतिवादीको बयानमा पनि मेरो नाम उल्लेख भएको जानकारी छैन ।



सिंहदरबारमा बिहीबार बसेको राज्य व्यवस्था तथा सुशासन समितिको बैठक ।

अनुरोध गरेर ड्राफ्ट पठाऊ भन्यो । हामीले अनौपचारिक रूपमा परराष्ट्रमार्फत पठायौं । त्यो अहिले इन्टेरियर मिनिस्ट्रीमा गएर बसेको छ ।' यति हुँदाहुँदै पनि जिबी राई फर्किन बाध्य नभएको र बाध्य हुन नसक्ने आइजिपी कुँवरको भनाइ थियो ।

■ विनोद चौधरी प्रकरण : बयानमा समय लाग्ने भएकाले संसद्लाई जानकारी

बैठकमा गृहमन्त्री लामिछानेले बाँसबारी सरकारी जग्गा अतिक्रमणको विषयमा समितिलाई स्पष्ट पारे । सांसद विनोद चौधरीको बयानमा समय लाग्न सक्ने स्थितिलाई हेरेर सिआइबीले संसद्लाई जानकारी गराएको उनले बताए । 'बयानमा कति समय लाग्छ भनेर पूर्वानुमान गर्न नसकिने भएको हुनाले एकै घण्टा, एकैछिन पनि व्यक्तिको स्वतन्त्रता हनन भइसकेपछि र त्यो सांसद भइसकेपछि त्यसको जानकारी सदनलाई गराउनुपर्छ भन्ने मान्यतामा टेकेर गरिएकाले त्यसलाई अन्य अर्थमा लिनुहुँदैन,' उनले भने । पहिला थुन्ने र पछि सुन्ने प्रवृत्ति अन्त्य गरेर पहिले नै अनुसन्धान भइरहेको जानकारी गराएको उनको भनाइ थियो । 'यसअगाडि पहिला थुन्ने, पछि सुन्ने गुनासो सुनिएको थियो, सांसद विनोद चौधरीको केसमा त्यस्तो देखिएन । पहिला स्पष्ट रूपमा सुनेर विधिको शासन फलो गरेर अगाडि बढ्ने हाम्रो नीति हो,' उनले भने, 'मेरो कार्यकालमा त्यस्तो राजनीतिक पूर्वाग्रहको गुञ्जायस हुनेछैन ।'

गृहसचिव अर्यालले बाँसबारी जुत्ता कारखानाको १० रोपनी जग्गा मालपोत ऐनअनुसार सरकारको नाममा आइसकेको बताए । आइजिपी वसन्त कुँवरले अतिरिक्त सचेतना अपनाएर संसद्लाई जानकारी गराएको बताए । 'एक दिनमा बयान सकिन्छ भने पत्राउ पुर्जी जारी नगर्रौं, सरकारी वकिलको कार्यालयमै राखेर रोहवरमा बयान गर्रौं भन्ने भयो,' उनले भने, 'बयान गर्दा उहाँको केही समय व्यक्तिगत स्वतन्त्रता हनन भयो । त्यो कारणले हामी अतिरिक्त सचेत र संवेदनशील बनेर संसद्लाई अनुसन्धानको जानकारी गराएका हौं । पत्राउ भएको अवस्थामा पनि जानकारी गराउने मात्र हो ।' किर्ते अहिले पनि अनुसन्धान जारी रहेको र एक वर्ष अनुसन्धान गर्न पाइने उनले जानकारी गराए ।

■ महरालाई दबाबमा नछाडेको जिकिर

गृहमन्त्री लामिछानेले पूर्वसभामुख कृष्णबहादुर महरालाई हाजिरी जमानीमा छोडिएको स्पष्ट पारे । 'छोड्नुपर्ने कोही पनि मान्छे छैन, कुनै कारण छैन । विनाकारण कसैलाई फेबर गरेर छोडिदिनुपऱ्यो भने म आफैं छोड्न तयार छु,' उनले भने । सांसद बुद्धिमान तामाङले नियतवश मान्छे समात्ने र फेरि छोडिदिने गर्दा व्यक्तिको इजजत-प्रतिष्ठा के हुन्छ भन्दै महरा फरार नै हुन लागेको जसरी नियन्त्रणमा लिएको विषय सोधेका थिए ।

आइजिपी कुँवरले सुन तस्करी प्रकरणमा महरा सुरुदेखि नै अनुसन्धानको दायरामा रहेको र जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्न कानुनी दायरामा ल्याउनुपर्ने निष्कर्ष निकालेर अगाडि बढेको उल्लेख गरे । महराको स्वास्थ्य अवस्था तथा अन्य कारणले लचिलो भएको, तर सहयोग नगर्ने आभास भएपछि गिरफ्तार गरिएको बताए । 'हामीलाई सहयोग नगर्ने हो कि भन्ने आभास भयो । यदि सहयोग गर्ने अवस्था भएन भने हामीलाई समस्या आउँछ भन्ने हिसाबले नियन्त्रणमा लिएर ल्यायौं । त्यतिवेला उहाँले पिएसओ र गाडी छोडेर हिँड्नुभएको छ । यतिसम्मको संकेत मिलिसकेपछि अनुमान गर्न सकिन्छ, त्यसरी ल्यायौं,' उनले भने । महरासम्बन्धी धेरै अनुसन्धान पहिले भइसकेको र आयोगले औंल्याएको विषय स्पष्ट गरेर स्वास्थ्य अवस्था हेरी तारेखमा छोडिएको बताए । 'यसमा कुनै दबाब प्रभाव भन्ने छैन,' कुँवरले भने ।

गृहमन्त्री लामिछानेले सुन तस्करी प्रतिवेदनमा संदिग्ध रहेको जीवन चलाउनेको विषय अत्यन्त गम्भीर रहेको बताए । 'प्रतिवेदनका धेरै कुरा अनुसन्धानको विषय भएकाले जिम्मेवार पदमा बसेर भन्न मिल्दैन । राज्यका कैयौं सूचना दिएको छ । सार्वजनिकीकरणमा कुनै आपत्ति छैन, तर राज्यका विभिन्न निकायका केही ग्याप त्यहाँ देखिएको, त्यसको लाभ तस्करले नलिऊन् भन्ने कुरामा सचेत भएका हौं,' उनले भने ।

गृहमन्त्री लामिछानेले तस्करविरुद्ध गृह प्रशासनले विशेष अप्रेसन चलाउने तयारी गरेको बताए । एमालेका पृथ्वीसुब्बा गुरुङले तपाईंले गृह प्रशासन सम्हालेपछि राजस्व चुहावटमा के सुधार भयो, भन्सारको सेटिङ भत्काउन के गरियो भनेर सोधेका थिए । जवाफमा लामिछानेले एक्सन प्लानअनुसार पछिल्लो दुई हप्तामा ६ प्रतिशतले राजस्वमा वृद्धि र सुधार भएको बताए । 'तर, यो पर्याप्त होइन, राजस्व संकलनमा चोरी, निकासी र ठगीलाई नियन्त्रण गर्न विशेष अप्रेसन नै चल्छ, जेठ पहिलो हप्ताबाट नम्बरमा परिणाम आउँछ,' उनले भने । गृहसचिव अर्यालले भिजिट भिसामा दलाल र बिचौलियालाई पर्दापछाडि राजनीतिक संरक्षण रहेको बताए । 'यसलाई निरुत्साहित गर्न श्रम र गृहमन्त्रीसँग कुरा भइसकेको छ, हिट गर्न एउटा रणनीति बनाउँदै छौं । तस्करीविरुद्ध दुबईमा एउटा संरचना बनाउनुपर्ने जरुरी छ,' उनले भने ।

गृहमन्त्री लामिछानेले दुर्गा प्रसाईंको बडीगार्डलाई बोकेको हतियार गैरकानुनी भएको बताए । 'कानुनले दिएभन्दा बढी अधिकार प्रदान गरिएको देखिएको छ । छानबिन सुरु गरिसकेका छौं । हतियारको मालिक एउटा, चलाउने अधिकार प्राप्त एउटा, तर चलाउने अधिकार नभएको व्यक्तिको हातमा रहेको अवस्थामा समातिएको हो,' लामिछानेले भने । देशभरबाट यस्ता किसिमका हतियारको विवरण मगाइएको उनले जानकारी गराए । गृहसचिव अर्यालले उक्त हतियारको प्रयोग संवेदनशील भएको र गृह मन्त्रालय गम्भीर रहेको बताए ।

■ गुप्तचरमातहत ल्याउन पहल

खुला सीमा भएकाले प्रतिजासुसी संयन्त्रको अभ्यास जरुरी रहेको भन्दै गृहमन्त्री लामिछानेले राष्ट्रिय अनुसन्धान विभाग गृहबाट प्रधानमन्त्री कार्यालयमातहत लैजाँदा गुप्तचर कार्यमा प्रभाव पारेको बताए । 'गुप्तचर निकायको विषयमा प्रधानमन्त्रीसँग छलफल चलाएको छु,' उनले भने । दुवै देशका तर्फबाट नौवटा संरचना दशगजामा भएको जानकारी भारतीय राजदूतसँगको छलफलमा पाएको भन्दै मन्त्री लामिछानेले अनावश्यक संरचना हटाउन तदारुकताका साथ लाग्ने बताए ।

सभापतिविरुद्ध एमाले सांसद आक्रामक

समिति बैठकमा एमाले सांसदहरूले अधिकार क्षेत्रभित्र नपर्ने सहकारी विषयमा छलफल चलाएको भन्दै सभापति रामहरि खतिवडाको आलोचना गरेका थिए । गृह मन्त्रालयसँग समसामयिक विषयमा छलफल भनेर राखिएको बैठकमा कांग्रेसका दिलेन्द्र बडूले सहकारी ठगी प्रकरणमा गृहमन्त्रीलाई जोडेर राजीनामा दिन सुझाएका थिए । एमालेका कृष्णगोपाल श्रेष्ठले विषय बाहिर जाँदा सभापतिले सदस्यको ध्यानाकर्षण गराउनुपर्ने भन्दै बडूले बोलेको कुरामा प्रतिवाद गरे । पूर्वीतिर हेरेर पश्चिम हान्ने कुराले समितिको इज्जत र गरिमा नरहने उनको भनाइ थियो । 'एजेन्डाबारे गम्भीरतापूर्वक छलफल होस्, गह्रुँगो एजेन्डा होस्, एजेन्डा हेरेर आऊ-आऊ भन्ने होस्,' उनले भने । श्रेष्ठले समितिको कार्यक्षेत्रबाहिर नजान र पूर्व हेरेर पश्चिम हान्ने काम नगर्न अनुरोध गरे । यसमा सुधार नगरे सहज नहुने चेतावनी उनले दिए । उनले सभापतिको गोजीबाट निर्णय गर्ने गरिएकोमा असन्तुष्टि जनाउँदै अब छलफल गराएर आवश्यक परे मात्रै निर्णय गराउनुपर्ने ध्यानाकर्षण गराए ।

एमालेकै पृथ्वीसुब्बा गुरुङले बैठक बोलाउने शैलीप्रति आपत्ति जनाउँदै आफ्नो कार्यक्षेत्रबाहिर गएर छलफल चलाउन नपाइने जिकिर गरे । 'जतातै पसेर, जे मन लाग्यो त्यो भन्न पाउने हो र ? मन लाग्यो भन्दै सबै गर्ने ठाउँ होइन । जस्तो सहकारीसँग जोडिएको विषय छ भने सहकारी मन्त्रालयअन्तर्गतको समितिमा छलफल हुनुपऱ्यो, यहाँ होइन । आफ्नो अधिकार क्षेत्रभन्दा बाहिरको मन्त्रालयको छलफल गराउने अधिकार छैन । आफ्नो रिस कहाँ छ, त्यही रिस पोख्ने थलो होइन,' उनले भने । यसमा सभापति खतिवडाले प्रतिवाद गर्दै अहिले सहकारी गृह मन्त्रालयसँग नै सम्बन्धित छ भनेका थिए । गुरुङले सहकारी र लद्युवित्त गृह मन्त्रालयअन्तर्गतको नभएको दोहोऱ्याए । खतिवडाले गृह मन्त्रालयसँग सम्बन्धित भनेको उल्लेख गर्दा गुरुङले विषय तोकेर आउनुपर्नेमा जोड दिए । गुरुङ र खतिवडाबीच केही समय वादविवाद नै चलेको थियो ।

संक्षेप

जिप दुर्घटनामा दुईको मृत्यु, चार घाइते

मुगु/ गमगढीदेखि सोरु गाउँपालिका केन्द्र सोरुकोटतर्फ जाँदै गरेको बोलेरो जिप कच्यागाउँनजिकै दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ । चारजना घाइते भएका छन् । बुधबार अपराह्न ४ बजेतिर कर्णाली प्रदेश ०२-००१ ज ००५९ नम्बरको बोलेरो जिप सोरु गाउँपालिका-६ कच्चेगाउँनजिकै चारमोड भन्ने स्थानमा दुर्घटना हुँदा जिपमा सवार रहेका चालकसहित दुईजनाको घटनास्थलमै मृत्यु भएको हो । दुर्घटना भएको जिप सडकभन्दा अन्दाजी सय मिटर तल खसेको थियो ।

जिल्ला प्रहरी कार्यालय मुगुका प्रमुख प्रहरी नायब उपरीक्षक वीरेन्द्र थापाका अनुसार मृत्यु हुनेमा चालक कविराज नेपाली र नाम पहिचान नभएकी महिला छिन् । घाइते हुनेमा मन्जने नेपाली, सर्जन नेपाली, हिरासिंह नेपाली र प्रेम नेपाली छन् । जसमध्ये मन्जने नेपालीको अवस्था चिन्ताजनक छ ।

घाँस काट्न जाँदा भिरबाट लडेर युवतीको मृत्यु

दाङ/ घाँस काट्न गएको समयमा भिरबाट लडेर युवतीको मृत्यु भएको छ । मृत्यु हुनेमा बबई गाउँपालिका- ७ मलैका रोबरबहादुर घर्तीकी १८ वर्षीया छोरी करिश्मा छिन् । बुधबार बिहान साढे ८ बजेको समयमा स्यानी खोला जंगलमा साथीहरूसँग घाँस काट्न गएको समयमा घर फर्किने क्रममा उनी अचानक भिरबाट लडेर मृत्यु भएको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी नायब उपरीक्षक नवचन्द्र मल्ले बताए । उनको शव पोस्टमार्टम गरी परिवारको जिम्मा लगाइएको छ ।

चोरीमा संग्लन तीनजना पक्राउ

रामेछाप/ दोरम्बा शैलुङ गाउँपालिका- ४ पासेवनका हर्कबहादुर नगरकोटीको घरमा चोरी भएको छ । मंगलबार मध्यराति चोरीमा संलग्न समूह घरको मूलढोका फोडेर भित्र पसी हर्कबहादुर र उनकी श्रीमती लक्ष्मीलाई कुटपिट गरी १५ हजार रुपैयाँ र दुई तोला सुन लुटपाट गरी फरार भएको थियो । कुटपिटबाट नगरकोटीदम्पती घाइते भएका छन् ।

चोरको समूहले कुटपिटपछि घाइते बनेका नगरकोटीले गाउँमा हारगुहार मागेका थिए । खोजतलास गर्दा नभेटेपछि राति नै स्थानीयले इलाका प्रहरी कार्यालय टोकरपुरमा घटनाको विषयमा जानकारी गराएका थिए । स्थानीयले दिएको उजुरीका आधारमा प्रहरीले चोरीमा संलग्न तीनजनालाई दोलखाको मैनापोखरीबाट पक्राउ गरी रामेछाप ल्याउँदै गरेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रवक्ता रञ्जन गिरीले जानकारी दिए ।

भन्सार अधिकृत केसीलाई गैरकानुनी सम्पत्ति आर्जनमा सफाइ

काठमाडौं/ रसुवा भन्सार कार्यालयका अधिकृत दानबहादुर केसीले गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा सफाइ पाएका छन् । बुधबार विशेष अदालतले गत वर्षको एक मुद्दामा फैसला गर्दै केसी र उनकी श्रीमतीलाई समेत सफाइ दिएको हो । विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई र रितेन्द्र थापाको इजलासबाट यस्तो फैसला भएको हो ।

केसी ०४३ साउनदेखि सरकारी सेवामा प्रवेश गरेका थिए । ०७८ असारसम्मको उनको आय, लगानी, खर्च र सम्पत्तिका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरेको थियो । केसीको वैध आय तीन करोड ५१ लाख रुपैयाँभन्दा बढी देखिएको थियो भने पाँच करोड ६१ लाख रुपैयाँभन्दा बढी उनको सम्पत्ति रहेको अनुसन्धानले देखाएको थियो । आयभन्दा बढी देखिएको दुई करोड १० लाख रुपैयाँलाई बिगो मान्दै मुद्दा दायर भएकोमा उनले सफाइ पाएका हुन् ।

केसीले गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति श्रीमती सुशीला पण्डितका नाममा राखेको भन्दै उनलाई समेत प्रतिवादी बनाइएको थियो । उनले पनि सफाइ पाएकी छिन् । उनीहरूले गैरकानुनी स्रोतबाट आर्जन गरेको सम्पत्ति बिगो दाबी गर्दै ४ फागुन ०७९ मा मुद्दा दायर भएकोमा विशेषले दुवैलाई सफाइ दिएको हो ।

सांसद खड्कालाई जग्गा भाडामा लगाएकोबारे मन्त्रालयले स्काउटसँग माग्यो ६ प्रश्नको जवाफ

नयाँ पत्रिका

सरकारी जग्गा भाडामा लगाउँदा अनियमितता भएको सम्बन्धमा युवा तथा खेलकुद मन्त्रालयले नेपाल स्काउटसँग जवाफ माग गरेको छ । बुधबार स्काउटका नाममा पत्र लेख्दै मन्त्रालयले विभिन्न ६ प्रश्नको जवाफ खोजेको छ । मन्त्रालयले मन्त्रीस्तरीय निर्णय गर्दै विभिन्न प्रश्नको जवाफ स्काउटसँग मागेको हो । कांग्रेस सांसद दीपक खड्काले स्काउटको जग्गा भाडामा लिएर प्रयोग गर्दै आएका छन् । जग्गा भाडामा लगाउँदा र उठाउनुपर्ने बक्यौता नउठाएको भन्दै मन्त्रालयले जवाफ मागेको हो ।

स्काउट र खड्का ल्यान्ड डेभलपमेन्ट प्रालिबीच जग्गा भाडामा लिने-दिनेसम्बन्धी पहिलो सम्झौता र सम्झौताबमोजिम स्काउटले पहिलोपटक भाडाबापत प्राप्त गरेको रकम र त्यसको मितिसहित उल्लेख गरेर मन्त्रालयले जवाफ मागेको छ । खड्का ल्यान्ड सांसद खड्काको स्वामित्वको कम्पनी हो । व्यावसायिक भवन र जग्गा भाडामा दिने सम्बन्धमा एउटै वा अलग-अलग सम्झौता भएको हो भने त्यसलाई स्पष्ट पार्न पनि मन्त्रालयले भनेको छ ।

२८ मंसिर ०७५ मा मन्त्रीस्तरीय निर्णयअनुसार 'सम्झौता नगरी अनधिकृत व्यक्ति वा संस्थालाई आफ्नो स्वामित्वमा रहेको जग्गा कब्जा गरी स्थायी संरचना निर्माण गरी सक्दासमेत कारबाही नगर्ने नेपाल स्काउटका जिम्मेवार पदाधिकारीलाई प्रचलित कानुनबमोजिम कारबाही गर्न' पत्र लेखिएकोमा त्यस सम्बन्धमा हालसम्म भएको कारबाहीको अवस्थाबारे पनि मन्त्रालयले स्काउटसँग जवाफ खोजेको छ । स्काउटले व्यावसायिक भवन भाडामा लगाउँदा त्यसबापत भाडा रकम नियमित रूपमा प्राप्त भए/नभएकोबारे पनि मन्त्रालयले स्काउटलाई सोधेको छ । जग्गा भाडा दिएको सम्बन्धमा उच्च अदालत पाटनबाट १३ असार ०७९ मा भएको गरेको फैसला कार्यान्वयन सम्बन्धमा हालसम्म स्काउटबाट भएका कामकारबाहीको पहल र प्रगति विवरण पनि मन्त्रालयले खोजेको छ । पूर्वराज्यमन्त्रीसमेत रहेका खड्काले लैनचौरस्थित स्काउटको तीन रोपनी जग्गा भाडामा लिएर सत्ता र शक्तिको बलमा १२ रोपनीमा कब्जा जमाएका छन् । त्यहाँ उनले ब्यांक्वेट, रेस्टुराँ र वर्कसपसहितका व्यवसाय चलाएका छन् । राजनीतिक प्रभावमा स्काउटकै ४८ वटा सटर भएको व्यावसायिक भवनसमेत १८ वर्षदेखि सस्तोमा लिएर महँगो भाडामा लगाएका छन् । जग्गा र भवनको बक्यौता पनि नियमित बुझाएका छैनन् ।

सल्यानमा पहिलोपटक क्याम्पसमा महिला प्रमुख

सल्यान/ पहिलोपटक सल्यानको एक क्याम्पसले महिला प्रमुख पाएको छ । वनगाड कुपिन्डे नगरपालिका- ६ सुनौली बजारमा रहेको बनगाड क्याम्पस प्रमुखमा देवकी मल्ल नियुक्त भएकी छिन् । ०६६ मा स्थापना भएको क्याम्पसले ०६९ मा त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरेको थियो ।

सल्यानका सात क्याम्पसमध्ये वनगाड क्याम्पसले पहिलोपटक महिलालाई प्रमुखका रूपमा जिम्मेवारी दिएको छ । क्याम्पसको सुधारका लागि काम गर्ने र त्यसका लागि सबैको सहयोगको अपेक्षा गरेको मल्लले बताइन् । महिलाले पनि जिम्मेवारी निर्वाह गर्न सक्छन् भन्ने चेतना जगाउने आफू लागिपर्ने उनले बताइन् । 'समाजमा महिलालाई अझै पनि सकारात्मक ढंगले हेर्ने गरेको पाइँदैन । महिलाले अवसर पाएमा काम गर्न सक्छन् र समाजको पनि नेतृत्व गर्न सक्छन् भन्ने उदाहरण बन्ने प्रयास गर्नेछु,' उनले भनिन् । नगर उपप्रमुख पुरुषोत्तम आचार्यले क्याम्पस प्रमुख मल्ललाई कार्यकाल सफलताको शुभकामना दिँदै यसलाई अवसरका रूपमा लिएर क्याम्पस विकासका लागि अगाडि बढ्न आग्रह गरे ।

खुट्टाले लेखेर एसइई दिँदै ऋषिराम

भन्छन्- जन्मलाई पछुतो मानेर होइन, अवसर सम्झेर पढिरहेको छु

गुल्मीमा **टोपलाल अर्याल**

देशभर बिहीबारबाट एसइई सञ्चालन हुँदै छ । गुल्मीमा पनि चार हजार ९७ जनाले एसइई दिँदै छन् । तीमध्येका एक हुन्- छत्रकोट- ४ का १९ वर्षीय ऋषिराम कँडेल । उनले खुट्टाले लेखेरै एसइई दिँदै छन् ।

शृंगा जनता माविमा अध्ययनरत कँडेलले रुरु क्षेत्र गाउँपालिको जनबोध मावि परीक्षा केन्द्रबाट परीक्षा दिन लागेका हुन् । उनलाई छुट्टै कोठामा कार्पेट र कुसनमा बसेर परीक्षा दिने व्यवस्था मिलाइएको परीक्षा केन्द्रका केन्द्राध्यक्ष वामदेव ज्ञवालीले जानकारी दिए । कँडेलले आवश्यकताका आधारमा डेढ घण्टासम्म थप समय पाउने उनको भनाइ छ ।

ऋषिराम जन्मजात अपांगता भएका व्यक्ति हुन् । दाहिने खुट्टाको दुई औंलाबाहेक अरू चल्दैनन् । तर, त्यही दुई औंलाले आफ्नो भविष्य कोर्दै छन् । ऋषिराम परीक्षामा सहभागी हुने कुराले उत्साहित छन् । परीक्षाको तयारी पनि राम्रो गरेको उनले बताए । 'परीक्षाले उत्साहित छु । सकेको मिहिनेत पनि गरेको छु,' उनले भने, '३.२ अंकको आशा छ ।' उनी घरबाटै केन्द्रमा पुगेर परीक्षा दिने योजनामा छन् । घरबाट केन्द्रसम्म पुग्न करिब ३० मिनेट लाग्छ । बुबा लक्ष्मण कँडेलले ऋषिरामलाई मोटरसाइकलमा आउ-जाउ गराउने बताए । बाबु-छोराले नै शारीरिक अवस्थाका कारण नजिकै केन्द्र नहुँदा स्वाभाविक सास्ती हुने गुनासो गरे ।

समाजमा कैयौं अपांगता भएका व्यक्ति छन् । तर, उनीहरूले कोठा र बिस्तारामात्र आफूलाई बाहिर ल्याउन सकिरहेका छैनन् । ऋषिरामका हातखुट्टा कमजोर छन् । तर, बौद्धिक क्षमता सबलको भन्दा अब्बल छ । दुई औंलाले लेख्छन्, तस्बिर कोर्छन्, मोबाइल तथा ल्यापटप चलाउँछन् । त्यसैले शृंगा जनता माविका उत्कृष्टमध्येका विद्यार्थी हुन् कँडेल । उनी सपांगता भएका व्यक्तिका



> जन्मलाई पछुतो मानेर होइन, अवसरका रूपमा पढिरहेको छु । परिवार र समाजबाट कहिल्यै हीनताबोध भएन । परीक्षाले उत्साहित छु । सकेको मिहिनेत पनि गरेको छु । ३.२ अंकको आशा छ ।

मार्गदर्शक पनि हुन् । उनी सबै विधा र क्रियाकलापमा उत्कृष्ट छन् । उनले कक्षा ४ सम्म घरनजिकैको शारदा माविमा पढे । त्यसपछि शृंगा जनता माविमा पढ्दै आएका थिए । ऋषिराम 'क' वर्गको अपांगता भएका व्यक्ति हुन् । अरूको सहाराविना केही गर्न सक्दैनन् । तर, घरपरिवार, समुदाय र विद्यालयसम्म आफूलाई कहिल्यै फरक र कमजोर अनुभूति गरेनन् । बुबा लक्ष्मणले ऋषिरामलाई बिहान ठीक १० बजे स्कुल पुऱ्याउँथे । गेटमै आएका साथीहरूले उचालेर कक्षाकोठामा पुऱ्याएर सहयोग गर्थे । साँझ ठीक ४ बजे बुबा स्कुलको गेटमा पुग्थे । सबैको माया, सद्भाव र सहयोग पाएकाले कहिल्यै कमजोर महसुस नगरिएको ऋषिरामले बताए । 'जन्मलाई पछुतो मानेर होइन, अवसरका रूपमा पढिरहेको छु,' उनले भने, 'परिवार र समाजबाट कहिल्यै हीनताबोध भएन ।' खुट्टाले कलम छोप्न थालेको ऋषिरामलाई सम्झना छैन । बच्चामा हात उठ्दैनथे । खुट्टाका औंलाले पहिले समाउन खोज्थे । परिवारले सिसाकलम र पेन दिन थाले । बिस्तारै अभ्यास हुँदै गएपछि उले सबै काम खुट्टाले गर्न थाले ।

कँडेलदम्पती भन्छन्- न अरू सन्तान सोच्यौं, न फरक दृष्टिकोण राख्यौं

ऋषिराम कँडेल परिवारको एक्लो सन्तान हुन् । पहिलो सन्तान नै पूर्ण अपांगता जन्मिएपछि कँडेलदम्पतीले पाँच वर्षसम्म छोराको उपचारमै दौडधुप गरे, तर अवस्थामा सुधार आएन । त्यसपछि निरन्तर स्याहारसुसार र अध्ययनमा नै परिवारको ध्यान गयो । छोराको अपांगतासँग परिवारलाई कुनै पछुतो छैन । छोराले पनि अहिलेसम्म कुनै कुरामा ग्लानि गर्नुपरेको छैन । शिक्षादीक्षासँगै पूर्ण अपांगता छोरालाई १९ वर्षको बनाउन परिवारले कम चुनौती झेलेको छैन । तर, कहिल्यै छोराको चित्त दुखाउने र स्कुल छुटाउने काम नगरेको बुबा लक्ष्मणले सुनाए । उनले आफ्नो लक्ष्य र सपना नै छोराले पढ्न सकेको पढाउने रहेको बताए । 'हामीले न अरू सन्तान सोच्यौं, न फरक दृष्टिकोण राख्यौं । श्रीमान्-श्रीमती नै उसको सेवामा रातदिन लागेका छौं,' लक्ष्मणले भने, 'यो नजन्मिएको भए बन्द कोठाभित्रै हुन्थ्यो ।' लक्ष्मणदम्पतीले गाउँमा कृषि कर्म गर्दै आएका छन् । उनले अहिलेसम्म राज्यका सबै निकायबाट सहयोग पाएकाले कुनै गुनासो नभएको प्रतिक्रिया दिए । ऋषिराम कँडेल सबै विधामा विद्यालयमै सबैभन्दा उत्कृष्ट प्रतिभा भएको शृंगा जनता माविका प्रध्यानाध्यापक विकासचन्द्र खरेलले बताए । पढाइ, लेखाइ, चित्रकला, गीत, अभिनयलगायत विधामा ऋषिरामले सबैलाई उछिन्दै आएको खरेलको भनाइ छ । कँडेल परिवार र ऋषिराम उदाहरणीय पात्र भएको सबै अपांगता भएका परिवारले सिक्नुपर्ने बताए । 'चेतना र घरपरिवारको सहयोगविना अपांगता बालबालिकाको आत्मविश्वास राम्रो हुँदैन । ऋषिराम अपांगसँगै सग्ला हात-खुट्टा भएका व्यक्तिहरूको पनि उदाहरण हुन्,' उनले भने, 'घरपरिवार, समुदाय र परिवारबाट राम्रो सहयोग भएको छ ।' विद्यालयमा अपांगता विद्यार्थीका लागि आवासीय अध्ययनको सुविधा छ । तर, ऋषिराम सहयोगी चाहिने भएकाले घरमै जान्छन् ।

नेपाल खुला विश्वविद्यालय
व्यवस्थापन तथा कानुन संकाय
मानभवन, ललितपुर

Bachelor of Business Science (Honors)
कार्यक्रममा भर्ना आवेदन सम्बन्धी सूचना

(वेवसाइटमा प्रकाशित मितिः २०८०।१२।१४ गते)

यस विश्वविद्यालयको व्यवस्थापन तथा कानुन संकाय अन्तर्गत शैक्षिक सत्र २०८०/०८१ का लागि Bachelor of Business Science (Honors) (BBS- Honors) कार्यक्रममा भर्ना आवेदन आव्हान सम्बन्धी यो सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ । अन्य विस्तृत जानकारीको लागि विश्वविद्यालयको वेवसाइट www.nou.edu.np मा हेर्नका लागि अनुरोध गरिन्छ ।

१) **Bachelor of Business Science (Honors) (BBS- Honors) :** ४ वर्षे वार्षिक स्नातक कार्यक्रम
न्यूनतम योग्यता : १२ कक्षा उत्तीर्ण वा सो सरह ।

- भर्ना आवेदन फाराम विश्वविद्यालयको वेबसाइट www.nou.edu.np को student panel मा गई Entrance Portal मार्फत Online फाराम भर्नु पर्नेछ ।
- आवेदकले सम्बन्धित शैक्षिक कार्यक्रमका लागि तोकिएको योग्यता पुगेका प्रमाणपत्रहरु Scan गरी Upload गर्नुपर्नेछ ।
- **आवेदन पेश गर्ने अन्तिम मिति :** वि.सं. २०८० चैत्र २८ गते
- **आवेदन शुल्कः** रु.३००।-
- आवेदन शुल्क नेपाल खुला विश्वविद्यालयको नाममा ग्लोबल आईएमई बैंक लिमिटेड, कीर्तिपुर शाखामा रहेको चल्ती खाता नं. ००५०१०१०००००५०२ मा आवेदकले आफ्नो नाम अनिवार्य उल्लेख गरी जम्मा गर्नुपर्ने र सो भौचर Scan गरी आवेदन फाराम साथ Upload गर्नु पर्नेछ ।
- सम्पर्क नम्बरः ०१-५००८०४८, ५००८०४७,
- कक्षा संचालनका लागि न्यूनतम विद्यार्थी संख्या २० जना हुनुपर्नेछ ।

नागरिक उन्मुक्तिमा किचलो कायमै

केन्द्रदेखि प्रदेशसम्म गठबन्धनलाई सघाउने नागरिक उन्मुक्तिको निर्णय, अमान्य हुने चौधरी समूहको भनाइ

धनगढीमा **तेजराज भट्ट**

नागरिक उन्मुक्ति पार्टीले केन्द्रसहित प्रदेशमा एमाले-माओवादीसहितको सत्तागठबन्धनलाई समर्थन गर्ने निर्णय गरेको छ । अध्यक्ष रञ्जिता श्रेष्ठको अध्यक्षतामा बुधबार कैलाली टीकापुरमा बसेको बहुमत संस्थापक केन्द्रीय सदस्यको बैठकले केन्द्रसँगै प्रदेशहरूमा पनि गठबन्धनलाई समर्थन गर्ने निर्णय गरेको हो । 'गठबन्धनलाई समर्थन गरेर जाने निर्णय भएको छ,' टीकापुर नगरपालिकाका मेयरसमेत रहेका संस्थापक केन्द्रीय सदस्य रामलाल डगौरा थारूले भने, 'संघ र हाम्रो प्रतिनिधित्व रहेका प्रदेशका सरकारमा हाम्रो सहभागिताबारे गठबन्धनसँग छलफल गर्छौं ।' प्रतिनिधिसभामा नागरिक उन्मुक्तिका चार सांसद छन् भने मधेश, लुम्बिनी र सुदूरपश्चिममा पनि प्रदेश सांसद छन् ।

सुदूरपश्चिम प्रदेशमा त सरकार गठनका लागि नाउपा सात मतसहित निर्णायक छ । केन्द्रीय सदस्य थारूका अनुसार गठबन्धनसँग भागबन्डाको विषय टुंगिएपछि सुदूरपश्चिम सरकारलाई दिएको समर्थन फिर्ता लिइनेछ । नाउपालाई सुदूरपश्चिममा मुख्यमन्त्री दिनेबारे केन्द्रमा छलफल भइरहेको छ । योसँगै अल्पमतमा रहेका सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाह नाउपाको यो निर्णयसँगै थप अप्ठेरोमा परेका छन् ।

अध्यक्ष रञ्जिताका पतिसमेत रहेका संरक्षक रेशम चौधरी पक्षधर केन्द्रीय सदस्यले बहुमतविना नै बैठक बसेको दाबी गर्दै उक्त बैठकका निर्णय मान्य नहुने बताएका छन् । नाउपा सुदूरपश्चिम संसदीय दलका नेता घनश्याम चौधरीले पार्टीका संरक्षक र बहुमत संस्थापक सदस्य अनुपस्थित रहेको बैठकका निर्णय संसदीय दलले स्वीकार नगर्ने बताए ।

'यो सरकारलाई दिएको समर्थन कायम राख्ने निर्णय दलको बैठकले गरिसकेको छ, हाम्रो समर्थन फिर्ता लिदैनौं,' प्रदेशका आर्थिक मामिलामन्त्रीसमेत रहेका उनले भने, 'पार्टीका संरक्षक जापान गएका वेला गरिएको अल्पमतको बैठकको निर्णय मान्य हुँदैन ।' नागरिक उन्मुक्तिका सातजना प्रदेश सांसदमध्ये पाँचजना अहिले प्रदेश सरकारका मन्त्री छन् ।

टीकापुर बैठकमा नाउपाका २१ जना संस्थापक सदस्यमध्ये १२ जनाको उपस्थिति रहेको संस्थापक केन्द्रीय सदस्य रमेश विकले जानकारी दिए । उनका अनुसार दुईजनाले यसअघि नै पार्टी परित्याग गरिसकेका छन् । सुदूरपश्चिमका विनाविभागीयमन्त्री लक्ष्मणकिशोर चौधरीले पार्टीका संरक्षक र सबै संस्थापक सदस्यको सहभागितामा बैठक बस्दा उपयुक्त हुने धारणा आफूले बैठकमा राखेको बताए । पार्टीमा हुने दुईथरी निर्णयले आफूहरू अन्योलमा रहेको उल्लेख गर्दै उनले परिपक्व निर्णय हुनुपर्ने बताए ।

'पार्टीका संरक्षकको उपस्थितिमा बैठक बस्नुपर्‍यो । एक पक्षले एउटा निर्णय गर्ने, अर्कोले अर्कै निर्णय गर्दा जनप्रतिनिधि र जनता अन्योलमा छौं । दुवै पक्ष बसेर परिपक्व निर्णय हुनुपर्‍यो,' उनले भने, 'निर्णयमा सहमति, असहमतिभन्दा पनि यी कुरा बैठकमा राखौं ।'

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/१२/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीहरुले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय रजेयाबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
ऋणीः के.आर.के फेन्सी प्रा.फ.र.नं.: १५९/५२/२०७५/२०७६ दर्ता मितिः २०७५/०८/०४ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुर, हेटौंडा ठेगाना : मनहरी-०९, मकवानपुर पान नं. ६०८७५९५७१ **प्रोप्राइटर/जमानीकर्ताको नामः** **एक बहादुर खड्का** बाबुको नाम : रण बहादुर खड्का बाजेको नाम : कहर सिं खड्का ठेगानाः वेथान-०२, रामेछाप, हालः मनहरी-०९, मकवानपुर ना.प्र.नं. :२५१८/१७१५०, जारी मितिः २०४६/१२/१७ जारी गर्ने कार्यालयः जि.प्र.का, रामेछाप **कर्जा शिर्षक : एस.एम.ई. अधिविकर्ष कर्जा** **कर्जा लिएको शाखा : रजैया शाखा**	**क) नाम : कल्पना तुलाधर** बाबुको नाम : बुद्धि बहादुर पतिको नामः एक बहादुर खड्का ससुराको नाम : रण बहादुर खड्का ठेगाना : काठमाण्डौ-२२, काठमाण्डौ हालः मनहरी-९, मकवानपुर ना.प्र.नं. : ३०४४/८६८२ जारी मिति : २०५३/११/१५ जारी गर्ने कार्यालय : जि.प्र.का. काठमाण्डौ **सुरक्षण रहेको धितोको विवरण** श्री मालपोत कार्यालय मकवानपुरमा एक बहादुर खड्काको नाममा दर्ता कायम रहेको मकवानपुर जिल्ला ज्यामिरे वडा नं ०६ सिट नं.६ स्थित कि.नं.९९९ को क्षेत्रफल १६९.३० वर्ग मिटर को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

एमालेले गोदावरीमा महाधिवेशन प्रतिनिधि भेला गर्ने

काठमाडौं/ एमालेले ललितपुरको गोदावरीमा पार्टीको दशौं महाधिवेशनमा सहभागी महाधिवेशन प्रतिनिधिको राष्ट्रिय भेला गर्ने भएको छ । पार्टी स्थापना ७५ वर्ष प्रवेश गरेको दिन ९ वैशाखलाई विशेष समारोहका रूपमा मनाउने गरी एमालेको २५ फागुनको सचिवालय बैठकले ७ र ८ वैशाखमा महाधिवेशन प्रतिनिधि परिषद् बैठक बोलाउने निर्णय गरेको थियो । मिति तय भए पनि हल व्यवस्थापनको टुंगो लागिनसकेकाले स्थान तय भइसकेको थिएन ।

केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले ललितपुरको गोदावरीमा अवस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा महाधिवेशन प्रतिनिधि भेला गर्ने गरी हल व्यवस्थापन भएको जानकारी दिए । भेलामा देशभरबाट करिब २३ सय महाधिवेशन प्रतिनिधि सहभागी हुनेछन् । केन्द्रीय सचिवालयका तर्फबाट अध्यक्ष केपी ओली र महासचिव शंकर पोखरेलले महाधिवेशन प्रतिनिधि परिषद् भेलामा प्रस्तुत हुने राजनीतिक र सांगठनिक प्रतिवेदनको मस्यौदा लेखन गरिरहेका छन् । सोही स्थानमा एमालेले पार्टीको विधान महाधिवेशन पनि सम्पन्न गरेको थियो ।

स्थापना दिवसमा सार्वजनिक गर्ने गरी एमालेले पार्टीको इतिहाससम्बन्धी पुस्तक, मुलुकको राजनीतिक परिवर्तन र विभिन्न आन्दोलनमा पार्टीले खेलेको भूमिकाबारे बेग्लाबेग्लै दुई पुस्तक प्रकाशनको तयारी गरिरहेको छ । त्यसका लागि पदाधिकारी तहका नेताहरूको नेतृत्वमा अलग-अलग टिम सक्रिय छ । त्यस्तै, पहिलो महाधिवेशनदेखि दर्शौं महाधिवेशनसम्मका झलक आउने गरी वृत्तचित्र निर्माण, भूमिगतकालका सहयोगीको सम्मानलगायत कार्यक्रम पनि राखेको छ ।

● एमाले कास्की अध्यक्षमा बैनबहादुर

कास्की/ एमाले कास्कीको अध्यक्षमा बैनबहादुर अधिकारी क्षेत्री विजयी भएका छन् । ११औं जिल्ला अधिवेशनले क्षेत्रीको अध्यक्षतामा एक सय २२ सदस्यीय कमिटी निर्वाचित गरेको हो । अध्यक्षका तीन उम्मेदवारमध्ये विजयी क्षेत्रीले निकटतम प्रतिद्वन्द्वी माधव बास्तोलालाई दुई सय चार मतले पराजित गरेका थिए । क्षेत्रीले पाँच सय ५१, बास्तोलाले तीन सय ४७ र विवेक त्रिपाठीले १७ मत ल्याए । अधिवेशनमा नौ सय ३५ जना प्रतिनिधि रहेकोमा नौ सय १४ जनाले मतदान गरेका थिए ।

उपाध्यक्षमा भेषराज बराल पाँच सय २७, सचिवमा लेखबहादुर तामाङ पाँच सय ९५, उपसचिवमा लालबहादुर परियार पाँच सय ८१, उपसचिव महिलातर्फ सन्तु सुवेदीले पाँच सय १० मत ल्याएर विजयी भएको प्रमुख निर्वाचन अधिकृत भगवती पहारीले जानकारी दिइन् । अध्यक्षसँगै पाँच पदाधिकारी, सदस्य र लेखा समिति गरी एक सय २२ पदका लागि भएको निर्वाचनमा विजयी सम्पूर्ण बैनबहादुर प्यानलका हुन् । बैनबहादुर पार्टीका स्थायी कमिटी सदस्य खगराज अधिकारी र माधव उपमहासचिव पृथ्वीसुब्बा गुरुङ समूहका हुन् । गण्डकी प्रदेशमा पार्टी उपमहासचिव गुरुङ र स्थायी कमिटी सदस्य अधिकारीबीच गुटको लडाइँ छ ।

गगन थापाको रोकिएको 'संवाद यात्रा' आजबाट



काठमाडौं/ कांग्रेस महामन्त्री गगन थापाले बिहीबारबाट संवाद यात्रा थाल्ने भएका छन् । केन्द्रीय सदस्य केशवकुमार बुढाथोकीको निधनका कारण २३ माघमा स्थगित अभियान पुनः सुरु हुन लागेको हो । महामन्त्री थापाका अनुसार नवलपरासीमा रोकिएको अभियान सोही स्थानबाट सुरु हुनेछ । १३ माघबाट सुरु भएको अभियानमा हुलाकी राजमार्गअर्न्तगतका जिल्ला समेटिनेछन् । यसपटकको अभियान १५ देखि १७ चैतसम्म चल्नेछ । 'माघ १३ गते मेची पुलबाट सुरु गरेको संवाद यात्रा माघ २२ गते नवलपरासीको गोपीगन्जमा रोकिएको थियो । अबको संवाद यात्रा त्यहींबाट पुनः सुरु हुँदै छ । अभियानअन्तर्गत १५ देखि १७ चैतसम्म नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ र बाँकेका विभिन्न ठाउँमा पुग्नेछौं,' महामन्त्री थापाले भने । उनले १३ माघमा झापाबाट संवाद यात्रा थालेका थिए । सँगसँगै कांग्रेस केन्द्रीय समितिले १३ देखि २६ माघसम्म 'समुदायमा कांग्रेस' अभियान घोषणा गरेको थियो ।

धार्मिक अनास्था फैलाउने अनुदानबारे राप्रपाको चासो

नयाँ पत्रिका

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले अमेरिकाले नेपालजस्ता देशमा एउटा धार्मिक समूह वा नास्तिकहरूलाई सहयोग गरेको सार्वजनिक चर्चाबारे चासो र चिन्ता व्यक्त गरेका छन् । अमेरिकी राजदूत डिन आर थम्सनसँग बुधबार राप्रपा पार्टी कार्यालयमा भएको भेटमा उनले यसबारे अमेरिकाले स्पष्ट पार्नुपर्ने बताएका छन् ।

राजदूत थम्सनले विश्वमा धार्मिक आस्था वा अनास्था फैलाउने अमेरिकाको नीति नरहेको प्रस्टीकरण दिए । 'अमेरिकी राजदूतको अलिकति जोडचाहिँ अमेरिकाले नास्तिकता फैलाउन विश्वमा लगानी गरेको भन्ने सार्वजनिक विवरणका विषयमा थियो । अमेरिकी सरकारको त्यस्तो नीति र औपचारिक धारणा नभएको उहाँले प्रस्ट पार्नुभएको छ,' भेटमा सहभागी राप्रपा प्रवक्ता मोहन श्रेष्ठले भने । राजदूत थम्सनले भारत, बंगलादेश, मोरक्कोलगायत देशमा काम गरेको अनुभव सुनाउँदै नेपालको धार्मिक संवेदनशीलतालाई बुझेको बताए । 'यस्तो कुनै कुरै छैन । नेपालमा मिलेर बसेको उदाहरणीय समुदाय छ । धर्म सम्प्रदायका बीचमा रहेको सद्भाव कायम होस् अझ बलियो होस् भन्ने हाम्रो धारणा छ,' थम्सनले भने ।

राजदूत थम्सनले अमेरिकामा चुनाव आइरहेको उल्लेख गर्दै राजनीतिक दलहरूले एक-अर्कोलाई गर्ने प्रहारका सिलसिलामा आएका विषयलाई गम्भीरतापूर्वक लिन नहुने बताए । 'तपाईंहरूकोमा जस्तै हाम्रोमा पनि दलहरू छन् । यो चुनावको वर्ष हो । यस्तो वेलामा एउटा दलले अर्कोलाई प्रहार गर्ने कुरा सामान्य हो, अहिले आएका प्रचारबाजीलाई यही रूपमा लिनुपर्छ,' उनको भनाइ थियो ।

थम्सनले लिङ्देनसँग वर्तमान सरकारको स्थायित्व र सरकारमा राप्रपाको सहभागिताबारे प्रश्न गरेका थिए ।

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८०/१२/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय ईटहरी, सुनसरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको नाम, ठेगाना
१.	**नाम : सुनिता कष्मेटिक एण्ड पार्लर** १ नं. प्रदेश, ईटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय ईटहरी, सुनसरी दर्ता नं. ९८९१५, दर्ता मिति २०७४/१२/१८, पान नं. ६०७६९०५४१, दर्ता मिति : २०७४/१२/२० ठेगाना : सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ४, **प्रोप्राइटर : सोकिता कुमारी श्रेष्ठ**
	जमानतकर्ताको विवरण
	१. नाम : सोकिता कुमारी श्रेष्ठ ना.प्र.नं. ०५२०५५/९३७५, जि.प्र.का. मोरङ्ग जारी मिति : २०६८/१०/०३ पतिको नाम : प्रकाश श्रेष्ठ ससुराको नाम : भीम बहादुर श्रेष्ठ ठेगाना : मोरङ्ग जिल्ला, सिजुवा वडा नं. ५ हाल : सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ६
	२. नाम : प्रकाश श्रेष्ठ ना.प्र.नं ५३०५५/१४५६, जि.प्र.का. मोरङ्ग जारी मिति : २०६३/१२/२२ बाबुको नाम : भीम बहादुर श्रेष्ठ बाजेको नाम : चन्द्रमान श्रेष्ठ ठेगाना : मोरङ्ग जिल्ला, सिजुवा वडा नं. ५ हाल : सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ६

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : ईटहरी, सुनसरी, फोन नं. ०२५-५८०४२२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

ऋण चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/१२/१५

यस पञ्चदेवी बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षकमा उपभोग गर्नुभएको ऋणको साँवा, ब्याज तोकिएको अवधिमा चुक्ता नगर्नु भएको र यस अघि पटक-पटक मौखिक एवं लिखित रुपमा ताकेता गर्दा समेत सम्झौता बमोजिम ऋणको साँवा, ब्याज तथा हर्जना रकम भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले संस्थालाई तिर्नु बुझाउनु पर्ने बाकीं बक्यौता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस का.म.न.पा-३२, पुरानो सिनामंगल, पेप्सीकोला स्थित संस्थाको कार्यालयमा सम्पर्क राखी सम्पूर्ण रकम चुक्ता गर्न अनुरोध गरिन्छ । अन्यथा, सहकारी ऐन २०७४, संस्थाको ऋण नीति तथा प्रचलित कानुन अनुसार ऋण असुल उपर गरिनेछ । साथै ऋणी तथा जमानीको नाम कर्जा सुचना केन्द्रको कालो सुचीमा राखी संस्थासँग गरिएको सम्झौता बमोजिम सम्पूर्ण लेना रकम असुलउपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

क्र.सं.	सदस्यता नं.	ऋणीको नाम थर, वतन	व्यक्तिगत जमानीको नाम थर, वतन
१	०१५९५	**नाम : शुभलक्ष्मी श्रेष्ठ** ससुरा : मणिराम श्रेष्ठ पति : मोहन श्रेष्ठ ना.प्र.प.न : ६१८८ जारी स्थान : काठमाडौं जारी मिती : २०५९/०९/२६ ठेगाना : सरस्वती -२, काठमाडौं	**नाम : मोहन श्रेष्ठ** बुवा : मणिराम श्रेष्ठ बाजे : तुइसी श्रेष्ठ पत्नी : शुभलक्ष्मी श्रेष्ठ ना.प्र.प.न : ९३६ जारी स्थान : काठमाडौं जारी मिती : २०५८/०४/१७ ठेगाना : बालुवा २, काठमाडौं
२	१७१६	**नाम : सञ्जिव श्रेष्ठ** बुवा : नारायणदास श्रेष्ठ बाजे : दिल बहादुर श्रेष्ठ ना.प्र.प.न : २७-०१-७२-०१०९७ जारी मिती : २०७२/०२/२५ जारी स्थान : काठमाण्डौ ठेगाना : गोकर्णेश्वर -१० काठमाडौं	**नाम : चन्द्रकुमारी श्रेष्ठ** बुवा : मणिराम श्रेष्ठ बाजे : तुइसी श्रेष्ठ पति :नारायणदास श्रेष्ठ ना.प्र.प.न : ८८३१ जारी स्थान : काठमाडौं जारी मिती : २०६०/१०/०८ ठेगाना : गोकर्णेश्वर ७, काठमाडौं
३	१७००	**नाम : पुस्कर बहादुर खड्का** बुवा: राम बहादुर खड्का बाजे: दीप बहादुर खड्का ना.प्र.प.न : ५०/८१२ जारी मिती : २०४३/०९/०८ जारी स्थान : दोलखा ठेगाना : खोपाचाँगु -३, दोलखा	**नाम : उज्वल खड्का** बुवा : उत्तम बहादुर खड्का बाजे : पुस्कर बहादुर खड्का ना.प्र.प.न : २२२२१०२०-९४ जारी मिती : २०६८/०२/०८ जारी स्थान : दोलखा ठेगाना : खोपाचाँगु -३, दोलखा **नाम : हरि कुमारी कार्की** ससुरा : पुस्कर बहादुर खड्का पति : उत्तम बहादुर खड्का ना.प्र.प.न : २२४६७/९१२ जारी मिती : २०४४/११/०२ जारी स्थान : दोलखा ठेगाना : जुगु -७, दोलखा
४	१५९२	**नाम : गणेश भण्डारी** बुवा : धर्मराज भण्डारी बाजे : पहलमान भण्डारी ना.प्र.प.न : २४१०१९/५७ जारी मिती : २०६७/०४/३१ जारी स्थान : सिन्धुपाल्चोक ठेगाना : लिसंखु पाखर-६, सिन्धुपाल्चोक	**नाम : मोहन श्रेष्ठ** बुवा : मणिराम श्रेष्ठ बाजे : तुइसी श्रेष्ठ ना.प्र.प.न : ९३६ जारी स्थान : काठमाडौं जारी मिती : २०५८/०४/१७ ठेगाना : बालुवा २, काठमाडौं **नाम : पवन तिमल्सिना** बुवा : बेदनाथ तिमाल्सिना ना.प्र.प.न : २४/१०२६/८० जारी स्थान : सिन्धुपाल्चोक जारी मिती : २०६७/०९/१३ ठेगाना : पाग्रेटार-२, सिन्धुपाल्चोक

पञ्चदेवी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
केन्द्रिय कार्यालयः का.म.न.पा.-३२, पुरानो सिनामंगल, पेप्सीकोला
फोन नं. : ०१-५१५६२०६

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८०/१२/१५ गते

यस माछापुच्छे बैंक लि. ठाकुरद्वारा शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

तपसिल

ऋणीको नाम, ठेगाना
१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय बर्दियामा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **रावल फेन्सी पसल ।** प्रा.फ.र.नं. ४६२/१८५२/०६९/०७०, दर्ता मिति : २०७०/०२/३०, पान नं. ३०५७७४४६८, दर्ता मिति : २०७०/०२/३० ठेगाना : बर्दिया जिल्ला, ठाकुरद्वारा वडा नं. ६, **प्रोप्राइटर : रमेश बहादुर रावल**
२. रमेश बहादुर रावल ना.प्र.नं. १४३१०, जि.प्र.का. अछाम, जारी मिति : २०५५/०७/२६ बाबु : टेक बहादुर रावल, बाजे : चुरमे रावल ठेगाना : अछाम जिल्ला, कालिका वडा नं. २, हाल : बर्दिया जिल्ला, मधुवन न.पा. वडा नं. १
व्यक्तिगत जमानतकर्ताहरु
१. रमेश बहादुर रावल ना.प्र.नं. १४३१०, जि.प्र.का. अछाम जारी मिति : २०५५/०७/२६ बाबु : टेक बहादुर रावल, बाजे : चुरमे रावल ठेगाना : अछाम जिल्ला, कालिका वडा नं. २ हाल : बर्दिया जिल्ला, मधुवन न.पा. वडा नं. १
२. भजन कुँवर ना.प्र.नं. १५१६६, जि.प्र.का. कैलाली जारी मिति : २०६१/०६/२४ बाबु : गणेश बहादुर कुँवर पति : रमेश बहादुर रावल, ससुरा : टेक बहादुर रावल ठेगाना : कैलाली जिल्ला, बौनिया वडा नं. ५
३. टेक बहादुर रावल ना.प्र.नं. ६९-०१-६९-००८०७, जि.प्र.का. अछाम जारी मिति : २०६९/०२/२५ बाजे : नैन सिंह रावल बाबु : चुरमे रावल ठेगाना : अछाम जिल्ला, कालिका वडा नं. २
४. नन्दा रावल ना.प्र.नं. ३/१९८, जि.प्र.का. अछाम जारी मिति : २०४४/११/१७ बाबु : राम बहादुर कुँवर पति : टेक बहादुर रावल, ससुरा : चुरमे रावल ठेगाना : अछाम जिल्ला, कालिका वडा नं. २
५. राजेन्द्र रावल ना.प्र.नं. ६५१०२१/९३१, जि.प्र.का. बर्दिया, जारी मिति : २०६९/०२/१९ बाबु : टेक बहादुर रावल, बाजे : चुरमे रावल, ठेगाना : बर्दिया जिल्ला, सुर्यपटुवा वडा नं. ३
धितोमा रहेको सम्पतिको विवरण
१. चुरमे रावलको बुहारी, टेक बहादुर रावलको पत्नी, अछाम जिल्ला, कालिका वडा नं. २ स्थायी ठेगाना भइ हाल बर्दिया जिल्ला, मधुवन न.पा. वडा नं. १ बस्ने नन्दा रावलको नाममा मालपोत कार्यालय बर्दियामा दर्ता कायम भएको बर्दिया जिल्ला, सुर्यपटुवा गा.वि.स. वडा नं. ३ स्थित कि.नं. ४१ को क्षेत्रफल ०-१-० (वि.क.धु) र बर्

रिमिक्समा इला अरुण बेखुसी

भर्खरै मात्र तब्बु, करिना कपुर र कृति सेनन स्टारर फिल्म 'क्रु'को गीत 'चोली के पिछे' रिलिज भयो । यो गीत सन् १९९३ मा आएको सञ्जय दत्त र माधुरी दीक्षित अभिनीत फिल्म 'खलनायक'को रिमेक हो । ओरिजनल गीत अल्का यागनिक र इला अरुणले गाएका थिए । इलाले यस गीतको रिमिक्सबाट आफू खुसी नरहेको बताएकी छिन् ।





'चम्किला'मा परिणति

'चम्किला'मा दिलजित दोसाँझ र परिणति चोपडा मुख्य भूमिकामा देखिने भएका छन् । यस फिल्मलाई इम्तियाज अलीले निर्देशन गर्दै छन् । अमर सिंह चम्किलाको जीवनीमा बनेको यो फिल्म २७ अप्रिलमा नेटफ्लिक्समा रिलिज हुनेछ ।


दाँत स्वस्थ राख्ने केही उपाय

डाक्टरको सल्लाह



डा. सुवास घिमिरे
मुख तथा अनुहार शल्यचिकित्सक
ओम समाज डेन्टल हस्पिटल

दाँतको स्याहार नगर्दा यसमा धेरै समस्या देखिन्छन् । राम्रोसँग दाँत सफा नगर्दा यसमा खानेकुरा अड् किन्छ र किरा लाग्न सक्छ । दाँत सफा नहुँदा कमजोर हुने, टुक्रिने, सानै उमेरमा दाँत निस्कनेलगायत समस्या देखा पर्न सक्छ । त्यसैले दाँतलाई किराबाट जोगाउन दैनिक रूपमा बिहान-बेलुका सफा गर्न जरुरी छ । मिठाई, चकलेटलगायत गुलिया कुरा कम खानुपर्छ, खाएपछि मुख कुल्ला गर्न बिर्सनुहुँदैन ।



■ ब्रसको चयन

दाँतको सुरक्षाका लागि सही ब्रसको चयन निकै आवश्यक छ । दाँत ब्रस गर्नका लागि नरम ब्रस नै प्रयोग गर्नुस् । ब्रस गर्ने आफ्नै विधि हुन्छ । प्रायः ब्रस गर्दा अगाडि-पछाडि घोट्ने गरिन्छ । त्यसरी घोटेर गर्नुहुँदैन । माथिल्लो भागको दाँत माझ्दा ब्रसलाई माथितिर र तल्लो भागमा माझ् दा तल्तिर फर्काएर गर्नुपर्छ । दाँतका सबै भागमा ब्रस गर्नुपर्छ ।

■ दैनिक दुईपटक ब्रस

दिनमा दुईपटक ब्रस गर्न जरुरी छ । कतिपयले रातको समय ब्रस गर्दैनन् । तर, रातमा अनिवार्य ब्रस गर्नुपर्छ । अन्यथा, मुखमा रहेका ब्याक्टेरियाले दाँतलाई कमजोर बनाउन सक्छन् ।

■ गुलियो कम प्रयोग

गुलियो खानेकुरा शरीर र दाँत दुवैका लागि हानिकारक बन्न सक्छ ।

त्यसैले आफ्नो आहारमा चिनीको मात्रा निकै कम गर्नुस् । त्यस्तै, जंकफुड सेवनबाट पनि बच्ने गर्नुस् । खानेकुरा खाइसकेपछि मुख कुल्ला गर्न नबिर्सनुस् । यस्तो गर्दा दाँतमा अड्केका खानेकुरा बाहिर निस्कन्छन् ।

■ पर्याप्त पौष्टिक आहार

आफ्नो आहारमा फलफूल पर्याप्त समावेश गर्नुस् । यसमा इन्जाइम र अन्य जरुरी पोषण पाइन्छ, जसले दाँतलाई प्राकृतिक तरिकाले नै सफा गर्छ । भिटामिनको मात्रा पर्याप्त भएका फल दाँत मात्रै नभएर समग्र शरीर स्वस्थ राख्नका लागि आवश्यक पर्छ ।

■ पर्याप्त पानी

पानीले प्राकृतिक माउथवासको काम गर्छ । त्यसैले पर्याप्त पानी पिउनुस् । दाँतमा चिया, कफी वा अन्य खानेकुराको दाग रहँदैन । दाँतमा कुनै खराबी देखिएमा तत्कालै दन्तचिकित्सकको सल्लाह लिनुस् ।

■ कोल्ड ड्रिंक्सबाट टाढा

कोल्ड ड्रिंक्सले दाँतलाई कमजोर बनाउन सक्छ । सोडा, इनर्जी ड्रिंक्सलगायतको सेवन दाँतका लागि राम्रो हुँदैन ।

■ नगर्नुस् धूम्रपान

धूम्रपान र सुर्तीजन्य पदार्थबाट टाढा रहनुस् । यसले दाँतलाई कमजोर बनाउने गर्छ । त्यस्तै, दाँतलाई सफा हुन पनि दिँदैन । गिजासम्बन्धी विभिन्न समस्यासमेत निम्त्याउँछ । मुखको क्यान्सरसमेत गराउन सक्छ ।

■ चेकजाँच

दाँत स्वस्थ राख्नका लागि समय-समयमा चेकजाँच गराउनुपर्छ । कम्तीमा ६ महिना वा एक वर्षमा एकपटक चेकजाँच गराउनु राम्रो हुन्छ ।

गाउँको यात्रा कसरी अविस्मरणीय बनाउने ?



सहर छाडेर गाउँबस्ती घुम्ने रहर धेरैलाई हुन्छ । वनजंगल, स्वच्छ वातावरण, ग्रामीण जनजीवनका विभिन्न परम्परा र संस्कृतिले पर्यटकलाई आकर्षित गरिरहेको हुन्छ । तर, हामीले यात्रालाई अविस्मरणीय बनाउन केही कुरामा ध्यान दिनैपर्छ । स्थानीय संस्कृति, भाषा र संस्कारको सम्मान गर्नुपर्छ । स्थानीयसँग सम्बन्ध राम्रो नभए यात्रा फिक्का हुन सक्छ ।



रामकाजी तिवारी,
महासचिव, माउन्टेन गाइड एसोसिएसन नेपाल

सकेसम्म यात्रालाई चाँडो सकाउने हतारोमा कतिपय मानिस रहन्छन् । तर, यात्रालाई छिटो सकाउने हतारो गर्नुभन्दा पनि दृश्यावलोकनको मज्जा लिँदै बिस्तारै हिँड्नुपर्छ । मन परेका ठाउँमा उभिएर तस्बिर कैद गर्न नबिर्सनुस् । ती तस्बिरले यात्रापछि पनि तपाईंलाई यात्राको सम्झना गराइरहन्छन् ।

हतारो गर्दा कहिलेकाहीं स्वास्थ्य समस्या पनि देखिन्छ । पहिलो दिनमै अति धेरै हिँड्दा भोलिपल्टै थाक्ने हुन्छ । दुई हजार मिटरभन्दा कम उचाइमा बसेका मानिस एकै दिनमा तीन-चार हजार मिटर उचाइमा पुग्न खोज्छन्, जसकारण वातावरणमा घुलमिल हुन नसकेर बिरामी पनि पर्छन् । भौगोलिक अवस्था र वातावरणले गर्दा पनि थकान र स्वास्थ्य समस्या देखिन्छ । त्यही कारण यात्रामा एक दिनमा एक हजार मिटरको उचाइ पार नगर्ने भन्ने नियम नै छ । १३ सय मिटरको उचाइमा बसेको मान्छे एकै दिनमा २५ सय मिटरको उचाइमा जानुहुँदैन । दिनको अधिकतम एक हजार मिटर उचाइ पार गर्ने तरिकाले यात्राको योजना बनाउनुपर्छ ।

ग्रामीण क्षेत्रमा इन्टरनेटको सुविधा नहुन सक्छ । मोबाइल नेटवर्क पनि नटिप्न सक्छ । बत्तीको पहुँच पनि नहुन सक्छ । डिभाइसहरू चार्ज गर्न सकिँदैन । यात्रा गर्ने ठाउँको जानकारी लिन असहज हुन सक्छ । त्यसैले डाटा केबल, टर्च, पावर बैंकलगायत उपकरण यात्रामा हिँड्दा आफूसँग बोक्नुपर्छ ।

झोलामा मौसमअनुसार आवश्यक पर्ने कपडा, पञ्जा, प्राथमिक उपचारका सामग्रीलगायत बोक्नुपर्छ ।

ग्रामीण क्षेत्रमा विशेष गरी लामो ट्रेकमा जाँदा भनेकै ठाउँमा होटेल उपलब्ध नहुन सक्छ । तसर्थ, तपाईंले आफ्नो झोलामा केही खानेकुरा बोक्नु राम्रो हुन्छ । इनर्जी दिने चकलेट, कुकिज, काजु, बदामलगायत ड्राइफ्रुट झोलामा बोक्नु राम्रो हुन्छ ।

मोबाइलको ब्याट्री जोगाउन के गर्ने ?

मानिसहरू जथाभावी चार्जर प्रयोग गर्छन् । तर, यसले मोबाइलको ब्याट्रीको आयु घटाउन सक्छ । त्यसैले तपाईंको मोबाइल जुन कम्पनीको हो, त्यही कम्पनीको चार्जर मात्रै प्रयोग गर्नुपर्छ । मोबाइल धेरैबेर चार्ज नगर्नुहोस् ।

पावर बैंकबाट मोबाइल चार्ज गर्दा ब्याट्री छोटो समयमै ड्यामेज हुने सम्भावना



रहन्छ । मोबाइललाई पानीबाट जोगाउन जरुरी हुन्छ । पानीले ब्याट्री मात्रै नभएर पूरै फोन नै बिगारिदिन सक्छ ।

ब्याट्री २० प्रतिशतभन्दा कम हुन नदिनुस् । ८० प्रतिशत चार्ज भइसकेपछि चार्जरलाई निकाल्नुस् । सामान्यतया तीन घन्टा मोबाइल चार्ज गर्दा हुन्छ । यस्तो हुँदा ब्याट्री चाँडै ड्यामेज हुने जोखिमबाट बच्न सकिन्छ ।

गर्मीमा छालाको स्याहार



प्रशस्त पानी

प्रशस्तै पानी पिउनुस् । पानीले छालालाई नरम बनाउन र संक्रमणबाट बचाउन महत्त्वपूर्ण भूमिका खेल्छ ।

सन्तुलित आहार

एन्टिअक्सिडेन्ट्सको मात्रा प्रचुर भएका फलफूल र तरकारी खानामा समावेश गर्नुस् । उदाहरणका लागि, भिटामिन 'सी'युक्त आहारले कोलाजनको उत्पादन बढाउँछ र बिग्रेको छालालाई रिपेयर गर्छ ।

सरसफाइ

सरसफाइमा विशेष ध्यान दिन जरुरी छ । टाबेल, बेडसिट तथा तपाईंका कपडा सफा तथा सुक्खा हुनुपर्छ । जसकारण, ब्याक्टेरियल तथा फंगलको संक्रमण नहोस् ।

मोस्चराइजर

छालालाई मोस्चराइज गर्नु जरुरी छ । आयली छालाका लागि मोस्चराइजर जेल प्रयोग गर्दा हुन्छ ।

घामबाट जोगाउनुस्

बादल लागेको दिनमा पनि सनस्क्रिन क्रिम लगाउन नभुल्नुस् । किनकि, बादल लागेका वेला पनि सूर्यका विकिरणले छालामा असर गर्न सक्छ । जसकारण, विभिन्न समस्या देखिन्छ । बाहिर निस्कँदा दुई वा तीन घन्टाको अन्तरालमा सनस्क्रिन लगाउनुस् ।

हेभी मेकअप नगर्ने

मेकअप हल्का र कम गर्नुस् । यसले प्राकृतिक लुक्स दिन्छ र छालालाई पनि समस्या गर्दैन ।

चिकित्सकसँग परामर्श

हरेक मानिसको छाला फरक प्रकृतिको हुन्छ । त्यसैले कुनै समस्या देखिएमा छालारोग विशेषज्ञसँग परामर्श गरेर उपचार थाल्नुपर्छ ।

नयाँ सोफा किन्दा...

- कोठाको सजावटमा सोफाको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसैले महँगो रकम खर्चिएर मानिस आकर्षक सोफा किन्न चाहन्छन् । यद्यपि, महँगो सोफा मात्रै राम्रो हुन्छ भन्ने छैन । साधारण सोफाले पनि कोठालाई राम्रो देखाउँछ । तर, केही कुरामा ध्यान दिन जरुरी छ ।
- घरको क्षेत्रफल, कोठाको स्पेस, त्यसमा प्रयोग भएका फर्निचर, भित्तामा झुन्ड्याइएका चित्रकला र लाइटिङलाई ख्याल गर्नुस् । त्यसअनुसार सुहाउँदो आकार र डिजाइनको सोफा छनोट गर्नुपर्छ ।
- हेर्दा राम्रो भएर मात्रै हुँदैन । सोफा आरामदायी हुन जरुरी छ । त्यसैले सोफामा कस्तो फ्याब्रिक प्रयोग गरिएको छ भन्ने याद गर्नुपर्छ । कटन तथा पोलियुरेथानको मिक्स फ्याब्रिक धेरै सोफामा प्रयोग हुन्छ । यस्ता फ्याब्रिक मेन्टेन गर्न सहज हुन्छन् र लामो समय पनि टिक्छन् । सोफामा केही तकिया राखेर यसलाई थप आकर्षक बनाउन सकिन्छ ।
- सही रङको चयन गर्न जरुरी छ । निलो वा पहेँलो रङका सोफा चम्किलो देखिन्छन् । ग्रे वा क्रिमजस्ता न्युट्रल कलरका सोफा पनि राम्रा देखिन्छन् । तपाईंको कोठाको सजावटमा कुन रङ म्याच गर्छ, त्यही चयन गर्नु राम्रो हुन्छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय धनगढीको

अत्यन्त जरुरी सूचना

सूचना प्रकाशन मिति : २०८०/१२/१५ गते

निम्न लिखित करदाताहरूको छानविन तथा अनुसन्धानको लागि छनौट भएकोमा करदातालाई पत्राचार एवं फोन सम्पर्क गर्दा सम्पर्क स्थापित हुन नसकेकोमा मिति २०८०/११/२९ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा १५(पन्ध्र) दिनभित्र कागजात तथा फाँटवारी पेश गर्न र पेश नगरेमा संशोधित कर निर्धारण भै जाने व्यहोराको सूचना प्रकाशित गरिएकोमा तपसिल बमोजिमका करदाताहरुले तोकिएको म्यादभित्र कार्यालयमा सम्पर्क गरी कुनै कागजात तथा फाँटवारी पेश गरेको समेत नदेखिएकोले आयकर ऐन, २०५८ को दफा १०१(४) बमोजिम संशोधित कर निर्धारण गरी ऐ.ऐनको दफा १०१(६) बमोजिमको संशोधित कर निर्धारणको सूचना तथा मू.अ. कर ऐन, २०५२ को दफा २०(१)(ग) तथा मू.अ. कर नियमावली, २०५३ को नियम २९ को उपनियम (१) बमोजिमको प्रारम्भिक कर निर्धारण आदेश जारि गरि हुलाकमार्फत सूचना पठाइएको छ । उक्त सूचना प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उल्लिखित बमोजिम संशोधित कर निर्धारण गर्नु नपर्ने कुनै ठोस आधार, कारण, प्रमाण तथा कागजात भए यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र पेश गर्नुहुन जानकारी गराईन्छ । अन्यथा आयकर ऐन, २०५८ (सं.स.) को दफा १०२ तथा मू.अ. कर नियमावली, २०५३ (सं.स.) को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण भैजाने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

क्र.सं.	स्थायी लेखा नम्बर	करदाताको नाम	फर्मको ठेगाना	प्रो./सं.को नाम ठेगाना	आर्थिक वर्ष
१.	६०४९९७३९१	विश्वकर्मा ड्रिलिङ उद्योग	टिकापुर-०१ कैलाली	लोक बहादुर लुहार, बर्दादेवी ड, धारासैनी, अछाम	२०७४/०७५
२.	३०४३४६८४६	थारुवान मल्टिस्कील ईन्स्टिच्यूट प्रा.ली.	धनगढी-०४ उत्तरवेहडी कैलाली	यज्ञराज पाण्डे, धनगढी-०द्ध उत्तरवेहडी कैलाली	२०७१/०७२

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार बिकास निर्देशनालय

शहरी बिकास तथा भवन कार्यालय

कास्की

बोलपत्रपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/१२/१५

यस कार्यालयबाट देहाएका कार्यको लागि बोलपत्र आह्वावान भई तोकिएको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपशिल बमोजिम बोलपत्रदाताको बोलपत्र दरभाउ पत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावाग्राही देखिन आएकाले स्वीकृतिको लागि छनोट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.नं.	बोलपत्र न. (Contract ID)	आयोजनाको नाम	बोलपत्र दाताको नाम र ठेगाना	कबोल अंक (मु.अ.कर र PS सहित)
1	UDBOKASKI/NCB/W/03/2080/81	Construction and Renovation works at office of Chief Minister, Gandaki Province	Saraswati Nirwan Sewa, Manakamana 9 (Biruwa Rural Municipality 8) Syangja Nepal	31,88,997.74

साइक्लिङका फाइदा

नियमित साइकल चलाउँदा शरीरमा रक्तसञ्चार राम्ररी हुन्छ । साइक्लिङले रगतमा अक्सिजनको मात्रा आपूर्ति हुने भएकाले रक्तसञ्चारमा सुधार आउँछ । त्यस्तै, साइकल इन्धनविना चल्ने भएकाले प्रदूषणबाट समेत बच्न सकिन्छ । जसले शरीरमा रोगप्रतिरोधी क्षमता वृद्धि हुन्छ ।

मांसपेशी मजबुत

साइक्लिङ गर्नु सजिलो एक्सरसाइज हो, जसले जोर्नीमा लचकता ल्याउँछ । नियमित साइक्लिङ गर्दा मांसपेशी बलियो बनाउन मद्दत पुग्छ । साथै, साइकल चलाउँदा पछिल्तिरका हड्डी सक्रिय रहने हुनाले ढाड र गर्दनको दुखाइबाट समेत राहत पाउन सकिन्छ ।



मोटोपन नियन्त्रण

दैनिक करिब २० मिनेट साइक्लिङ गर्दा शरीरमा हजार क्यालोरी खपत हुन्छ । त्यसैले साइक्लिङ गर्नेले बढी क्यालोरीयुक्त खाना खाँदा पनि केही फरक पर्दैन । यसरी सहजै व्यवस्थापन हुने हुँदा आफूलाई मन परेको खाना मज्जाले खान सकिन्छ । यसबाहेक मोटोपन भएका व्यक्तिले साइक्लिङ गरेमा अन्य व्यायाम गर्नुपर्दैन । स्वतः तौल नियन्त्रण हुन्छ ।

दिमागी शक्ति बढाउँछ

अमेरिकास्थित इलिनोइस विश्वविद्यालयका प्राध्यापकहरूले गरेको एक अध्ययनले स्वच्छ वातावरणमा नियमित साइक्लिङ गर्ने व्यक्तिमा अरूको तुलनामा दिमागी शक्ति (ब्रेन पावर) बढी हुने देखाएको छ । साइकल चलाउँदा शरीरमा ब्रेन सेल निर्माण हुने भएकाले मस्तिष्क विकासका लागि समेत यो उपयोगी मानिएको छ ।

भूमि आयोग विघटनमाथिको प्रश्न

भूमि आयोग विघटनको लामो शृंखलाले भूमिहीन जनतामा निराशा छाएको छ भने राज्यको ठूलो लगानी पनि खेर गएको छ




● विश्वास नेपाली ● कुमार थापा

अग्रलेख

सरकारले भूमि आयोग विघटनको शृंखलालाई निरन्तरता दिएको छ। बहुदलीय प्रजातन्त्र स्थापनापछि भूमिहीन एवं सुकुम्बासीलाई जग्गा बाँड्ने नाममा बन्दै र ढल्दै गरेको भूमि आयोगको संख्या १८ पुगेको छ। पछिल्ला ३४ वर्षमा बनेका आयोगले सरदर एक वर्ष आठ महिना काम गर्न पाए। विघटित भूमि आयोगसहित विभिन्न चरणमा एक लाख ६० हजार दुई सय १० परिवारलाई जमिन वितरण गरेका देखिन्छ। तर, यसअघि वितरण गरिएका लालपुर्जा र कतिपय सेता पुर्जा, केही ग्रेस्ता कायम नभएका कारण चल्दैनन्।

यसैबीच भूमिहीनका समस्या समाधान गर्ने नाममा ०४७ मा बनेका दुईवटा फरक-फरक आयोगमा द्रोणप्रसाद आचार्य र अच्युतराज रेग्मीले नेतृत्व गरेका थिए। त्यसपछि २०४८ मा बलबहादुर राई, २०४९ मा शैलजा आचार्य, २०५१ मा ऋषिराज लुम्साली, २०५२ मा बुद्धिमान तामाङ, २०५४ मा चन्दा शाह र २०५४ मै फेरि बुद्धिमान तामाङ, २०५५ मा तारणीदत्त चटौत, २०५६ मा गंगाधर लम्साल, २०५७ मा सिद्धराज ओझा, २०५८ मा मोहमद अफ्ताव आलम, २०६६ गोपालमणि गौतम, २०६८ मा भक्तिप्रसाद लामिछाने, २०७१ मा शारदाप्रसाद सुवेदी, २०७३ मा विक्रम पाण्डे, २०७६ मा देवीप्रसाद ज्ञवाली र २०७८ मा केशवप्रसाद निरौलाको नेतृत्वमा भूमि आयोग तथा समिति बनेका थिए।

देवी ज्ञवाली नेतृत्वमा गठित भूमिसम्बन्धी समस्या समाधान आयोग विघटन हुनुपूर्व ११ लाख ८० हजार सात सय ६१ परिवार (भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासी) ले निवेदन बुझाएका थिए। हाल राष्ट्रिय भूमि आयोग विघटनपूर्व यो संख्यामा एक लाख ६९ हजार दुई सय ३९ निवेदन थपिई कुल १३ लाख ५० हजार परिवार (भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासी) का तर्फबाट निवेदन पेस भएका छन्। साथै, आयोगले विभिन्न समयमा गठित भूमि आयोग तथा समितिले संकलन गरेको पुरानो निवेदन ८६ हजार चार सयको समेत प्रक्रिया अघि बढाई लालपुर्जा वितरण गर्न खोजेको थियो। तर, नयाँ सरकारले भूमि आयोग विघटन गरेसँगै यी काम अन्योलमा परेको विघटित भूमि आयोगका उपाध्यक्ष नहेन्द्र खड्काले बताए।


पछिल्लोपटक केशव निरौलाको नेतृत्वमा गठित राष्ट्रिय भूमि आयोगले करिब ३२ महिना काम गर्दा जम्मा पाँच हजार तीन सय ५३ परिवारलाई मात्र लालपुर्जा वितरण गरेको देखिन्छ। यद्यपि आयोगमा ठूलो संख्यामा निवेदन परेको थियो। ती निवेदनलाई यसपटक आयोगले स्थानीय तहदेखि नै शुद्धीकरण गरी व्यवस्थित तथ्यांक प्रणाली बनाई स्थानीय तहबाटै संकलित निवेदनको कम्प्युटरीकृत विवरण राख्ने कार्य अघि बढाएको थियो। यसो हुँदा आयोग विघटन हुने दिनसम्म १० लाख ५० हजार एक सय ३५ निवेदन प्रविष्टीकरण कार्य सकिएको थियो। राष्ट्रिय भूमि आयोगले सात सय २८ स्थानीय तहसँग सम्झौता गरी सात सय २७ मा निवेदन संकलन गरिसकेको थियो।

भूमि आयोगले विभिन्न स्थानीय तहसँग समन्वय गरी ३८० जना नापी कर्मचारी (सर्वेक्षक र अमिन) खटाएको थियो। उनीहरूले स्थानीय तहमै रही दुई लाख ४३ हजार पाँच सय ६१ कित्ता नापजाँच गरी नक्सा र लालपुर्जा बनाउने काम धमाधम भइरहेको थियो। आयोग विघटनसँगै यी सबै काम अन्योलमा परेका छन्।

राष्ट्रिय भूमि आयोगको विवरणअनुसार अव्यवस्थित बसोवासीलाई वितरण गरिएको जग्गाबाट ५१ करोड ३८ लाख ५१ हजार ९३६ रुपैयाँ राजस्व संकलन भई संघीय सरकारको राजस्व खातामा गएको छ। यद्यपि यसपटक भूमि वितरण गरिँदा बढी नै राजस्व संकलन गर्ने कार्यविधि भएका कारण कतिपय स्थानीय तहमा लालपुर्जा बनेको भए पनि अव्यवस्थित बसोवासीले राजस्व तिर्न नसकेका कारण लिन सकेका छैनन्। सरकारले राजस्व घटाउन खोज्दा चौतर्फी घेराबन्दीमै परेको जस्तो देखिन्छ।

भूमि आयोग विघटनको लामो शृंखलाले भूमिहीन जनतामा बढी नै निराशा छाएको छ। राज्यको ठूलो लगानी पनि खेर गएको छ। यसपटक स्थानीय सरकारले पनि ठूलो स्रोत खर्च गरी भूमिहीन एवं अव्यवस्थित बसोवासीको समस्या समाधान गर्ने प्रयास गरेका थिए। उनीहरूले लगत संकलन र जग्गा नापजाँच गरेर अन्तिम अवस्थामा पुऱ्याई लालपुर्जा वितरण गर्ने वेलामा आयोग विघटन हुँदा भूमिहीनको दलप्रतिको विश्वास टुटेको छ। साथै, देशभरका भूमिहीन एवं अव्यवस्थित बसोवासीको लामो समयदेखिको जग्गा पाउने आशा र सपनामाथि पनि कुठाराघात भएको छ।

अर्कोतर्फ यसरी आयोगहरू विनाविकल्प विघटन हुँदा त्यसको स्वामित्व कसले लिने भन्ने अन्योल पनि छ भने अब अर्को आयोग बन्दा फेरि काम सुरुबाटै हुने कि



अहिलेकै अवस्थाबाट अघि बढ्ने भन्ने अन्योल पनि उत्तिकै छ। साथै, अहिलेको डिजिटल तथ्यांक पनि कसरी व्यवस्थित हुन्छन् भन्ने जटिल प्रश्न उठेको छ।

आयोग विघटन गरिँदा केन्द्रदेखि जिल्ला तहसम्मकै संरचना विघटन हुन्छन्। त्यसको प्रत्यक्ष असर अहिले पनि ७७ वटै जिल्लामा गठित आयोगमाथि परेको छ। साथै, पालिका र वडा तहमा पनि सहजीकरण समिति बनेका छन्। ती समितिले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासी परिवारको लगत संकलनदेखि पुर्जा तयारी प्रक्रियासम्म सहजीकरणमा मद्दत गरिरहेका थिए। त्यसैले, आयोग विघटनसँगै यी सबै संरचनामा पनि फेरबदल आएका छन्। अब पुनः यी कार्य अघि बढाउन थप केही वर्ष लाग्नेछ।

> लगत संकलन र जग्गा नापजाँच गरेर लालपुर्जा वितरण गर्ने वेलामा भूमि आयोग विघटन हुँदा भूमिहीनको दलप्रतिको विश्वास टुट्नुका साथै देशभरका भूमिहीन एवं अव्यवस्थित बसोवासीको लामो समयदेखिको जग्गा पाउने आशा र सपनामाथि पनि कुठाराघात भएको छ

विघटित भूमि आयोगका उपाध्यक्ष नहेन्द्र खड्का भन्छन्, 'यो राज्यका ठूला पक्ति भूमिहीनविरोधी छन्। उनीहरू भूमिहीनलाई जमिन वितरण गर्न हुँदैन भन्ने तर्क गर्छन्। उनीहरू नेताहरूले आफ्ना कार्यकर्तालाई जग्गा बाँड्यो भन्दै गलत प्रचारबाजीमा लागिदिँदा पनि समस्या आइरहेका छन्, तर वास्तविकता त्यस्तो होइन। उनी भन्छन्, भूमिहीन र सुकुम्बासीलाई एकपटक जसरी भए पनि व्यवस्थापन गर्नु राज्यको कर्तव्य हो। विघटित भूमि आयोगले लालपुर्जा समयमै वितरण गर्न नसक्नुको अर्को कारण अव्यवस्थित बसोवासीलाई जग्गा वितरण गरिँदा तिर्नुपर्ने ठूलो राजस्व पनि एक हो। कतिपय स्थानीय तहमा लालपुर्जा बनेका छन्, तर राजस्व तिर्न नसकेर रोकिएको छ। अहिले पनि धेरै स्थानीय तहमा लालपुर्जा बनेका छन्। तर, अव्यवस्थित बसोवासीसित राजस्व तिर्न सक्ने सामर्थ्य नभएकाले त्यसै थन्किएका छन्। साथै, कर्मचारीको असहयोग, भूमिहीनलाई लालपुर्जा दिनु हुँदैन भन्ने पूरानो मानसिकता र भूमिहीन सबै राजनीतिक दलका कार्यकर्ता मात्र हुन् भन्ने गलत भाष्यका कारण पनि भुइँ तहका भूमिहीन समस्या समाधानमा अवरोध सिर्जना भइरहेको छ।

आजसम्म राजनीतिक दलसँग भुइँ तहमा रहेका गरिब जनताले धेरै नै आशा राख्दै आएका थिए। यसबीच दलहरूले आश्वासनबाहेक जनताको दुःख मेटाउन सकेनन्। अझ भन्ने हो भने भुइँ तहमा रहेका जनता खासगरी भूमिहीन, सुकुम्बासी, अव्यवस्थित बसोवासी र गरिब किसानले धेरै आश्वासन पाए, तर सहयोग पाएनन्। लालपुर्जा पाउने धेरैका सपना अधुरै रहे। तर, यिनैको भोटलाई सत्तामा पुग्ने भऱ्याङ सबै दलले बनाए, माथि पुगे, सत्तासीन भए, तर तिनै गरिब जनताको भोटले सत्तामा पुगेका दल र तिनका नेतृत्वले भूमिहीनलाई प्रयोग मात्रै गरे। जमिन वितरण गरेनन्। जमिन दर्ता गरेनन्। खाली आयोग बनाए। जनताको आँखामा छारो हाल्दै आए।

राजनीतिक दलहरूले भूमिहीनलाई जग्गा उपलब्ध गराएर सर्धैंका लागि लालपुर्जा वितरण गर्ने वाचा गरे। यस्तै वाचा बर्दिबास महोत्तरीका वीरबहादुर विकले सँगालेर राखेका थिए। उनी भन्छन्- पटक-पटक आयोग बने। आस बाँडे, भूमि बाँडेनन्। हरेकपटक आयोग बन्छ। निवेदन दियो। पुर्जा बाँड्ने वेलामा आयोग विघटन हुन्छ। अब बन्ने आयोग पनि यस्तै हो। अब भूमि प्राप्तिको आन्दोलनको विकल्प छैन। हाम्रो आशा पनि हराउँदै गएको छ।

कतिपय नागरिकको आफ्नो टेकेको भूमि आफ्नो भन्ने अवस्था छैन। सर्धैं असुरक्षित छ बसोवास। जमिनको स्वामित्व नहुँदा सर्धैं उठीवासको त्रास छ। आयोग बन्छ। अव्यवस्थित बसोवासीमा भिनो आस पलाउँछ। अब त निवेदन पेस भयो। जग्गा नापी भयो। आफू बसेको जमिनको पुर्जा पाइन्छ भन्ने विश्वास पनि जाग्छ। तर, जब पुर्जा बन्ने तर्खर हुन्छ। सरकार परिवर्तन हुन्छ। आयोग फेरिन्छ। भूमिहीनहरूको सपना सर्धैं अधुराका अधुरै रहन्छन्।

नेपालको राजनीतिक अस्थिरताले भर्नैं या सरकारी कर्मचारीको रबैयाका कारण भूमिहीन सर्धैं अन्यायमा पर्छन्। राजनीतिक दलको स्वार्थका कारण भूमिहीनमाथि एकखाले अन्याय सर्धैं हुँदै आयो। यसरी एकपछि अर्को सरकारले बनाएका संरचनालाई पनि काम सुरु गर्दा नगर्दै सरकारसँगै सती जान बाध्य पारिन्छ। त्यसले राज्यको ढुकुटी त रित्तिएकै छ नै साथै यी कार्यले भूमिहीनका समस्या समाधान हुनुभन्दा पनि झन् थपिँदै गएका छन्।

नेपालको संविधान ०७२ भाग ३ को धारा ४० को दलितको हकसम्बन्धी बुँदा (५) मा राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ। धारा ४० कै बुँदा (६) मा राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोवासको व्यवस्था गर्नेछ। भाग ४ को राज्यका निर्देशन सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत धारा ५१ को 'ज' को (११) मा अव्यवस्थित बसोवासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने कुरा उल्लेख छ। तर, पटक-पटक भूमि आयोग बन्दै खारेजी हुनुले यो कानुन कार्यान्वयनमा सरकार इमानदार छैन भन्ने प्रस्ट भएको छ।

हरेकपटक सरकार बन्नेबित्तिकै पहिलो प्रहार नै भूमि आयोगमाथि हुने गरेको छ। लोकतन्त्रमा सबै नागरिक बराबर हुने र नेपालको संविधानले समेत सबै जनतालाई समान मानेको भए पनि भूमिहीन र सुकुम्बासीहरू लामो समयदेखि राजनीतिक चेपुवामा पर्नु अन्याय हो। अतः अब नयाँ सरकारले बनाउने भूमि आयोगलाई पूर्ण रूपमा काम गर्न दिई एकपटक नेपाल राज्यभर रहेका तमाम भूमिहीनका समस्या समाधान गर्ने प्रतिबद्धता जरुरी छ।

३ प्रश्न

एलपी ग्यास उद्योग संघका अध्यक्ष **शिवप्रसाद घिमिरे**लाई



एलपी ग्यासको मूल्य र तौल दुईथरी निर्धारण गर्नु कत्तिको आवश्यक छ ?

औद्योगिक प्रयोजनका लागि चार सय ५० किलो तौलको ठूलो सिलिन्डर आवश्यक छ। विभिन्न उद्योगले अहिले त्यसको माग पनि गरिरहेको अवस्था छ। त्यसैले, आयल निगम र बोटलिङ प्लान्टले सहकार्य गरी उद्योगको मागअनुसार ठूलो क्षमताका सिलिन्डर प्रचलनमा ल्याउनु आवश्यक भइसकेको छ।

पटक-पटक दुईथरी मूल्य र तौलको विषय उठिसकेको छ, तर कार्यान्वयन किन नभइरहेको होला ?

विगतमा भएको असफल प्रयासलाई गम्भीर रूपमा लिई यसपटक आवश्यक सबै तयारी गरेर ठोस कदम चाल्नुपर्छ। बोटलिङ प्लान्ट र निगम अधिकारीबीच विस्तृत छलफल र गृहकार्य गरेर यसपटक ठूलो क्षमताको सिलिन्डर प्रचलनमा ल्याउन आवश्यक छ। हामी पनि निगमसँग सहकार्य गरेर अलि गहन छलफलपछि मात्र एलपी ग्यासमा दुईथरी मूल्य र तौल लागू होस् भन्ने चाहन्छौं।

एलपी ग्यासमा दुईथरी मूल्य र तौल लागू गर्न के-कस्तो प्रावधान ल्याउनु जरुरी छ ?

अहिले देशभर १४.२ किलो र पाँच किलोका सिलिन्डर मात्र प्रयोगमा रहने कानुनी व्यवस्था छ। यसमा संशोधन गरी चार सय ५० किलो तौलका सिलिन्डर पनि प्रयोगमा ल्याउने विषय कानुनमै समेटिनुपर्छ। त्यस्तै, मूल्य पनि देशभर एउटै हुने भन्ने छ। यस व्यवस्थालाई पनि संशोधन गरी फरक-फरक मूल्य तोक्न सकिने व्यवस्था हुनुपर्छ। यस्ता कानुनी व्यवस्थालाई संशोधन गर्ने हो भने ठूलो क्षमताका सिलिन्डर तयार गरेर बजारमा उपलब्ध गराउन बोटलिङ प्लान्ट र सिलिन्डर निर्माण कम्पनीलाई समस्या छैन।

प्रेरक प्रसंग

सेवकमाथिको प्रेम

जतिखेर ब्रिटेनका विश्वविख्यात वैज्ञानिक कथाकार, लेखक एवं इतिहासकार एचजी वेल्स सानै थिए, उनकी आमा घरेलु कामदारका रूपमा काम गर्थिन्। ठूलो भएपछि वेल्सले धेरै धन कमाए। उनले कैयौं तला भएको भव्य महल बनाए।

एकपटक उनले घर आइपुगेका आफ्ना साथीलाई आफ्नो घर घुमाउँदै चोटाकोठा देखाए। एउटा बडो सानदार र आधुनिक सुखसुविधाले परिपूर्ण कोठा देखाउँदै वेल्सले भने, 'यो मेरो सेवकको कोठा हो।' अर्को तलामा पुगेपछि वेल्सले एउटा साधारण कोठा देखाउँदै भने, 'यस कोठामा चाहिँ म र मेरो परिवारका सदस्य बस्छौं।'



साथी आश्चर्यचकित थिए। उनलाई अचम्म लागेको थियो। वेल्स आफूचाहिँ यति साधारण कोठामा बस्छन् र आफ्नो सेवकका लागि यति ठाँटबाँटले सजाइएको कोठा दिएका छन्। खसखस थाम्न नसकेर उनले आखिरमा सोधे, 'वेल्स, एउटा कुरा बताउनुस् त, तपाईंले आफ्नो सेवकलाई ठूलो र राम्रो कोठा बनाइदिनुभएको छ, तर आफू भने अत्यन्त साधारण कोठामा बस्नुहुन्छ। यस्तो किन ? तपाईं आफैँ तल्लो तलाको सानदार कोठामा किन बस्नुहुन्न ?'

साथीको कुरा सुनेर वेल्स गम्भीर भए र भने, 'मेरा प्रिय साथी, म सेवकलाई आफूभन्दा धेरै महत्त्वपूर्ण मान्छु, उनीहरू मेरा लागि आफूभन्दा धेरै प्रिय छन्।'

'यस्तो किन ?' साथीले फेरि सोधे।

'किनकि साथी, म केटाकेटी छँदा मेरी आमा पनि कसैकी सेविका थिइन्।' वेल्सका कुरा सुनेर उनका साथी गम्भीर भए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

निर्देशनको अनुगमन गर

शैक्षिक सत्रको सुरवातमै ७५३ पालिकामा शिक्षा नियमानुसार कडाइसाथ नियम-कानुन लागू गर्न र गराउन शिक्षामन्त्रीले निर्देशनात्मक परिपत्र पठाएको हुँदा त्यसको कार्यान्वयन भएको अवस्थामा सार्वजनिक शिक्षामा सुधार आउने अपेक्षा गर्न सकिन्छ। तर, हाम्रो देशमा यस्ता निर्देशन या परिपत्र जति आए पनि त्यसलाई खासै महत्व नदिने र कार्यान्वयन नगर्ने समूह ठूलै छ। फेरि हामीकहाँका सार्वजनिक विद्यालयका हर्ताकर्ता आफूलाई शिक्षामन्त्रीभन्दा पनि माथिल्लो तहका अधिकार ठान्छन्। तिनले शिक्षामन्त्रीको निर्देशन कार्यान्वयन गर्लान् नै भन्ने विश्वास भने छैन। त्यसैले, यसको कडाइपूर्वक अनुगमन गरिनुपर्छ। अन्यथा, यस्तो निर्देशनको कुनै अर्थ नहुन सक्छ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

दुईथरी मूल्य कार्यान्वयनमा प्रश्न

नेपाल आयल निगमले खाना पकाउने ग्यासको दुईथरी मूल्य कायम गरी सिलिन्डरसमेत फरक-फरक बनाउने तयारी गरेको समाचार पढियो। घरायसी र औद्योगिक प्रयोजनका लागि दुईथरी सिलिन्डर प्रयोगमा ल्याउनु गलत होइन। यसले ग्यासबाट निगमले व्यहोरिरहेको घाटा पूर्ति गर्न पनि सहयोग पुग्छ। तर, निगमले विगतमा पनि यस्तो प्रयास नगरेको होइन। त्यतिखेर असफल भएको यो अभियान यसपालिचाहिँ होला त ?

● **गोमाकुमारी विक**
सीतापाइला, काठमाडौं

महिला क्रिकेट टोलीलाई बधाई

नेपाली महिला क्रिकेट टोलीले आगामी जुलाईमा श्रीलंकामा आयोजना गरिने एसिसी महिला एसिया कममा प्रतिस्पर्धा गर्ने समाचार सुन्दा खुसी लाग्यो। यसका लागि महिला क्रिकेटका प्रशिक्षक, व्यवस्थापक तथा सम्पूर्ण खेलाडीलाई बधाई तथा शुभकामना छ। पुरुष क्रिकेट टोलीले जस्तै महिला क्रिकेट टोलीले पनि भारत र पाकिस्तानविरुद्ध प्रतिस्पर्धा गर्नुपर्ने भएकाले राम्रो तयारी गरी प्रभावकारी उपस्थिति देखाउन टोलीलाई विशेष शुभकामना छ।

● **सौरभ महर्जन**
कीर्तिपुर, काठमाडौं

छात्रवृत्तिको अनुगमन गरौं

निजी विद्यालयले सरकारले तोकेको छात्रवृत्ति कोटा छुट्याउने गरेका छन्। तर, त्यसरी छुट्याइएको कोटामा लक्षित वर्गले अवसर पाउँदैनन्। छात्रवृत्तिको अवसर सञ्चालकका आफ्ना मान्छेले मात्र पाउँछन्। गरिब, असहाय तथा निमुखाका नाममा छुट्याइएको कोटामा कि त नेताका मान्छे पर्छन्, कि त विद्यालय सञ्चालकका आफन्त। अनुगमन र नियमन गर्नुपर्ने निकाय निष्क्रिय भएकाले तोकेको कोटामा लक्षित वर्गको पहुँच पुग्नै सकेको छैन। नवनियुक्त शिक्षामन्त्री सुमना श्रेष्ठबाट जनताले धेरै आशा गरेका छन्। उनले देशको शिक्षा क्षेत्र सुधार गर्न आफ्नो सम्पूर्ण ध्यान र शक्ति केन्द्रित गर्नुपर्ने देखिन्छ।

शिक्षामन्त्री श्रेष्ठले निजी विद्यालयमा शुल्क निर्धारण र छात्रवृत्ति वितरणको व्यवस्था मिलाउन स्थानीय तहलाई बुधबार परिपत्र गरेकी छिन्। यो राम्रो काम हो। तर, परिपत्रले मात्र पुग्दैन, यसको अनुगमन नियमन पनि सही तरिकाले हुनुपर्छ। हरेक स्थानीय तहले शिक्षा शाखा खोलेका छन्। तर, ती शाखाले जनस्तरमा पुगेर काम गरेको देखिँदैन। निजी विद्यालयले सरकारलाई न्यूनतम शुल्क लिएको रिपोर्ट देखाउँछन्, तर अभिभावकसँग अनेक शीर्षकमा चर्को शुल्क लिन्छन्। एउटै विद्यार्थी एउटै स्कुलमा पढ्दा पनि हरेक वर्ष नयाँ शैक्षिक सत्रमा भर्ना गर्नुपर्छ। भर्ना शुल्क नभनेर वार्षिक शुल्क भनेर त्यस्तो शुल्क दिने गरिएको छ। परीक्षा शुल्क प्रतिविद्यार्थी पाँच सय रुपैयाँभन्दा बढी लिन्छन्, यो ज्यादती होइन ? यसबारे मन्त्रालय र सम्बन्धित स्थानीय तहले अनुगमन गरी सुधारका लागि पहल गर्न ढिलो गरिनु हुँदैन।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

अमेरिकाको खतरनाक वर्ष

अमेरिकी लोकतन्त्रले सामना गर्ने धेरै अवरोधका कारण आगामी वर्ष अमेरिका र विश्वव्यापी समुदाय दुवैका लागि विशेष चुनौतीपूर्ण हुनेछ



देश/विदेश

● रिचार्ड हास

संसारभर ६ दर्जनभन्दा बढी देशमा यस वर्ष चुनाव हुँदै छ। तर, कुनै पनि चुनाव नोभेम्बरमा अमेरिकामा हुने चुनावजति परिणामकारी हुनेछैन। अमेरिकाको आर्थिक, सैन्य एवं कूटनीतिक शक्ति र प्रभाव हेर्ने हो भने अमेरिकामा जे हुन्छ, त्यसले सधैं ठूलो प्रभाव पार्छ। युरोप र इन्डो-प्यासिफिक क्षेत्रका मुलुकले आफ्नो सुरक्षाका लागि अमेरिकामाथि भरोसा गर्छन् र अमरिकी प्रत्याभूति करिब ७५ वर्षदेखि प्रश्नभन्दा माथि छ। यसबाहेक अमेरिकी इतिहासमा धेरैजसो राष्ट्रपतीय चुनावका विपरीत यो एक यस्तो चुनाव हो, जसमा दुई सम्भावित प्रमुख दलका उम्मेदवारबीचको भिन्नता समानताभन्दा धेरै छन्। सिनेट र हाउस अफ रिप्रेजेन्टेटिभमा दुई दलमध्ये कसले जित्ला भन्नेमा यस्तै परिदृश्य देखिन्छ। अमेरिकी लोकतन्त्रले सामना गर्ने धेरै अवरोधका कारण आगामी वर्ष अमेरिका र विश्वव्यापी समुदाय दुवैका लागि विशेष चुनौतीपूर्ण हुनेछ। वास्तवमा यी चुनौतीका तीन फरक चरण छन् र प्रत्येकले अद्वितीय कठिनाइ र जोखिम प्रस्तुत गर्छन्।

पहिलो चरणको चुनौती सुरु भइसकेको छ र यो निर्वाचनको दिन अर्थात् ५ नोभेम्बरसम्म चल्नेछ। समस्या पहिल्यैदेखि स्पष्ट छ, अर्थात् राजनीतिले नीतिलाई माथ दिएका कारण महत्त्वपूर्ण कानुन बनाउन लगभग असम्भव छ। रिपब्लिकन बाहुल्य भएको सदन पार्टीका अपेक्षित राष्ट्रपति उम्मेदवार डोनाल्ड ट्रम्पबाट प्रभावित भएका यसकारण सदनले युक्रेनलाई सैन्य सहायताको प्रावधान अवरुद्ध गरेको थियो। युरोपमा रुसी आक्रमणको सफलतापूर्वक प्रतिरोधको दुई वर्ष जोखिममा परेको छ। रिपब्लिकन जनप्रतिनिधिले पनि देशको दक्षिणी सिमानामा सुरक्षा सुधार गर्ने कानुन पारित गर्न अस्वीकार गरेका छन्। किनभने, ट्रम्प आप्रवासीको आगमनले राष्ट्रपति जो बाइडेनको सार्वजनिक समर्थनलाई कमजोर पार्छ भन्नेमा ढुक्क छन्। राजनीतिक परिस्थितिले अमेरिकालाई आप्रवासन नीति जारी राख्न वा सुधार गर्नबाट रोक्न सक्छ, जसले देशको आर्थिक समृद्धिमा ठूलो योगदान पुऱ्याएको छ।

चुनौतीको दोस्रो चरण चुनावपछि सुरु हुनेछ। अमेरिकी प्रणालीको विशेषता रहेको सत्ताको शान्तिपूर्ण हस्तान्तरण अब देख्न सकिनेछैन। चुनाव र नयाँ पदबहालीबीच ७५ दिनको कामचलाउ समय खतरनाक वर्षको सबैभन्दा खतरनाक चरण बन्न सक्छ। ६ जनवरी २०२१ को हिंसात्मक विद्रोह प्रयास यही अन्तरालमा भएको थियो।

पहिले राज्य र त्यसपछि राष्ट्रियस्तरमा हुने मतपत्रको सही गणना र प्रमाणीकरण अनिवार्य छ। धेरै पाठकलाई अमेरिकी राष्ट्रपति राष्ट्रिय जनमतका आधारमा निर्वाचित हुँदैनन् भन्ने थाहै छ। बरु प्रत्येक राज्यले आफ्नै मत गणना गर्छ र लगभग हरेक राज्यमा सबैभन्दा धेरै मत प्राप्त गर्ने उम्मेदवारले दुई राज्यबाहेक त्यस राज्यको सबै चुनावी मत प्राप्त गर्छ। उदाहरणका लागि सबैभन्दा धेरै जनसंख्या भएको राज्य क्यालिफोर्नियामा ५४ निर्वाचक मत छन्, जबकि ६ कम जनसंख्या भएका राज्य (र डिस्ट्रिक्ट अफ कोलम्बिया) मा प्रत्येकले तीन निर्वाचक मत प्राप्त गर्छन्। एक उम्मेदवारले जित्न दुई सय ७० इलेक्टोरल कलेज मत हासिल गर्नुपर्छ। सन् २०२० मा चुनावी नतिजालाई विवादित बनाउन खोजिएको थियो र सन् २०२२ को अन्त्यमा बाइडेनले हस्ताक्षर गरेको कानुनले त्यस्ता चुनौतीलाई असम्भव नभए पनि सख्त रूपमा सामना गर्ने लक्ष्य राखेको छ। कुनै पनि चुनौतीबारे कांग्रेसको संयुक्त सत्रमा समीक्षा गरिनेछ।



तस्बिर : रोबर्टो स्मिड/एएफपी

यसैबीच राजनीतिक हिंसाको सम्भावना छ। मुठीभरका राज्यमा दसौं हजार मतले परिणामको निर्णय गर्ने सम्भावना हुन्छ। निकट एवं प्रतिस्पर्धात्मक नतिजाले नागरिक अव्यवस्था निम्त्याउन सक्छ, विशेषतः यदि बाइडेनले पुनः जिते र ट्रम्पले हारे भने अव्यवस्था निम्तिन सक्छ। चुनावको नतिजाबाट विचलित र विभाजित देशले विश्वमा काम गर्ने मामिलामा एकाग्रता र एकताको अभाव हुने निश्चित छ। अन्तिम चुनौती अर्को वर्षको पदबहाली दिवस अर्थात् २० जनवरी २०२५ बाट सुरु हुनेछ। यदि बाइडेनले फेरि जिते भने ट्रम्पका समर्थकले उनको विजयलाई स्वीकार गर्छन् वा गर्दैनन् र सिनेट एवं सदनमा कुन पार्टीको नियन्त्रण हुनेछ भन्नेले धेरै बताउनेछ। बाइडेन पुनः जितेको अवस्थामा धेरै परिवर्तन नहुन सक्छ। रिपब्लिकन सांसदले आवश्यक कानुन पारित गर्न सहयोग नगर्न सक्छन्।

यदि ट्रम्प पुनः निर्वाचित भएमा अमेरिका र विश्वले फरक चुनौतीको सामना गर्नेछ। ट्रम्पले नेटोमा अमेरिकाको संलग्नतामा सन्देह व्यक्त गरेका छन् र रुसले रक्षा खर्चको लक्ष्य पूरा नगर्ने नेटो देशलाई तारो बनाउन सक्ने सल्लाह पनि दिएका छन्। उनले चिनियाँ आयातमा ६० प्रतिशत कर लगाउने धम्की दिएका छन् र कथित रूपमा चीनको आक्रामकताविरुद्ध अमेरिकाले ताइवानको रक्षा गर्ने कि नगर्ने भन्ने प्रश्न पनि उठाएका छन्। उनले निरंकुश शासकप्रति लगाव देखाएका छन् र अमेरिकाका लोकतान्त्रिक सहयोगीप्रति घृणा प्रदर्शन गरिरहेका छन्।

निःसन्देह अमेरिकामा नियन्त्रण एवं सन्तुलन प्रणाली छ, तर राष्ट्रपतिले कर्मचारी नियुक्ति एवं निकाला गर्ने र नीति तय गर्ने विषयमा अत्यन्तै स्वतन्त्रता पाएका छन् र यो स्वतन्त्रता तब बढ्छ, जब राष्ट्रपतिको पार्टीले कांग्रेसका दुवै सदनमा नियन्त्रण गर्छ। रिपब्लिकनले कार्यकारी र विधायकीय शाखामा नियन्त्रण प्राप्त गरेमा दोस्रो विश्वयुद्धपछिको अन्तर्राष्ट्रिय व्यवस्था र अमेरिकी लोकतन्त्र ठूलो दबाबमा आउन सक्छ। नोभेम्बरमा अमेरिकीले मात्र मतदान गर्न पाउँछन्, तर बाँकी विश्वले प्रभाव महसुस गर्नेछ। नतिजा अमेरिकी चुनावी नतिजा सबैका लागि खतरनाक साबित हुन सक्छ।

(हास काउन्सिल अन फरेन रिलेसन्स इमेरट्सका अध्यक्ष हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

केजरिवालको पक्राउपछि भारतीय राजनीतिमा अनुत्तरित प्रश्न

आम आदमी पार्टी (आप) ले पहिलेदेखि नै उसका नेता अरविन्द केजरिवाल पक्राउ पर्न सक्ने दाबी गर्दै आएको थियो। त्यो दिन अन्ततः मार्च २१ मा आयो, जतिवेला प्रवर्तन निर्देशनालय (इडी)ले केजरिवाललाई दिल्ली रक्सी घोटालामा संलग्न भएको आरोपमा पक्राउ गऱ्यो। झारखण्डका हेमन्त सोरेनपछि केजरिवाल पदमा रहँदै गिरफ्तार हुने भारतका दोस्रा मुख्यमन्त्री बने। संयोगवश दुवै नेताका लागि केन्द्रीय जाँच निकायको नर्वौं बोलावटसमेत बेवास्ता गर्नु खतरनाक साबित भयो। केजरिवालको गिरफ्तारीपछि आम आदमी पार्टी अबेर राति सुनुवाइका लागि सर्वोच्च अदालतमा पुग्यो। तर, अदालतले उनको शीघ्र रिहाइको माग अस्वीकार गरिदियो। पार्टीले पछि आफ्नो निवेदन फिर्ता लियो र अब मुद्दा पुनः अदालतमा पुगेको छ। 'प्रिभेन्सन अफ मनी लान्ड्रिङ एक्ट (पिएमएलए), २००२' को कडा नियमअन्तर्गत अदालतबाट राहत पाउन सजिलो छैन।

पछिल्लो घटनाक्रम आम आदमीका लागि ठूलो झट्का रूपमा आएको छ। भारतको राष्ट्रिय राजधानी क्षेत्र दिल्लीका पूर्वउप-मुख्यमन्त्री मनीष सिसोदिया भ्रष्टाचारको मुद्दामा जेलमा छन्। भ्रष्टाचारविरुद्धको आन्दोलनबाट बनेको पार्टी आज भ्रष्टाचारका मुद्दामा आफ्नो शीर्ष नेतृत्व पक्राउ पर्नु विडम्बना हो। मुद्दाका विभिन्न कोण छन्- कानूनी, राजनीतिक र नैतिक। आम आदमीले भारतीय जनता पार्टी (भाजपा)लाई पार्टी समाप्त गर्न केन्द्रीय एजेन्सीहरू प्रयोग गरेको आरोप लगाएको छ। भाजपाले भने कानुनले सही दिशा लिइरहेको र आम आदमी पार्टीले मदिरा नीतिमा गरेको अवैध कामका लागि सजाय भोग्नुपरेको दाबी गरेको छ। आम आदमी पार्टीले केजरिवाललाई आगामी लोकसभा चुनावमा प्रचार गर्नबाट रोक्नका लागि यो कदम चालेको आरोप लगाउँदै गिरफ्तारीको समयमाथि प्रश्न उठाएको छ। उता भाजपाले भने केजरिवालले मतदाताहरूको सहानुभूति बटुल्न खोजेको आरोप लगाएको छ।

यी आरोप-प्रत्यारोपबीच केजरिवालको गिरफ्तारीले केही प्रश्न अनुत्तरित छाडेका छन्। यहाँ तीमध्ये प्रमुख प्रश्नको जवाफ दिने प्रयास गरिएको छ।



केजरिवाल पक्राउपछि मुख्यमन्त्री पद जान्छ कि रहन्छ ?

आम आदमी पार्टीले केजरिवाल मुख्यमन्त्री रहने र जेलबाट सरकार चलाउने दाबी गरे पनि के यो कानुनी रूपमा मान्य छ ? उनी कुनै विभागविनाको मुख्यमन्त्री हुन्। अहिलेसम्म दोषी ठहर नगरिएकाले केजरिवाललाई विधायकको रूपमा अयोग्य घोषित गर्न सकिँदैन। र, यसको अर्थ उनी मुख्यमन्त्री बन्न पनि योग्य छन्। सैद्धान्तिक रूपमा यो सही देखिन्छ। तर, मुख्यमन्त्री बनेर बस्नु नैतिक तवरले कत्तिको ठीक होला ? के दिल्लीका लेफ्टिनेन्ट गभर्नर (एल-जी)ले हस्तक्षेप गरेर केजरिवाललाई मुख्यमन्त्रीबाट हटाउन वा सरकारको लगाम लिन सक्छन् ? यो हेर्न बाँकी छ। गभर्नरसँग आपको राम्रो सम्बन्ध पनि छैन।

गिरफ्तारीले आपका लागि सहानुभूति मत ल्याउन सक्छ

यो लाखौँ डलरको प्रश्न हो। पक्राउले स्पष्ट रूपमा आम आदमीका मुख्य मतदाताबीचको समर्थनलाई सुदृढ बनाउँछ। यद्यपि, दिल्ली र पन्जाबबाहिर यो 'फ्याक्टर' मतदाताहरूमा धेरै प्रतिध्वनित नहुन सक्छ। आम आदमीको राष्ट्रिय महत्वाकांक्षा भएकाले गिरफ्तारीले पार्टीको विस्तार योजनामा बाधा पुऱ्याउन सक्छ, किनकि इडीको कदमले आपको 'भिन्न पार्टी'को छविलाई गम्भीर रूपमा ध्वस्त पार्छ।

एउटा राज्यको रूपमा दिल्लीले विभाजित मतदान देख्छ। अर्थात् ठूलो संख्याका मतदाताले राज्यस्तरको चुनावमा आपलाई समर्थन गर्छन्, तर राष्ट्रिय चुनावमा भाजपालाई भोट दिन्छन्। यसको मतलब राजधानीमा परिवर्तित वा तटस्थ मतदाताको संख्या राम्रो छ। केजरिवालको गिरफ्तारीले यो क्षेत्रलाई कस्तो असर गर्छ ? केजरिवाललाई भाजपाले केन्द्रीय एजेन्सीमार्फत निसाना बनाएको जस्तो मतदाताहरूको एक वर्गले महसुस गरे पनि के यसले अर्को वर्षको सुरुमा हुन लागेको राज्य चुनावमा (र, आउँदो आम चुनावमा पनि) उनको फाइदाका लागि काम गर्ला ?

> आम आदमी पार्टीले केजरिवाल मुख्यमन्त्री रहने र जेलबाट सरकार चलाउने दाबी गरे पनि दिल्लीका लेफ्टिनेन्ट गभर्नर (एल-जी)ले हस्तक्षेप गरेर केजरिवाललाई मुख्यमन्त्रीबाट हटाउन वा सरकारको लगाम लिन्छन् ? यो हेर्न बाँकी छ।

दिल्लीको चुनाव हुन अझै दुई महिना बाँकी (मे २५) छ। के भाजपाले आपलाई अनजानमा दिल्ली राज्यलाई व्यञ्जनको रूपमा प्रस्तुत गरेको हो ? सन् २०२५ मा पार्टीले सरकारमा पुगेको एक दशक पूरा गर्दै छ। के यसले २०२५ को विधानसभा चुनावमा केजरिवाल सरकारविरुद्धको सत्ताविरोधी शक्तिलाई तटस्थ गर्न सक्छ ?

पक्राउले विपक्षीलाई एकजुट बनाउला ?

मुख्य सहयोगीहरू चुनावअघि बाहिरिएसँगै र महाराष्ट्र र विहारजस्ता प्रमुख राज्यका लागि सिट बाँडफाँड सम्झौता अझै टुंगो नलागेकाले विपक्षीहरू अन्योलमा परेका थिए। तर, आज कंग्रेस (जसका नेताहरूले कथित मदिरा घोटालाको पर्दाफास गरेका थिए) अहिले यस मुद्दामा आपलाई दृढताका साथ समर्थन गरिरहेको छ। केजरिवालको समर्थनमा भारतका सबै शीर्ष नेता निस्किएका छन्। यो गिरफ्तारीले विपक्षी गठबन्धनका लागि एकीकरणकर्ताको रूपमा काम गरेको छ र विपक्षीलाई एउटा साझा मुद्दा दिएको छ, भाजपा प्रतिस्पर्धा रोक्न दृढ छ।

भाजपाका लागि प्रत्युत्पादक हुन सक्छ

जनमत सर्वेक्षणका अनुसार आम चुनाव प्रस्ट रूपमा भाजपाको पक्षमा छ। प्रायः कुनै एक पार्टी सत्तामा हुँदा त्यतिवेला उसमा अत्यधिक आत्मविश्वास हुन्छ र चेतावनी संकेतलाई बेवास्ता गर्छ। त्यस्ता कार्यले विपक्षलाई उत्तेजित गर्ने र एक प्रकारको हतियार प्रदान गर्न सक्छ। यसले भारतलाई सशक्त प्रतिपक्ष होस् भन्ने चाहने मतदातामा प्रभाव पार्न सक्छ।

लोकसभा अभियानमा आम आदमीको तर्फबाट कसले नेतृत्व गर्ला ?

आम आदमी पार्टी केजरिवालमा धेरै निर्भर छ, किनकि उनी पार्टीका प्रख्यात प्रचारक हुन्। केजरिवाललाई जिद्दी र निरंकुश भएको आरोप लगाउँदै वर्षौंदेखि पार्टीका धेरै संस्थापक सदस्यहरूले उनीसँगको मतभेदका कारण छाडेका छन्। सिसोदिया पनि जेलमा रहेकाले पार्टीमा अपिल गर्ने धेरै नेता छैनन्। एक हदसम्म यसको भार पन्जाबका मुख्यमन्त्री भगवन्त मानमाथि पर्न सक्छ। दिल्लीमा अतिसी र सौरभ भारद्वाजले पकड राख्न सक्छन्।

के केजरिवालको पक्राउ आपका लागि अन्त्यको बाटो हो ?

भ्रष्टाचारविरुद्धको जनआन्दोलनबाट आम आदमी पार्टीको जन्म भएको हो। एक दशकमै यसले राष्ट्रिय पार्टीको हैसियत प्राप्त गरेको छ। कंग्रेस र भाजपाबाहेक एकभन्दा बढी राज्यमा सरकार चलाउने यो एक मात्र पार्टी हो। यसले गुजरात, गोवा र हरियाणामा पनि आफ्नो उपस्थिति विस्तार गरेको छ,। आपमा प्रमुख प्रतिपक्षी दलको रूपमा कंग्रेसबाट आवरण लिन सक्ने सम्भाव्यता भएको धेरैले देखेका छन्। केजरिवालको गिरफ्तारीले लोकसभा चुनावको नतिजामा कस्तो प्रभाव पार्छ भन्ने अनुमान गर्नका लागि आगामी केही दिनमा कानुनी र राजनीतिक रूपमा कसरी चिजहरू बाहिर आउँछन् भन्ने हामीले हेर्नुपर्नेछ।

एनडिटिभीका लागि अमिताभ तिवारीको रिपोर्ट

यस्तो उपचार हुँदै छ क्यान्सर देखिएकी बेलायती राजकुमारी केटको

हप्तौं लामो अड्कलबाजीपछि अन्ततः 'प्रिन्सेस अफ वेल्स' भनेर चिनिने केट मिडलटनले आफूलाई क्यान्सर लागेको सार्वजनिक गरिन्, अकस्मात् भएको यस घोषणाले धेरैलाई स्तब्ध बनायो

मार्च २२ मा 'प्रिन्सेस अफ वेल्स' केट मिडलटनले उनको स्वास्थ्यसम्बन्धी भिडियो अपडेट सार्वजनिक गरिन्। बेलायतका राजा चार्ल्सको उत्तराधिकारी हुने लाइनमा रहेका राजकुमार विलियमकी पत्नी केटको उक्त भिडियो जनवरीदेखि केटको सार्वजनिक अनुपस्थितिलाई लिएर विभिन्न अड्कल भइरहँदा सार्वजनिक भएको थियो। अकस्मात् भएको घोषणाले धेरैलाई स्तब्ध पाऱ्यो। 'जनवरीमा मेरो पेटको एक शल्यक्रिया भएको थियो। त्यस समय ममा क्यान्सर नरहेको विश्वास गरिएको थियो। शल्यक्रिया सफल रह्यो, तथापि शल्यक्रियापछि गरिएका परीक्षणमा ममा क्यान्सर रहेको पत्ता लाग्यो। मेरो चिकित्सक टोलीले निरोधात्मक किमोथेरापीको कोर्स लिनुपर्ने सल्लाह दियो। अहिले पनि उपचारको प्रारम्भिक चरणमा छु,' केटले भिडियो सन्देशमा भनेकी छिन्।

रोगको पहिचानले 'ठूलो झट्का' दिएको पनि उनले बताएकी छिन्। 'हामीलाई परिस्थितिको गाम्भीर्य बुझ्न समय लाग्यो, तर जे भए पनि मलाई रोग लागेको कुरा बालबच्चालाई बताउनु एकदम महत्त्वपूर्ण थियो। हामीले समय लिएर जर्ज, चारलोट र लुइसलाई तिनले बुझ्ने भाषामा रोगबारे बतायौं र मलाई ठीक हुन्छ भन्नेमा आश्वस्त गरायौं,' केटले भिडियोमा भनेकी छिन्। उनले उल्लेख गरेका तीन बालबच्चा उनी र राजकुमार विलियमका सन्तान हुन्। तीमध्ये राजकुमार जर्ज १० वर्षका भए, राजकुमारी चारलोट आठ र राजकुमार लुइस पाँच वर्षका छन्। केटले भिडियोमा उनलाई कुन प्रकारको क्यान्सर लागेको हो भनेर खुलाएकी छैनन्। र, यस कठिन घडीमा आफूहरूको गोपनीयताको सम्मान गर्न आग्रह गरेकी छिन्।

केटमा देखिएको क्यान्सर ब्रिटिस राजपरिवारमा देखिएको एकपछि अर्को स्वास्थ्य समस्याको पछिल्लो घटना हो। महारानी एलिजावेथ द्वितीयाको निधन भएको १८ महिनाभन्दा कम समयमा गत फेब्रुअरीमा राजा चार्ल्सलाई क्यान्सर देखिएको थियो। रोग देखिएपछि उनी सार्वजनिक गतिविधिबाट पछि हटेका छन्। चार्ल्सको सन्दर्भमा पनि बकिंघम राजदरबारले क्यान्सर कुन चरणको हो भन्ने खुलाएको छैन। जनवरी २१ मा राजा चार्ल्सका भाइ राजकुमार एन्ड्रयुकी पूर्वपत्नी (जो अझै शाही जिम्मेवारीमा छिन्) साराहलाई प्राणघातक मेलानोमा (छाला क्यान्सरको एक रूप) भएको पत्ता लागेको थियो।



पति राजकुमार विलियमका साथ राजकुमारी केट मिडलटन। तस्बिर : एजेन्सी

> केटमा देखिएको क्यान्सर ब्रिटिस राजपरिवारमा देखिएको एकपछि अर्को स्वास्थ्य समस्याको पछिल्लो घटना हो। महारानी एलिजावेथ द्वितीयाको निधन भएको १८ महिनाभन्दा कम समयमा राजा चार्ल्सलाई क्यान्सर देखिएको थियो।

केटको शल्यक्रिया र अड्कलबाजी

जनवरी १६ तारिखमा ४२ वर्षीया केटको शल्यक्रिया भएको र शल्यक्रिया पेटको भागमा भएको राजदरबारले जानकारी दियो। तथापि, सो समाचार शल्यक्रियाको भोलिपल्ट सार्वजनिक गरिएको थियो। त्यस समय राजदरबार अधिकारीले उनको स्थिति क्यान्सरजन्य नभएको बताए पनि उनको शल्यक्रिया कुन प्रकारको हो भन्ने पनि खुलाइएन। तथापि सो सूचनामा केट मार्च ३१ भन्दा अघि शाही जिम्मेवारीमा फर्कन नसक्ने जानकारी गराइएको थियो। केट जनवरी २९ मा उनी भर्ना भएको निजी अस्पताल लन्डन क्लिनिकबाट डिस्चार्ज भइन्।

त्यही अस्पतालमा प्रोस्टेटको शल्यक्रिया गराएका राजा चार्ल्स पनि सोही दिन डिस्चार्ज भएका थिए। डिस्चार्ज भएपछि लामो समय शाही परिवारका सदस्यको आमपरम्पराविपरीत केट सार्वजनिक स्थानमा देखिइनन्। त्यसपछि उनको स्वास्थ्य स्थितिबारे विभिन्न अड्कलबाजी सुरु भयो। उपचारपछि केट सार्वजनिक स्थानमा पहिलोपटक मार्च ४ मा विन्डसोरमा देखिइन्। त्यहाँ उनी आफ्नी आमा क्यारोल मिडलटनले चलाइरहेको कारको पहिलो सिटमा बसेको देखिएकी थिइन्।

'मदर डे'को तस्बिर विवाद

केट विन्डसोरमा देखिएपछि पनि उनी कहाँ छिन् भन्ने अड्कलबाजी रोकिएन। सामाजिक सञ्जालमा विभिन्न खालका टीकाटिप्पणीले तीव्रता पाउन थालेपछि केट र विलियमले मार्च १० मा देशको 'मदर डे'को अवसर पारेर केट र उनका तीन सन्तानको सामूहिक फोटो सार्वजनिक गरे। तर, यस फोटोले पनि केटसँग जोडिएको हल्ला कम गर्नुको साटो बढायो। विशेषतः समाचार एजेन्सीहरूले सो फोटोमा फेरबदल (फोटोसपमार्फत) गरिएकोजस्तो देखिएको भन्दै तिनका साइटबाट हटाएपछि अड्कलबाजीले मलजल पायो। एक दिनपछि केट आफैंले फोटोमा केही सम्पादन गरिएको स्विकारिन् र त्यसका लागि माफी मागिन्। त्यसपछि उनी श्रीमान् विलियमसँगै कारमा विन्डसोर दरबारबाट बाहिरिँदै गरेको फोटो पत्रकारले देखे।

के हो केटले लिएको निरोधात्मक किमोथेरापी ?

उसो त गैरक्यान्सरजन्य स्वास्थ्य समस्याका लागि शल्यक्रिया गर्दा क्यान्सरको पहिचान बिरलै हुने गर्छ, तथापि पश्चिमी देशमा शल्यक्रिया गर्नेमध्ये करिब चार प्रतिशत बिरामीमा क्यान्सर रहेको पत्ता लाग्छ। 'यी चार प्रतिशत त्यस्ता बिरामी हुन्छन्, जो पित्तथैलीको पत्थरी र ओभरियन सिस्टजस्ता सामान्य ठानिएका समस्याको निदानका लागि अस्पताल भर्ना भएका हुन्छन्। तर, शल्यक्रियाका क्रममा तिनको मूल उपचार भइरहेको अंगको छेउछाउका अंगमा क्यान्सर विकास हुँदै गरेको भेटिन्छ,' क्यालिफोर्नियाको दक्षिणी भागमा अवस्थित सिटी अफ होपका शल्यचिकित्सक युमन फोडले भने।

केटको रोग तथा उपचार सम्बन्धमा राजदरबारले जारी गरेको वक्तव्यमा रोगको प्रकृति र उपचारबारे थप विवरण दिइएको छैन। उपचार फ्रेब्रुअरीको अन्तिमबाट सुरु भएको भन्ने जानकारी मात्र दिइएको छ। तर, क्यान्सरको उपचारको सन्दर्भमा शल्यक्रिया गरेर क्यान्सरको रूपमा बढेको भाग हटाइन्छ। त्यसपछि निरोधात्मक प्रद्धतिको रूपमा किमोथेरापी सुरु गरिन्छ। हुन त क्यान्सर शरीरको मूल उद्गमस्थलबाट अन्य अंगमा विस्तार नभइसकेको अवस्थामा शल्यक्रिया वा रेडियोथेरापीले सबै क्यान्सर हटाउन सकिन्छ। तर, क्यान्सर अरू अंगमा फैलिसकेको अवस्थामा पत्ता लागेमा चिकित्सकले क्यान्सरप्रतिरोधी औषधी (किमोथेरापी), हार्मोन अथवा इम्युनोथेरापीजस्ता उपचार सुरु गराउँछन्।

किमोथेरापीले शल्यक्रियापछि पनि बचेका क्यान्सरका कोषलाई मारेर क्यान्सर पुनः फर्किन दिँदैन। किमोथेरापीमा प्रयोग हुने धेरै औषधीले कोषको केन्द्रमा हुने जेनेटिक सामग्री डिएनएलाई प्रभावित बनाएर क्यान्सरका कोषिकालाई विभाजन हुनबाट रोक्छ। औषधीको प्रभाकारिता बढाउनका लागि बिरामीको कोषको विभिन्न हिस्सामा आक्रमण गर्ने अलग-अलग औषधीको मिश्रण दिइने गरिन्छ। तथापि किमोथेरापीमा प्रयोग हुने औषधीले क्यान्सरको कोष मात्र पहिचान गर्न सक्दैन, शरीरको सबै कोषमा आक्रमण गर्छ। यसले मुख्यतः विभाजित कोषमाथि आक्रमण गर्छ र क्यान्सरको विभाजन दर उच्च हुने भएकाले किमोथेरापीको प्रत्येक कोर्समा तिनै कोष बढी नष्ट हुन्छन्। सामान्य कोष किमोथेरापीका दुई कोर्सबीचमा (जुन प्रायः तीनदेखि चार साताको अन्तरमा दिइन्छ) हुर्कन्छन्।

किमोथेरापी उपचार लिने बिरामीहरूमा थकान, वाकवाकी र कहिलेकाहीं कपाल झर्ने समस्या देखिने गर्छ। औषधीले अन्य अंगमा पनि असर गर्ने भएकाले बिरामीका हातखुट्टा चिलाउने र झमझम हुने गर्छ। त्यस्तै उपचारका क्रममा रक्त कोषिकाको उत्पादन केही समयका लागि अवरुद्ध हुन्छ, जसले गर्दा रगतमा हुने सेतो रक्त कोषिका निकै कम हुन्छ। यसले गर्दा बिरामी बाह्य संक्रमणको उच्च जोखिममा हुन्छन्। तर, पछिल्लो समय किमोथेरापीका यी साइडइफेक्ट कम गर्ने औषधी पनि आएका छन्। बिरामीमा देखिने यी साइडइफेक्ट केही सातादेखि एक दुई महिनासम्ममा घट्न थाल्छ। त्यसपछि बिरामी सामान्य दैनिकीमा फर्किन सक्छन्।

- अलजजिराबाट

इतिहासमा आज



सन् १९७९ : अमेरिकाको पेन्सिलभेनियास्थित थ्री माइल आइल्यान्ड आणविक ऊर्जा केन्द्रबाट रेडियोधर्मी विकिरण चुहियो। घटनामा तत्काल कसैको ज्यान नगए पनि आणविक केन्द्रका माइलौं टाढासम्मका बासिन्दामा पछि क्यान्सर देखिएको थियो।

सन् १८५४ : क्रिमिया युद्धका क्रममा फ्रान्स र इंग्ल्यान्डले अटोमन टर्कीको पक्ष लिएर रुसविरुद्ध युद्धको घोषणा गरे।
सन् १८६८ : रुसी उपन्यासकार म्याक्सिम गोर्कीको जन्म आजकै दिन भएको थियो।
सन् १९३० : टर्कीका दुई प्रमुख सहरको क्रिस्चियनकालीन नामहरू कन्स्ट्यानटिनोपल र अंगोरा बदलेर क्रमशः इस्तानबुल र अंकारा राखियो।
सन् १९३३ : नाजी पार्टीको यहुदी दमन नीतिअन्तर्गत यहुदी सम्प्रदायलाई व्यापार, व्यवसाय र विद्यालयमा प्रतिबन्ध लगाइयो।
सन् १९३९ : जनरल फ्रान्सिस फ्रान्कोको नेतृत्वको उग्र दक्षिणपन्थी राष्ट्रवादी शक्तिले लोकतान्त्रिक गणतान्त्रिक शक्तिलाई राजधानी म्याड्रिडमा समेत पराजित गरेसँगै स्पेनिस गृहयुद्ध समाप्त भयो।
सन् १९४१ बेलायती उपन्यासकार भर्जिनिया वुल्फले ससेक्समस्थित घरनजिकको ओस नदीमा हामफालेर आत्महत्या गरिन्।

अमेरिकाको पुल भत्काउने जहाजमा सवार सबै भारतीय



वासिंटन डिसी/ मंगलबार (मार्च २६) अमेरिकी पूर्वी तटीय सहर बाल्टिमोरनजिकै एउटा पुलमा ठक्कर खाएको कार्गो जहाजमा सवार चालक दलसमेत सबै २२ जना सदस्य भारतीय रहेको जहाजको व्यवस्थापक कम्पनीले जनाएको छ। जहाजको व्यवस्थापक कम्पनी सिनर्जी मरिन ग्रुपले जारी गरेको एक विज्ञप्तिअनुसार 'डाली' नामको उक्त कन्टेनर जहाज बाल्टिमोरबाट श्रीलंकाको राजधानी कोलम्बो जाँदै थियो। बन्दरगाहबाट निस्किएको केही समयपछि नै स्थानीय समयअनुसार बिहान १:३० बजे 'फ्रान्सिस स्कट की पुल'को एक पिलरसँग ठोक्किएर दुर्घटना भएको थियो।

करिब २.६ किलोमिटर लामो पुल मंगलबार भत्किँदा पुलमा रहेका केही मानिस तल नदीमा खसेका थिए। तिनको खोजीका लागि लगत्तै उद्धार अभियान सुरु गरिएको थियो। त्यस क्रममा उद्धारकर्ताले दुईजनालाई सकुसल नदीबाहिर निकालेको र बाँकी ६ जनाको भने शव फेला परेको अधिकारीले बताएका छन्। दुर्घटनामा परेका व्यक्तिहरू पुलमा खाल्डाखुल्डी मर्मत गर्ने निर्माण टोली भएको समाचार एजेन्सी एपीले मेरिल्यान्डको यातायात सचिवलाई उद्धृत गर्दै लेखेको छ।

दुर्घटना भएको १२ घन्टाभन्दा बढी भइसकेकाले बेपत्ता निर्माण श्रमिक पानीमा जीवित पाउने सम्भावना क्षीण रहेको भन्दै अमेरिकी सामुद्रिक सुरक्षा गार्डले खोजी र उद्धार कार्य स्थगित गरेको छ। दुर्घटनाको समयवरपर पानीको तापक्रम अधिक चिसो रहेको र खराब सामुद्रिक मौसमबीच बेपत्ता व्यक्ति जीवित भेटिने सम्भावना नरहेको रियर एडमिरल स्यानन गिलरेथले पत्रकार सम्मेलनमा बताए।

अधिकारीका अनुसार दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ। मेरिल्यान्ड राज्यका गभर्नर वेस मुरले जहाजका चालक दलले जहाज पुलमा ठक्कर खानुभन्दा केही समयअघि जहाजको बिजुली गएको सन्देश पठाएका थिए। दुर्घटना हुँदाको भिडियोमा पनि जहाज पुलमा ठक्कर खानुअघि त्यसका बत्ती बल्दै निभ्दै गरेको देख्न सकिन्छ। जहाजले सन्देश पठाएलगत्तै स्थानीय अधिकारीले पुलमा जाने वाहन रोकेको र त्यसले धेरै हताहती हुन रोकेको मेरिल्यान्डका अधिवक्ता मुरले भने। सन् १९७७ मा निर्माण भएको उक्त पुलमा बर्सेनि एक करोड १५ लाख सवारीसाधन आवतजावत गर्ने स्रोतले बताएको।

• सन् २०१६ मा पनि दुर्घटनामा परेको थियो जहाज

मंगलबार बाल्टिमोरको फ्रान्सिस स्कट की ब्रिजमा ठोक्किएको कन्टेनर जहाज सन् २०१६ मा बेल्जियमको एन्टवर्प बन्दरगाहबाट निस्कने क्रममा पनि दुर्घटना भएको फेला परेको छ। भेसल फाइन्डर र सामुद्रिक गतिविधि अभिलेख राख्ने संस्था सिपरेकलगका अनुसार १० हजार कन्टेनर बोक्ने क्षमता भएको २९० मिटरको डाली एन्टवर्पको कन्टेनर टर्मिनल छोडेर ब्रेमरहेभन जाँदै गर्दा सन् २०१६ मा दुर्घटनाग्रस्त भएको थियो।

त्यतिवेला जहाजका क्रु सदस्यलाई अधिकारीहरूले नियन्त्रणमा लिएर अनुसन्धान पनि गरेको गार्जियनले लेखेको छ। तथापि घटनामा कसैलाई चोटपटक लागेको थिएन र सामुद्रिक प्रदूषण पनि फैलिन पाएन। भेसल फाइन्डरका अनुसार सफा मौसममा भएको उक्त दुर्घटनाका लागि जहाजका मालिक र जहाजका चालक दललाई दोष लगाइएको थियो।

भरतपुरमा पाटेबाघ सजिलै देख्न पाइने

चितवन/ भरतपुरमा दुर्लभ पाटेबाघ सहजै देख्न पाइने भएको छ। बुधबारदेखि भरतपुर- ६ देवनगरमा रहेको वन्यजन्तु उद्धार केन्द्रमा पाटेबाघ नजिकैबाट देख्न पाइने गरी व्यवस्थापन गरिएको हो। केन्द्रको परिसरमा रहेका मचानबाट हेर्न मिल्ने गरी दुईवटा पाटेबाघलाई राखिएको छ। केन्द्रमा उद्धार गरी राखिएको दुई भाले 'नरभक्षी बाघ' छन्। भरतपुर भ्रमण वर्षको अवसर पारेर महानगरले नयाँ गन्तव्यका रूपमा दियालो बंगला र उद्धार केन्द्र सर्वसाधारणका लागि खुला गरेको हो।

टिकौली ढाटबाट बीसहजारी ताल जाने सडक हुँदै करिब नौ किमि दक्षिणतर्फ केन्द्र पर्छ। वन्यजन्तु उद्धार केन्द्रको बुधबार एक कार्यक्रमका बीच



भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले उद्घाटन गरेकी छिन्। उद्धार केन्द्रले पर्यापर्यटनको विकासमा सघाउने उनले बताइन्। 'यसको व्यवस्थापनमा महानगरले हातेमालो गर्छ,' दाहालले भनिन्, 'निकुञ्जलाई थुनेर राख्दा आहारा व्यवस्थापनमा गाह्रो भइरहेको थियो। अब टिकट शुल्क लिएर पर्यटकलाई हेर्ने व्यवस्था मिलाएपछि त्यो समस्या हुँदैन।' चितवन निकुञ्जका संरक्षण अधिकृत गणेशप्रसाद तिवारीले समस्याग्रस्त भनेर उद्धार गरिएका दुईवटा बाघ यहाँ राखिएको जानकारी दिए।

ती बाघ बाँके राष्ट्रिय निकुञ्ज र चितवनको बेसहर मध्यवर्ती सामुदायिक वनबाट नियन्त्रणमा लिइएको हो। हाल ८ वर्षको भाले बाघलाई बाँकेको राप्ती पीडित सामुदायिक वनबाट २०७८ साल फागुन १८ गते नियन्त्रणमा लिइएर चितवन ल्याइएको थियो। अर्को भाले बाघलाई ०७७ असोज १२ गते नियन्त्रणमा लिइएको थियो। यी दुवैलाई मान्छेमाथि आक्रमण गर्न पल्किएपछि समातेर थुनिएको थियो।

लुम्बिनीको प्रवर्द्धन गर्न एनआरएनए र चार स्थानीय सरकारबीच समझदारी

एनआरएन र टिइपिसीले सहकार्य गर्ने

काठमाडौं/ गैरआवासीय नेपाली र स्थानीय तहले लुम्बिनीको पर्यटन प्रवर्द्धनमा सहकार्य गर्ने भएका छन्। यसका लागि गैरआवासीय नेपाली संघ (एनआरएनए) र लुम्बिनी सांस्कृतिक नगरपालिका, कपिलवस्तु नगरपालिका, रामग्राम नगरपालिका र देवदह नगरपालिकाबीच समझदारी भएको छ।

एनआरएन र चार पालिकाले लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धन तथा विकासका लागि संयुक्त साझेदारी गर्ने भएका छन्। काठमाडौंस्थित एनआरएनको सचिवालयमा बुधबार समझदारीपत्रमा हस्ताक्षर भएको हो। उक्त समझदारीपत्रमा एनआरएनका अध्यक्ष डा बद्री केसी, लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख सजरुद्दिन मुसलमान, कपिलवस्तु नगरपालिकाका प्रमुख धनपत यादव, रामग्राम नगरपालिकाका प्रमुख सुदीप पौडेल तथा देवदह नगरपालिकाका प्रमुख ध्रुवप्रसाद खरेलले हस्ताक्षर गरेका छन्।

कार्यक्रममा संघका अध्यक्ष डा बद्री केसीले विश्व शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्मस्थल, शान्तिभूमि धार्मिक एवं पर्यटकीय क्षेत्र बुद्ध परिपथका चार नगरपालिका र गैरआवासीय नेपाली संघबीच संस्थागत रूपमा नै सम्बन्ध कायम भएको भन्दै खुशी व्यक्त गरे। उनले लुम्बिनीलाई अन्तर्राष्ट्रियस्तरमा थप परिचित गराउन एनआरएनएले स्थानीय सरकारसँग मिलेर काम गर्न लागेको बताए। आफूहरूले केन्द्र सरकारसँग थ्रुप्रै काम गरेको भएँ कतिपय काम पाइपलाइनमै रहेको भन्दै अध्यक्ष डा. केसीले स्थानीय सरकारसँग मिलेर एनआरएनएले अझ धेरै काम गर्न सक्ने विश्वास व्यक्त गरे। हरेक गैरआवासीय नेपाली पर्यटकीय सद्भावना दूत भएको भन्दै अध्यक्ष डा. केसीले भने, 'हाम्रा ८७ वटा राष्ट्रिय समन्वय परिषद् (एनसिसी) छन्, म सरकारसँग आग्रह गर्छु ती ८७ वटै एनसिसीका अध्यक्षलाई सरकारले पर्यटकीय सद्भावना दूत बनाओस् ताकि नेपालको पर्यटन प्रवर्द्धनमा हरेक गैरआवासीय नेपाली सहभागी बन्न सकोस्।' कार्यक्रममा देवदह नगरपालिकाका प्रमुख खरेलले लुम्बिनी प्रदेशमा ४ वटा ऐतिहासिक स्थानलाई विश्व बजारमा चिनाउन र हामीलाई जोड्न एनआरएनएले गरेको पहलको प्रशंसा गरे। कपिलवस्तु नगरपालिकामा प्रमुख पौडेलले लुम्बिनी क्षेत्रको विकासका लागि एनआरएनएले सुरु गरेको नयाँ आयामले मूर्त रूप लिने विश्वास व्यक्त गरे। यस्तै, लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख मुसलमानको भनाइ सम्प्रेषण गर्दै प्रशासकीय प्रमुख कृष्ण सापकोटाले लुम्बिनीको पर्यटन प्रवर्द्धनका लागि भएको समझदारीले समग्र लुम्बिनी प्रदेशको समग्र विकासमा पनि सहयोग गर्ने विश्वास व्यक्त गरे। रामग्राम नगरपालिकाका प्रमुख यादवले सहकार्यले लुम्बिनी विकासको सपना पूरा गर्ने बताए।

Government of Nepal
Ministry of Health and Population
National Academy of Medical Sciences
Bir Hospital
Mahabouddha, Kathmandu

Invitation of Bid

Date of Publication : 28 March, 2024 (2080/12/15 B.S.)

1. ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu*** invites tender from eligible bidders for the Supply & Delivery of following goods, bidding is open to all eligible bidders.
2. Eligible bidders may obtain further information ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu.*** Telephone No. 977-1-4221800, 4221119, Telefax: +977-1-4222864.
3. The Eligible Bidders may obtain further information and can inspect the Bidding Documents in **www.bolpatra.gov.np/egp** and the e-Bidding procedure shall be as specified in the bid document.
   - **a. Name of Bank** : Rastriya Banijya Bank, Teku, Kathmandu
   - **b. Name of Office** : National Academy of Medical Sciences, Bir Hospital
   - **c. Office Code No.** : 370613501
   - **d. Office Account No** : 1000100200010000
   - **e. Rajaswa Shirshak no** : 14229
4. Bid must be purchasing till 12:00 hour date as below.
5. Bids received after the deadline shall not be accepted.
6. If the bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the form of Bank voucher drawn in the name of ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu, Nepal office code no. 370613501 Deposit Account No.: 1700100102030000, of Treasury Controller Office, Tripureshwor, Kathmandu.***
7. Any provisions which are not mentioned in this notice will be consistent with public proceurement act (PPA), 2063/Public Proceurement Regulation (PPR), 2064 and other prevailing Nepalese Rules.

Bid ID No.	Requirement	Opening Date	Bid Document Fee	Bid Security
NAMS/NCB/80/81/39	Supply & Delivery of General Surgical Instrument Set	2081-01-16; 14:00 hrs.	Rs. 3,000.00	Rs. 6,500/-
NAMS/NCB/80/81/40	Supply, Delivery & Installation of ECG Machine		Rs. 3,000.00	Rs. 18,500/-
NAMS/NCB/80/81/41	Supply, Delivery & Installation of Skin Grafting Instruments Package		Rs. 3,000.00	Rs. 2,84,000/-
NAMS/NCB/80/81/42	Supply, Delivery & Installation of ICU Bed & Instruments Package		Rs. 3,000.00	Rs. 1,62,000/-

Director

ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुल्चोक, ललितपुर
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित : २०८०१२।१५

यस ललितपुर महानगरपालिकामा रीतपूर्वक पेश हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिबाट भएको सिफारिस अनुसार देहायमा उल्लेखित न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

S. N.	IFB No.	Description of Work	Name of Contractor	Quoted Amount (Excluding VAT and PS)
1.	Contract Id No. LMC-NCB-WORKS-080/81-07	Construction of Saptapatal and Paleswan Pokhari at Lagankhel	Shiva Nirman Sewa	NRs. 37,57,569.43

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
७)	**राम भजन यादव** स्थायी ठेगाना : सिरहा जिल्ला, लगाडीगोठ गा.वि.स. वडा नं. ८ हालको ठेगाना : सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. २१ बाबु : नेती लाल यादव बाजे : मातवर यादव	मातवर यादवको नाती, नेती लाल यादवको छोरा, सिरहा जिल्ला, लगाडीगोठ गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, सिरहा न.पा. वडा नं.२१ बस्ने राम भजन यादवको नाममा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, महिसोथा गा.वि.स. वडा नं. ३ (हाल सिरहा गा.वि.स. वडा नं. ३) स्थित कित्ता नं. ९६९९ को क्षेत्रफल ०-०-८-० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
	जमानीकर्ताहरुको विवरण	
	७) नेती लाल यादव स्थायी ठेगाना : सिरहा जिल्ला, लगाडीगोठ गा.वि.स. वडा नं. ८ हालको ठेगाना : सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. २१ बाबु : मातवर यादव बाजे : बनबाली यादव	**२) भोली कुमारी यादव** स्थायी ठेगाना : सिरहा जिल्ला, लगाडीगोठ गा.वि.स. वडा नं. ८ हालको ठेगाना : सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. २१ बाबु : अशेशवर यादव ससुरा : नेती लाल यादव पति : राम भजन यादव
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२)	नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, रुपन्देहीमा प्रा.फ.र.नं. २२४६५/०६५ अन्तर्गत मिति २०६५/०७/०७ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ स्थित **डिलक्स ट्रेडर्स** **प्रोप्राईटर तथा जमानीकर्ता : रिजवान अहमद** स्थायी ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.प. वडा नं. ६ हालको ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ बाबु : मुहम्मद जुम्मन मुसलमान बाजे : मुहम्मद साफि	**साविया फातमा** ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ बाबु : इरसाद अहमद ससुरा : मुहम्मद जुम्मन मुसलमान पति : रिजवान अहमद
	धितोको विवरण	
	सवारी मोडल : TATA XENON YODHA SC 4X2 | च्यासिस नं. : MAT464602JSR02557 इन्जिन नं. : 4SPCR10BRY610209 | सवारी दर्ता नं. : लु २ च ३३९९	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

रिलायन्स फाइनान्स लिमिटेडका ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने ७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८०/१२/१५)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससंग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

शाखा कार्यालयः शहिद चोक, नारायणगढ

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण	
१. **नामः गरिमा कृषि फर्म** पानः ६१६५५४४१६ रजिष्ट्रेशन नं.: ५३८/२०७८/०७९ ठेगानाः भरतपुर-०१, चितवन कर्जा शिर्षकः कृषि कर्जा	जीवन कुमारी तिवारीको नाममा दर्ता रहेको चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ०१ (साबिक नारायणगढ ५/ग) स्थित कित्ता नं. ९९५ को क्षेत्रफल ०-१-० को जग्गातथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**जीवन कुमारी तिवारी** श्रीमान्: खड्ग बहादुर तिवारी ससुराः रुद्र प्रसाद तिवारी ठेगानाः भरतपुर-१, चितवन **पिकी तिवारी** श्रीमान्: प्रशान्त तिवारी ससुराः खड्ग बहादुर तिवारी ठेगानाः भरतपुर-१, चितवन	**सुरक्षा के.सी.** श्रीमान्: टेक बहादुर तिवारी ससुराः खड्ग बहादुर तिवारी ठेगानाः भरतपुर-१, चितवन **टेक बहादुर तिवारी** बुवाः खड्ग बहादुर तिवारी बाजेः रुद्र प्रसाद तिवारी ठेगानाः भरतपुर-१, चितवन
२ **नामः मोती बहादुर विश्वकर्मा** बुवाः लक्षे कामी बाजेः पन्चे कामी ठेगानाः लामाचौर-०८, कास्की कर्जा शिर्षकः व्यक्तीगत ओभरड्राफ्ट कर्जा	विष्णु माया विश्वकर्माको नाममा दर्ता रहेको चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. २३ (साबिक जगतपुर ३/क) स्थित कित्ता नं. २६४ र २६६ को क्षेत्रफल क्रमश ०-१-८.५ र ०-४-५को जग्गातथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत	**विष्णु माया विश्वकर्मा** श्रीमान्: मोती बहादुर बिश्वकर्मा ससुराः लक्षे कामी ठेगानाः भरतपुर-२३, चितवन	**ज्योती वि.क.** श्रीमान्: प्रेम बहादुर बिश्वकर्मा ससुराः मोती बहादुर बिश्वकर्मा ठेगानाः जगतपुर-०४, चितवन

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

Beni Municipality
Office of Municipal Executive
Beni, Myagdi

Invitation for Electronic Bids

Date of first Publication: 2080/12/15 (28th Mar.2024)

1. Beni Municipality, Office of Municipal Executive invites Electronic Bids from eligible bidders for following projects.

S. No	Name of Project &Contract ID.	Price Of Bid Document	Estimated Amount Including VAT &PS(Nrs.)	Last Date, Time of bid Submission and Opening	Bid Security Amount & Bid Security Validity Period	Bank A/C Details (For cost of bid Document &Bid Security Amount)
1	Sangam chowk Hulakchowk hudai Beni Pulachaur Road Maintenance Project Partnership with Road Board Nepal (Contract ID: BM/NCB/W/R/05/2080-81)	NRs.3000	97,61,078.73	2081-01-16 at or before 12:00 hrs and 13:00 hrs Respectively	NRs. 2,50,000.00 & 120 Days	Name Of Account: -: GA 1.1-BENI NAPA AANTARIK RAJASWA KHATA, (Rajaswa revenue Khata No) :- 06303000001001000001 Name of Account :- GA 3.0-BENI NAPA DHARAUTI KHATA Account No (Dharauti) Khata No: 06303000003000000001

2. Eligible Bidders may obtain further information from the (Phone no. 069-521095, website: benimun.gov.np) Beni Municipality, Office of Municipal Executive , Beni Myagdi or may download bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp under name of Beni Municipality, Office of Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above mentioned Date & time.

Chief Administrative Officer

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार १५ चैत ०८०

खस्कियो भाडाको व्यवसाय

घर तथा सटर भाडाको मूल्यवृद्धिदरमा संकुचन

मिलन विश्वकर्मा/नयाँ पत्रिका

व्यावसायिक भवन, मल, सटर, फ्ल्याट तथा कोठाभाडाको मूल्यवृद्धिदरमा संकुचन देखिएको छ। नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार चालू आर्थिक वर्ष ०८०/८१ को माघ महिनामा यस्तो भाडाको मूल्यवृद्धिदर २.७५ प्रतिशत मात्रै रहेको छ। गत आवको माघ महिनाको तुलनामा यो ७.०३ प्रतिशत बिन्दुले कम हो। गत आवको माघ महिनामा भाडाको मूल्यवृद्धिदर ९.७८ प्रतिशत थियो।

कोरोना काल सुरु भएको आव ०७६/७७ मा यस्तो वृद्धिदर ४.७४ प्रतिशत थियो। कोरोनाले पूर्ण रूपमा प्रभावित आव ०७७/७८ मा भने भाडाको मूल्यवृद्धिदर ०.९७ प्रतिशत मात्रै थियो। त्यसबाहेकका आवहरूमा यस्तो भाडाको मूल्यवृद्धिदर ५-६ प्रतिशतभन्दा माथि थियो। तर, चालू आवमा पुनः भाडाको मूल्यवृद्धिदर घटेको राष्ट्र बैंकको तथ्यांकले पुष्टि गरेको छ।

राष्ट्र बैंकले विभिन्न चार सय ९६ वटा वस्तु तथा सेवाको मूल्यमा हुने परिवर्तनका आधारमा समग्र मूल्यवृद्धिदर गणना गर्छ। त्यसमा भाडाको भारित हिस्सा सबैभन्दा बढी अर्थात् २०.३० प्रतिशत छ। यसमा खानेपानी र विद्युत्को समेत मूल्यवृद्धि समावेश छ। आमउपभोक्ताले गर्ने खर्चमा भाडाबापत हुने खर्च पनि उच्च हुन्छ। तसर्थ, मूल्यवृद्धिदरमा यसको भारित हिस्सा धेरै राखिएको छ। भाडाको वृद्धिदरमा हुने परिवर्तनले औसत मूल्यवृद्धिदर नै प्रभावित हुने गर्छ।

राष्ट्र बैंकका अनुसार ०७९ माघमा ७.८८ प्रतिशत रहेको समग्र मूल्यवृद्धिदर गत माघमा ५.०१ प्रतिशतमा सीमित छ। रुस-युक्रेन युद्धलगायतका कारण गत आवमा बढेको मूल्यवृद्धिदर अहिले घट्दै गएको छ। त्यसलाई घटाउन भाडाको इन्डेक्सले पनि महत्त्वपूर्ण योगदान दिएको नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले बताए।


'हामीले चार सय ९६ वटा वस्तु तथा सेवाको मूल्यमा हुने परिवर्तनको आधारमा समग्र मुद्रास्फीति गणना गर्छौं। त्यसमा भाडाको भारित हिस्सा सबैभन्दा बढी अर्थात् २०.३० प्रतिशत छ,' उनले भने, 'त्यो अवस्थामा भाडाको मूल्यवृद्धिदरमा आउने परिवर्तनले समग्र मुद्रास्फीतिलाई प्रभावित गरेको हुन्छ। अहिले मुद्रास्फीति घट्नुको कारण भाडाको मूल्यवृद्धिदरमा आएको कम पनि हो।'

■ किन संकुचन भयो वृद्धिदर ?

पछिल्लो समय देखिएको आर्थिक शिथिलताका कारण भाडाको मूल्यवृद्धिदरमा संकुचन आएको कार्यकारी निर्देशक डा. श्रेष्ठ बताउँछन्। बजारमा वस्तु तथा सेवाको माग कम हुँदा व्यवसायीहरू पलायन भएका छन्। साथै, नयाँ व्यक्ति तथा व्यवसायी आएर पनि व्यवसाय सुरु गर्न सकेका छैनन्। त्यसले गर्दा व्यापार तथा व्यवसायका लागि दिइने सटरहरूको माग न्यून भएको छ। शिक्षा तथा रोजगारीका लागि युवाहरू बाहिरिँदा आवासयीय कोठा तथा फ्ल्याटको माग पनि कम हुँदै गएको छ। त्यसको असरले भाडाको मूल्यवृद्धिदर कम हुँदै गएको श्रेष्ठ बताउँछन्।

'ठाउँ-ठाउँमा सटरहरू खाली भएका छन्। भाडा घटाउँदा पनि नयाँ व्यवसायीहरू आउन सकेका छैनन्। अझै पनि ठाउँ-ठाउँमा 'सटर भाडामा छ', 'पसल बिक्रीमा छ'जस्ता सार्वजनिक सूचना देखिन्छन्,' उनले भने, 'युवाहरू विदेश पलायन हुँदा पनि फ्ल्याट तथा कोठाको माग न्यून छ। यी यस्ता कारण भाडाको मूल्यवृद्धिदर खुम्चिँदै गएको छ।'

अनलाइन सपिङको कल्चर बढ्दा पनि यस्तो अवस्था आएको उनको भनाइ छ। अहिले अनलाइनमार्फत अर्डर गरेर घरमै वस्तु तथा सेवा पाउन सकिन्छ। त्यो अवस्थामा सटरहरूको प्रयोग घट्न थालेको छ। 'अहिले व्यवसायीले अनलाइनबाटै कपडालगायतका वस्तुहरू बिक्री गर्न थालेका छन्। कुनै ठाउँमा स्टोरमा सामान राख्छन् र अनलाइनमार्फत अर्डर लिएर सामान बिक्री गर्दै आएका छन्। त्यसले गर्दा व्यावसायिक तथा व्यापारिक सटरहरूको माग न्यून भएको छ,' उनले भने, 'खाने कुराहरू पनि अनलाइनबाटै अर्डर गर्दा घरसम्मै आउँछ। रेस्टुरेन्टमा बसेर खाने प्रचलन न्यून हुँदै गएको छ। त्यसले गर्दा रेस्टुरेन्टका लागि प्रयोग हुने ठाउँमा माग कम भएको छ। यसरी प्रविधिको प्रयोग बढ्दा पनि भाडाको वृद्धिदर न्यून भएको छ।'



काठमाडौंस्थित सिटी सेन्टरमा खाली भएपछि भाडामा दिन टु-लेट लेखिएका सटर। तस्बिर : सतिश पोखरेल/नयाँ पत्रिका

राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ भन्छन्- हामी चार सय ९६ वटा वस्तु तथा सेवाको मूल्यमा हुने परिवर्तनका आधारमा समग्र मुद्रास्फीति गणना गर्छौं। त्यसमा भाडाको भारित हिस्सा सबैभन्दा बढी अर्थात् २०.३० प्रतिशत छ, त्यो अवस्थामा भाडाको मूल्यवृद्धिदरमा आउने परिवर्तनले समग्र मुद्रास्फीतिलाई प्रभावित गरेको हुन्छ। अहिले मुद्रास्फीति घट्नुको कारण भाडाको मूल्यवृद्धिदरमा आएको कम पनि हो।

■ यस्तो मूल्यवृद्धिदर घट्नु सकारात्मक, व्यवसायको खर्च घट्ने

भाडाको मूल्यवृद्धिदर घट्नुलाई सकारात्मक रूपमा लिइएको छ। घरधनीले मनपरी रूपमा भाडाको मूल्य तोक्दै आएका थिए, अहिले त्यसमा संकुचन आउनु सकारात्मक भएको सरोकारवाला बताउँछन्।

राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. श्रेष्ठले पनि यसका कारण व्यवसायको खर्च घटाउन ठूलो सहयोग पुग्ने बताए। 'अधिकांश व्यवसायमा भाडाबापत हुने खर्च धेरै नै हुन्छ। सोही भाडाको मूल्यवृद्धिदर खुम्चिनु एकदमै राम्रो पक्ष हो,' उनले भने, 'यसले व्यवसायमा हुने खर्च घटाउन सहयोग पुऱ्याउँछ।'

■ प्राइम लोकेसनका घर पनि महिनौंसम्म खाली

काठमाडौं उपत्यकाभित्रका न्युरोड, दरबारमार्ग, कमलादी, पुतलीसडक, हात्तीसार, कलंकी, कालीमाटीजस्ता व्यावसायिक क्षेत्रमा सटर तथा कार्यालय प्रयोजनका लागि फ्ल्याट पाउनुलाई भाग्यमानी नै मानिन्थ्यो। घर बन्नुअघि नै तथा खाली हुनुपूर्व नै सटर र फ्ल्याट बुक भइसकेको हुन्थ्यो। तर, अहिले खाली भएका सटर तथा फ्ल्याट भाडामा लगाउन घरबेटीलाई धौधौ परिरहेको छ। प्राइम लोकेसनको घरमा सार्वजनिक सूचना नै टाँस्दा पनि महिनौंसम्म सटर तथा फ्ल्याट भाडामा गएको छैन। भाडाको मूल्य घटाउँदा पनि सटर र फ्ल्याट भाडामा नगएको घरबेटी बताउँछन्।

आर्थिक शिथिलताका कारण केही व्यापारी तथा व्यवसायीहरू व्यवसायबाट पलायन भएका छन्। उनीहरूले छाडेपछि खाली भएका सटर भाडामा लगाउन मुस्किल भएको छ। न्युरोडका घरधनी मनमोहन श्रेष्ठको घरको फ्ल्याट तथा सटर भाडामा नगएको एक महिनाभन्दा बढी भइसक्यो। व्यापार राम्रो नभएपछि यसअघिका व्यापारीले सटर र फ्ल्याट खाली गरेका थिए। त्यसपछि सटर र फ्ल्याट भाडामा लगाउन नसकेको उनको भनाइ छ। उनले आफ्नो घरको ग्राउन्ड, पहिलो र दोस्रो तला भाडामा दिने भनेर सूचना टाँसेको महिना दिनभन्दा बढी भयो। तर, अझै कुनै व्यवसायी नआएको उनले बताए। बल्ल-बल्ल सटर भाडामा गए पनि सम्बन्धित व्यापारीले दुई-तीन महिनामै व्यापार भएन भन्दै छाड्ने गरेका छन्।

मुख्यतः आर्थिक शिथिलताकै कारण यस्तो समस्या आएको उनको भनाइ छ। 'पहिला-पहिला सटर र फ्ल्याट खाली हुने पाउँदैनथे। अहिले महिना दिनसम्म पनि भाडामा लगाउन सकिएको छैन,' उनले भने, 'व्यापार भएन भनेर पहिलाका व्यापारीले छाडेर गए। अहिले नयाँ आउन सकेका छैनन्। बीचमा एक-दुईजना आएका पनि थिए। तर, व्यापार भएन भन्दै दुई-तीन महिनामै छाडेर गए।'

पहिलाको भन्दा सस्तोमा दिन्छु भन्दा पनि ग्राहक पाउन नसकेको उनले बताए। 'पहिलाको भन्दा सस्तो मूल्यमा सटर र फ्ल्याट भाडामा दिन्छु भनेका छौं। तैपनि, ग्राहक पाउन सकिएको छैन,' उनले भने। न्युरोड क्षेत्रमा पार्किङ अभावका कारण पनि सटर भाडामा लगाउन मुस्किल परेको उनी बताउँछन्। अर्का न्युरोडकै घरधनी किरण श्रेष्ठको घरको सटर पनि एक महिनादेखि खाली छ।

दरबारमार्गको एक व्यावसायिक भवनको दोस्रो तला पनि एक महिनादेखि खाली छ। सात सय ८० वर्गफिटको उक्त फ्ल्याट भाडामा लगाउन नसकेको सम्पर्क व्यक्ति अम्रिस त्रिपाठीले बताए।

■ दुईपांग्रेका ६ एसेम्बल प्लान्ट सञ्चालनमा

पार्टपुर्जा आयात ८३ प्रतिशतले वृद्धि

नयाँ पत्रिका

स्देशमै एसेम्ब्ली उद्योग खुल्न थालेपछि मोटरसाकइल तथा स्कुटरको पार्टपुर्जाको आयातमा उच्च वृद्धि देखिएको छ। चालू आवको सात महिनामा दुईपांग्रे सवारीसाधनको कम्प्लिट्ली नक्ड डाउन (सिकेडी) आयात ६२.५३ प्रतिशतले बढेको हो। मूल्यका आधारमा यस वर्ष सिकेडीको आयात ८३.६२ प्रतिशत बढेको देखिन्छ। माघ महिनासम्म पाँच अर्ब ७६ करोडबराबरको ४४ हजार चार सय २७ युनिट मोटरसाइकल तथा स्कुटरको पार्टपुर्जा (सिकेडी) आयात भएको छ। गत वर्षको सोही अवधिमा तीन अर्ब १४ करोड रुपैयाँबराबरको २७ हजार तीन सय ३४ युनिट सिकेडी आयात भएको थियो।

भन्सार विभागका अनुसार पछिल्लो सात महिनामा सबैभन्दा धेरै आयात भएका प्रमुख १० वस्तुमा अनएसेम्बल्ड मोटरसाइकल परेका छन्। अनएसेम्बल्ड मोटरसाइकलको आयात बढेपछि राजस्व पनि एक सय १९ प्रतिशतले बढेको देखिन्छ। गत आवको पहिलो सात महिनामा दुई अर्ब ४२ करोड राजस्व उठेकोमा यस वर्ष पाँच अर्ब ३० करोड रुपैयाँ राजस्व उठेको विभागको तथ्यांक छ।

स्वदेशमै मोटरसाइकल तथा स्कुटर एसेम्बल गर्ने उद्योगको संख्या सात पुगिसकेको छ। जसमा बजाज, टिभिएस, रोयल इन्फिल्ड, यामाहा, सुजुकी, सिएक्स र होन्डा रहेका छन्। पहिलोपटक ०७४ मा गोल्छा ग्रुपले नवलपरासीको रामग्राममा बजाजको एसेम्बल प्लान्ट सञ्चालनमा ल्याएको थियो। पछिल्लोपटक सुजुकी र होन्डाले स्वदेशमै मोटरसाइकल तथा स्कुटर एसेम्बल गर्ने गरी प्लान्ट स्थापना गरेका छन्। हिरो ब्रान्डको आधिकारिक विक्रेता बनेपछि सिजी मोटर्सले नवलपुरको देवचुलीमा एसेम्बल्ड प्लान्ट स्थापनाका लागि प्रक्रिया अगाडि बढाएको छ।

सरकारले एसेम्बल उद्योगलाई प्रोत्साहन गर्ने नीति लिएपछि देशभित्र धमाधम प्लान्ट खुल्न थालेका हुन्। स्वदेशमै सवारीसाधन एसेम्बल गर्ने उद्योगलाई सिकेडी आयातमा कर छुट दिइएको छ। दुईपांग्रेको सिकेडी आयातमा २० प्रतिशत मात्र अन्तःशुल्क लाग्छ। सरकारले सिकेडी आयात गर्दा अन्तःशुल्कमा दुई तहको छुट दिएर प्रोत्साहन गरिरहेको छ। तयारी मोटरसाइकल तथा स्कुटर आयातमा ४० प्रतिशत अन्तःशुल्क लाग्ने व्यवस्था छ।

टिभिएसले बाराको सिमरास्थित प्लान्टबाट मोटरसाइकल, स्कुटर र तीनपांग्रे रिक्सा एसेम्बल गर्दै आएको छ। बजाजले पनि मोटरसाइकल, स्कुटर र तीनपांग्रे एसेम्बल गर्छ। दुवै उद्योगमा करिब एक-एक अर्ब रुपैयाँ लगानी भएको सम्बन्धित उद्योगीहरूको भनाइ छ। वीरगन्जमा ५० करोड लगानीमा रोयल इन्फिल्डको एसेम्ब्ली प्लान्ट सञ्चालनमा छ। नवलपरासीको रामग्राममा एक अर्ब लगानीमा यामाहा र हेटौंडामा अफरोड बाई क्रस एक्स 'सिएक्स'को एसेम्ब्ली प्लान्ट सञ्चालनमा छन्। यस्तै, पर्साको विन्ध्यवासिनी गाउँपालिकामा ५० करोड लगानीमा सुजुकीको एसेम्ब्ली प्लान्ट स्थापना भएर व्यावसायिक उत्पादन सुचारु हुँदै छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

ग्लोबल आइएमई बैंक लिमिटेडको

आ.व. २०८१/८२ मा वस्तु तथा सेवा आपूर्ति गर्ने फर्म/कम्पनीहरूको सूची दर्ता गर्ने बारे सूचना

प्रकाशित मिति : २०८०/१२/१५

आर्थिक वर्ष २०८१/८२ को लागि देहायका वस्तु आपूर्ति तथा सेवाहरु प्रवाह गर्नको लागि सम्बन्धित कारोबार गर्न स्वीकृत प्राप्त गरेका फर्म तथा कम्पनीहरुको सूची दर्ता गराउनु पर्ने भएकाले २०८० साल चैत्र २९ गते भित्र कार्यालय समयमा यस बैंकको कमलादी स्थित सामान्य सेवा विभागमा दर्ता गराउन हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

बैंकलाई आवश्यक पर्ने वस्तु तथा सेवाहरू:

समुह "क" कम्प्युटर र अन्य उपकरणहरु

- कम्प्युटर, ल्यापटप, फोटोकपी, प्रिन्टर, फ्याक्स, स्क्यानर, Software & License, Servers तथा अन्य सम्बन्धित उपकरणहरु।
- नोट काउन्टिङ्ग मेसिन, फेक नोट डिटेक्टर, EPBAX Systems and Telephone Sets ।
- जेनेरेटर, अनलाइन युपिएस, स्टेवलाइजर्स, ब्याट्रि तथा सोलार सम्बन्धित उपकरणहरु।
- एटिएम मेसिन, MICR प्रिन्टर तथा स्क्यानर, ECC स्क्यानरहरु।
- Security systems and device ।
- एयर कन्डिसनर्स ।
- मेटल तथा काठका फर्निचर, फर्निचर तथा फिर्निशिङ्ग।
- Fire Extinguishers ।

समुह "ख" छपाई (प्रिन्टिङ्ग)

- Pre-Printed Stationeries
- Tamper proof envelope, ATM pouch
- क्यालेन्डर तथा डायरी प्रिन्टिङ्ग तथा आपूर्ति।
- MICR Cheque, Manager Cheque, Fixed Deposit Receipt तथा अन्य Pre-Printed स्टेशनरी पिन मेलर, भिजिटिङ्ग कार्ड।

समुह "ग" स्टेशनरी

- जनरल स्टेशनरी ।
- छाप आपूर्ति (रिफिलिङ्ग सहित) तथा आई डि कार्ड।
- एटिएम रोल तथा Q-Management Roll
- रिबन, टोनर तथा कार्टिज, मसी तथा टोनर रिफिलिङ्ग ।

समुह "घ" मर्मत तथा सम्भार

- अफिस उपकरणहरु (कम्प्युटर, ल्यापटप, फोटोकपी, प्रिन्टर, स्क्यानर, नोट काउन्टिङ्ग मेसिन तथा अन्य उपकरणहरु)।
- जेनेरेटर, अनलाइन युपिएस, स्टेवलाइजर्स, ब्याट्रि तथा सोलार।
- EPBAX Systems, CCTV, Fire Alarm Systems, Intruder Alarm System, Fire Extinguisher refiling
- एयर कन्डिसनर्स ।
- सर्भर तथा अन्य उपकरणहरु।

समुह "ङ" अन्य सेवाहरु

- पानी आपूर्ति (जार तथा ट्याङकर)।
- बिमा सम्बन्धी सेवा।
- भवन मर्मत, धारा बनाउने, सिकर्मी सेवा, रंगरोगन सम्बन्धी कार्य।
- ग्लो साईन बोर्ड, फ्लेक्स बोर्ड, पोष्टर, पम्प्लेट, फ्लायर, T-shirt printing, इत्यादी।
- भवन आन्तरिक सजावट निर्माण तथा Interior Consultancy सेवा।
- Communication Media/Advertisement/Promotional Service, Miscellaneous
- सवारी साधन मर्मत तथा पार्टपुर्जा आपूर्ति।
- आन्तरिक तथा बाह्य हवाई टिकट।
- सुरक्षा गार्ड, सरसफाई, Electrical Service तथा अन्य outsource agencies ।
- कुरियर सर्भिस - आन्तरिक तथा बाह्य।
- Graphic design/Photography/3D Designs
- सवारी साधनको मूल्याङ्कनकर्ता
- Connectivity (Internet)
- Gardening Service

आवश्यक कागजातहरु

- सूची दर्ताको निवेदन
- आफुले आपूर्ति र प्रवाह गर्ने सर-सामान एवं सेवाहरुको विवरण सहितको कम्पनी
- फर्म वा कम्पनी दर्ता प्रामाणपत्र
- फर्म वा कम्पनी स्थाई लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र तथा मूल्य अभिवृद्धिकर (VAT)
- सम्बन्धित विभाग/निकायको इजाजतपत्र/प्रमाणपत्र (नविकरण समेत)
- आर्थीक वर्ष २०७९/८० कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

अन्य जानकारीहरु

१. सूचीकृत हुन निवेदनहरु मध्येबाट योग्य ठहरिएको फर्म कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ। यसरी सूचीकृत गर्दा पेश हुन आएको विवरण, क्षमता अनुभव, साख तथा दक्षतालाई आधार मानी सोको आवश्यक विश्लेषण तथा मुल्याङ्कन गरिनेछ। यस प्रकार बैंकले गरेको निर्णय उपर कुनै दावी, विरोध गर्न पाईने छैन।

२. सूचीकृत दर्ता समयमा माथि उल्लेखित आवश्यक पर्ने सम्पूर्ण कागजात, अनुभव प्रमाणपत्रको प्रतिलिपि तथा वस्तु तथा सेवाहरुको लागि पर्ने कागजातहरु पेश गर्नुपर्नेछ।

३. सूचीकृत भएका फर्म वा कम्पनीबाट यस बैंकको आवश्यकता अनुसारको वस्तु खरिद तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघट वा बोलकबोलबाट भाग लिन अनुरोध गर्न सकिनेछ।

४. सूचीकृतमा पर्ने फर्महरुलाई सूचीकृत भएको जानकारी पत्र मार्फत गराइनेछ र सम्झौता समेत गर्न सकिनेछ।

५. सूचि दर्ताको निवेदन फारम रु. ३,०००/- (अक्षरेपी तिन हजार रुपैयां मात्र) (फिर्ता नहुने गरी) को A/C No : 003700524005 मा बैंकको जुनसुकै शाखा कार्यालयमा जम्मा गरी सक्कल भौचर बुझाई यस बैंकको कमलादी, काठमाडौं स्थित सामान्य सेवा विभागबाट मिति २०८०/१२/२८ दिनको ०३:०० बजे सम्म खरिद गर्न सकिनेछ।

६. सूचि दर्ताको निवेदन यस बैंकको कमलादी, काठमाडौं स्थित सामान्य सेवा विभागमा मिति २०८०/१२/२९ गते कार्यालय समय भित्र बुझाउने पर्नेछ।

७. सूचीदर्ताको निवेदन दिने निवेदक फर्म/कम्पनी सम्बन्धित सामान/सेवा आपूर्ति/प्रवाह गरेको कम्तीमा ३ (तिन) वर्षको कार्य अनुभवका साथै कम्तीमा ३ वटा वाणिज्य बैंक/संस्थामा सामान/सेवा आपूर्ति/प्रवाह गरेको हुनुपर्नेछ।

८. सूचीदर्ताको निवेदन पेश गर्ने अन्तिम मितिमा बैंक बिदा परेमा सो को लगत्तै पछि बैंक खुलेको दिन पेश गर्न सकिनेछ। साथै, म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको निवेदन उपर कुनै कारवाही गरिने छैन।

९. सूचीकृत भएका फर्म वा कम्पनीले सन्तोषजनक सेवा नदिएमा वा समयमा गुणस्तरीय सामानको आपूर्ति नगरेमा वा ढिला सुस्ती वा अटेरी गरेमा त्यस्ता फर्म/कम्पनीको नाम बिना पूर्व सूचना सूचीबाट हटाउन र/वा रद्द गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहेको छ। यस उपर कुनै हकदाबी विरोध गर्न पाइने छैन।

१०. कुनै कारण खोली वा नखोली कुनै निवेदनलाई सूचीकृत गर्ने वा नगर्ने वा यो सूचना बमोजिमको काम कारबाही रद्द गर्ने वा नगर्ने भन्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहेको छ।

११. काठमाडौं उपत्यका बाहिरबाट सूचिकृत हुन चाहने बिक्रेता फर्म/कम्पनीले यस बैंकको बिराटनगर, लाहान, नारायणगढ, पोखरा, बुटवल, नेपालगंज, सुर्खेत र धनगढीमा रहेका प्रादेशीक कार्यालयहरुबाट दर्ता गर्न सकिने छ।

१२. यस सम्बन्धी थप जानकारी आवश्यक भएमा बैंकको कमलादी, काठमाडौं स्थित सामान्य सेवा विभागबाट जानकारीहरु प्राप्त गर्न सकिनेछ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४५३५७०७/४५३७१०६
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

स्वदेशी उत्पादन प्रयोग गर्ने कोशी प्रदेश सरकारको निर्णय

गणेश लम्साल/नयाँ पत्रिका

कोशी प्रदेश सरकारले सबै सार्वजनिक निकायमा स्वदेशी उत्पादन अनिवार्य उपभोग गनुपर्ने निर्णय गरेको छ। धनकुटास्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को सम्पर्क कार्यालयमा बसेको कोशी प्रदेश सरकारको बैठकले प्रदेशको अर्थतन्त्रलाई मजबुत बनाउन प्रदेशका सार्वजनिक निकायले स्वदेशी उत्पादन उपभोग गर्नुपर्ने निर्णय गरेको हो।

बैठकले स्वदेशी तथा विदेशी पाहुनालाई कोसेली तथा उपहार दिनुपर्दा कोशी प्रदेशका स्वदेशी उत्पादन नै प्रयोग गर्न निर्देशन दिएको छ। मुख्यमन्त्री केदार कार्कीको नेतृत्वमा बसेको मन्त्रिपरिषद्को बैठकले कुनै पनि कार्यक्रममा अतिथिलाई मायाको चिनो प्रदान गर्दा प्रदेशभित्रै उत्पादन भएको वस्तु हुनुपर्ने निर्णय गरेको कोशी प्रदेशका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री शमशेर राईले जानकारी दिए। उनका अनुसार बैठकले त्रिवेणीमा रहेको खुवालुङलाई धार्मिक तथा सांस्कृतिक पर्यटनको रूपमा विकास गर्ने निर्णय गरेको छ। महिनाको एकपटक धनकुटामा बस्ने निर्णयसमेत गरेको छ। प्रदेश राजधानीको माग गर्दै आन्दोलित धनकुटामा कोशी प्रदेशका प्रथम मुख्यमन्त्री शेरधन राईले धनकुटामा मुख्यमन्त्री कार्यालयको सम्पर्क कार्यालय स्थापना गराए पनि मन्त्रिपरिषद्को बैठक बसेको थिएन।

मुख्यमन्त्री कार्यालयको सम्पर्क कार्यालयमै मंगलबार प्रदेश लगानी प्राधिकरणको बोर्ड बैठक पनि बसेको थियो। बैठकले आगामी जेठ ६,७ र ८ गते विश्व चिया सम्मेलन गर्ने निर्णय गर्दै त्यसका लागि निर्देशक समिति गठन गरेको छ। बोर्डका प्रमुख कार्यकारी अधिकृत सरोज कोइरालाका अनुसार बैठकले धनकुटाको भेडेटारमा निर्माण भएको स्काई वाकको राजस्व बाँडफाँटका लागि प्रदेश सरकार, धरान उपमहानगरपालिका र साँघुरीगढी गाउँपालिकाको प्रतिनिधि रहेको समितिसमेत गठन गरेको छ।

मुख्यमन्त्री कार्कीले धनकुटा औद्योगिक ग्रामको अनुगमन गर्दै १५ दिनभित्र सबै उद्योग सञ्चालनमा ल्याउन निर्देशन दिएका छन्। उद्योग सञ्चालनमा ल्याउने कार्यक्रम तयार गर्न र चाँडै कार्यान्वयन नभए अध्यक्ष तिलक महतलाई कारबाही गर्ने चेतावनीसहित निर्देशन पनि उनले दिएका छन्।

बाढी प्रभावित जलविद्युत्लाई कर छुट नहुने राजस्वसचिवको संकेत

नयाँ पत्रिका

बाढीबाट प्रभावित जलविद्युत् आयोजनालाई भन्सारमा छुट दिन नसकिने राजस्वसचिव रामप्रसाद घिमिरेले बताएका छन्। बुधबार संघीय संसद्को अर्थ समितिमा बाढी प्रभावित जलविद्युत् आयोजनाका प्रतिनिधि, स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इप्पान), ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री, राष्ट्र बैंकका गभर्नर, ऊर्जासचिव र राजस्वसचिवसहित छलफलमा उनले यस्तो बताएका हुन्।

नेपालको पूर्वी भेगमा १ र २ असारमा आएको बाढीले संखुवासभा, ताप्लेजुङ र पाँचथरमा निर्माणाधीन तथा निर्माण सम्पन्न भएका १५० मेगावाटका १३ जलविद्युत् आयोजनामा खबौंको क्षति हुनुका साथै १८ जना बेपत्ता भएका थिए। त्यसपछि इप्पानले राहतस्वरूप भन्सार तथा कर छुटलगायतका माग अघि सारेको थियो। तर, १० महिना बितिसक्दा पनि सरकारले यसको सम्बोधन नगरेपछि बुधबार संसदीय समितिमा यसबारे छलफल भएको थियो।

छलफलमा राजस्वसचिवले छुट दिन नसकिने बताएका हुन्। आर्थिक ऐनमा कर छुट दिने विषय हटाइसकेकाले अर्थले उक्त विषयमा मन्त्रिपरिषद्मा प्रस्ताव लिनै नमिल्ने उनले जिकिर गरे। बरु दैविक प्रकोपअन्तर्गत राहत माग गरेर ऊर्जा मन्त्रालयबाटै मन्त्रिपरिषद्मा प्रस्ताव लैजान उपयुक्त हुने उनको सुझाव छ।

ऊर्जासचिव गोपालप्रसाद सिग्देलले बाढी प्रभावित आयोजनाले राहतस्वरूप पुनर्निर्माणमा प्रयोग हुने मेसिनरी उपकरणमा करछुट मागेको र उक्त करछुटको विषय आर्थिक ऐनसँग सम्बन्धित भएकाले अर्थ मन्त्रालयले नै मन्त्रिपरिषद्मा लैजानुपर्ने बताए।

छलफलमा इप्पानका अध्यक्ष गणेश कार्कीले बाढी गएको १० महिनासम्म पनि आयोजनाले राहत तथा क्षतिपूर्ति पाउन नसक्नु दुःखद भएको बताए। ऊर्जा मन्त्रालयले अर्थलाई देखाउने र अर्थ मन्त्रालयले ऊर्जालाइ देखाएर समय बिताएको उनको भनाइ छ।

पाँचथर पावर कम्पनीका अध्यक्ष राजेश श्रेष्ठले भन्सार विन्दुमा आइपुगेका सामानलाई भन्सार छुट दिने निर्णय नगरीदिँदा तीन महिनादेखि सामान रोकिएको र ६० दिन कटेपछि सामान नछुटाए भन्सारले लिलाम गर्न सक्ने प्रावधान रहेको भन्दै छिटो निर्णय गरिदिन आग्रह गरे।

मेन्छियाम हाइड्रोपावरका प्रमुख कार्यकारी अधिकृत सेवक पोखरेलले बाढीले क्षति पुगेका आयोजनामा सरकारले निर्णय गर्न ढिलाइ गर्दा आयोजनाका प्रवर्द्धक सडकमा आउने अवस्था आइसकेको बताए।

१८ जना कामदारलाई बाढीले बगाएको अपर हेवा खोला जलविद्युत् आयोजनाका निमा लामाले यति ठूलो क्षति भएको विषयमा कोही पनि गम्भीर नभएको बताइन्।

अर्थसमितिका सदस्य सूर्य थापाले पीडामा परेका जलविद्युत्लाई राहत दिनुपर्ने बताए। अर्का सदस्य मेटमणि चौधरीले सरकारले क्याल्कुलेटर लिएर नाफाको हिसाब मात्रै गर्न नहुने भन्दै अप्ठ्यारोमा परेका व्यवसायीलाई राहत दिनुपर्ने बताए। अर्थ



समितिकै सदस्य दीपक खड्काले बाढी गएको १० महिनासम्म बाढी प्रभावित आयोजनालाई झुलाएर राखेको भन्दै राहत दिन सकिन्छ भने सरकारले तुरुन्दै दिनुपर्ने र सकिन्न भने पनि राहत दिन मिल्दैन भनेर निर्णय गरिदिनुपर्ने बताए।

राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बाढी प्रभावित आयोजनाले मागेको ५० करोड पुनर्कर्जा १० वर्ष अवधिका लागि दिने कार्यविधि नै नभएकाले यसलाई समष्टिगत रूपमा निर्णय गर्नुपर्ने बताए। त्यसो गर्नेभए पुनर्कर्जासम्बन्धी कार्यविधि संशोधन गर्नुपर्ने उनको भनाइ छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले राहत दिनकै लागि निरन्तर प्रयास गरिरहेको बताए। यसलाई कुन बाटोबाट गर्न सकिन्छ भन्ने विषयमा सबै विकल्पमा छलफल गर्ने आश्वासन पनि उनले दिए।

समितिका सभापति सन्तोष चालिसेले अर्थ समितिमा विषयले प्रवेश पाइसकेपछि ढिलो-चाँडो बाढी प्रभावित आयोजनाले राहत पाउनेमा विश्वस्त हुन प्रवर्द्धकलाई आग्रह गरे। 'आजको आजै निर्देशन हुने छलफलमै निर्णय भइहाल्ने भन्ने होइन। यहाँ आइसकेपछि विषय त्यतिकै समाप्त हुँदैन। निकास निस्किएन भने फेरि पनि छलफलमा बोलाउँछौं,' उनले भने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
राष्ट्रिय ट्रमा सेन्टर
महांकाल काठमाडौं

पुनः बिद्युतीय बोलपत्र आव्हानको सूचना

(तेस्रो पटक प्रकाशित मितिः २०८०/१२/१५ गते)

चालु आ.ब. २०८०/०८१ मा यस अस्पतालको लागि आवश्यक तपशिलमा उल्लेखित सामाग्रि विद्युतीय बोलपत्रको माध्यम (e-bidding/Single Stage Two Envelope Procedure) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.नं.	बोलपत्र नं.	विवरण	फाराम दस्तुर रु.	बोलपत्र जमानत रकम रु.
१	NTrC/G/NCB/ 10–080/81	Supply, Delivery & Installation of Pain Clinic Set Up	3,000/-	3,90,000/-

विस्तृत जानकारीको लागिः- **Visit Website: www.bolpatra.gov.np/egp** तथा कार्यालय समय भित्र यस अस्पतालको फोन नं.**01–4224928** मा सम्पर्क गरी बुझ्न सकिनेछ।

.....
अस्पताल प्रशासन

कुमारी बैंक लिमिटेड शाखा कार्यालय जनकपुर, धनुषाको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१२/१५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० चैत २२ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय जनकपुर, धनुषामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण	लिलाम हुने सम्पतिको विवरण
कम्पनी रजिष्ट्रेसन ऐन, २०६३ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०६९/०९/०९ मा दर्ता नं १०८३३१/०६९/०७० दर्ता कायम भई धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं.०१ स्थित **बाल आवासीय विद्यालय प्रा.लि.** । **सञ्चालक - सुरेश कुमार साह**	१. **बाल आवसीय विद्यालय**को नाममा मालपोत कार्यालय धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, तेजनगर गा.वि.स./न.पा. वडा नं. १/क स्थित कित्ता नं. १६२३ र १६३५ क्षेत्रफल क्रमश ०-१-१०-० र ०-१-१४-८ (वि-क-धु-क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। २. **अर्जुन साह तेली**को नाममा मालपोत कार्यालय धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, तेजनगर गा.वि.स./न.पा. वडा नं.३/ख स्थित कित्ता नं.५८४ क्षेत्रफल ०-२-१५-० (वि-क-धु-क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। ३. **सितली देवी तेलीन**को नाममा मालपोत कार्यालय धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, तेजनगर गा.वि.स./न.पा. वडा नं.४/क स्थित कित्ता नं. २१० क्षेत्रफल ०-०-१४-० (वि-क-धु-क) को जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **सुरेश कुमार साह**
ना.प्र.नं.: २३३५५२८४
जारी मिति : २०५३/०३/११, जि.प्र.का धनुषा
बाबु : अर्जुन साह तेली
बाजे : जनक साह तेली
स्थायी ठेगानाः धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं.०४

२. **अर्जुन साह तेली**
ना.प्र.नं.: २६३५१६०६
जारी मिति : २०३३, जि.प्र.का धनुषा
बाबु : जनक साह तेली
बाजे : महाविर साह तेली
स्थायी ठेगानाः धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं.०४

३. **सितली देवी तेलीन**
ना.प्र.नं.: २६३५१६०८
जारी मिति : २०४५/०२/०४, जि.प्र.का धनुषा
पति : अर्जुन साह तेली
ससुरा : जनक साह तेली
स्थायी ठेगानाः धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं.०४

४. **उमेश कुमार साह**
ना.प्र.नं.: २५३४३५९९
जारी मिति : २०५८/०३/२५, जि.प्र.का धनुषा
बाबु : अर्जुन साह तेली
बाजे : जनक साह तेली
स्थायी ठेगानाः धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ०४
हालको ठेगानाः धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा., वडा नं.६

५. **सोभा देवी**
ना.प्र.नं.: १७३०४८/१३८
जारी मिति : २०७०/०२/२३, जि.प्र.का धनुषा
बाबु : जय लाल साह
ससुरा : अर्जुन साह तेली
पति : उमेश कुमार साह
स्थायी ठेगानाः धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं.०४

६. **सरस्वती कुमारी ठाकुर**
ना.प्र.नं.: १७-०१-७७-०९८४७
जारी मिति : २०७७/१०/२०, जि.प्र.का धनुषा
बाबु : चुलहाई ठाकुर बरही
ससुरा : अर्जुन साह तेली
पति : सुरेश कुमार साह
स्थायी ठेगानाः धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं.०३

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८० चैत २१ गते** भित्र बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जनकपुर, धनुषाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८० चैत २२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० चैत २२ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय जनकपुर, धनुषा फोन नं. ०४१-५९००३६

एभरेष्ट बैंकको वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं/ नेपाल राष्ट्र बैंकको संयोजनमा भएको अभियान 'ग्लोबल मनी विक-२०२४' का अवसर मा एभरेष्ट बैंकले सातवटै प्रदेशका विभिन्न शाखामार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ। बैंकले विभिन्न स्कुल-क्याम्पसका तीन हजारभन्दा बढी विद्यार्थीका साथमा कार्यक्रम गरेको हो।

वित्तीय शिक्षाको महत्त्व जागरण गराउँदै कार्यक्रममा सहभागीलाई वित्तीय ज्ञान, सीप, मनोवृत्ति, वित्तीय समावेशीकरण, बैंकहरूले दिने सेवा र यसमा अपनाउनुपर्ने सावधानीका विषयमा सचेतना गराइको बैंकले जनाएको छ।

नेपाल वित्त कम्पनी संघको धितो मूल्यांकनसम्बन्धी अन्तर्क्रिया

काठमाडौं/ नेपाल वित्त कम्पनी संघको आयोजनामा बैंक तथा वित्तीय संस्थाहरूले कर्जा प्रवाह गर्दा लिने धितो प्रयोजनका घरजग्गा मूल्यांकनका अभ्यासका विषयमा अन्तर्क्रिया गरेको छ। गुह्येश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्सको भवनमा आयोजित कार्यक्रम विश्व बैंकका भूमिविज्ञ डेनिलो आर आन्टानियोको सहभागितामा भएको हो।



कार्यक्रममा आन्टानियोले धितो मूल्यांकनका अभ्यासका बारेमा धारणा राखेको संघले जनाएको छ। कार्यक्रममा काठमाडौं विश्वविद्यालयका प्राध्यापक डा. सुवास घिमिरेले नेपालमा हाल भइरहेको घरजग्गा मूल्यांकनका अभ्यास र सुधारका उपायका बारेमा चर्चा गरेका थिए।

अन्तर्क्रियामा गुह्येश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्सका प्रमुख कार्यकारी अधिकृत तोयराज अधिकारीले संस्थाले हाल धितो मूल्यांकनको महत्त्व र यसका लागि अपनाएका प्रक्रियाका बारेमा प्रकाश पारेका थिए।

कार्यक्रममा नेपाल वित्त कम्पनी संघका परमर्शदाता, धितो मूल्यांकनकर्ता, गुह्येश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्सका सहायक महाप्रबन्धक अर्चना प्रधान, वरिष्ठ प्रबन्धक शिवराज भण्डारी, विभागीय प्रमुखका साथै संस्थाका अन्य कर्मचारीको उपस्थिति रहेको जनाइएको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मितिः २०८०/१२/१५

यस बैंकको शाखा कार्यालय फत्तेपुर, सप्तरीबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको नाम र ठेगाना

श्री दल बहादुर मगर/श्रीमती मन माया भुजरा को छोरा,श्रीमती कमल कुमारी मगर को पति उदयपुर जिल्ला,सुन्दरपुर गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला सप्तकाशी न.पा. वडा नं. १ बस्ने **श्री बम बहादुर मगर** (ना.प्र.नं. २०७८, जारी मिति वि.सं. २०३७/१२/०३., जि.प्र.का. उदयपुर)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री भेष बहादुर घले/श्रीमती रत्न माया घले को छोरी, श्री मनोज मगर को पत्नी सप्तरी जिल्ला, फत्तेपुर गा.वि.स. वडा नं. ३ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला सप्तकाशी न.पा. वडा नं. १ बस्ने **श्रीमती सुमित्रा घले मगर** (ना.प्र.नं. ०३२०९७९८, जारी मिति वि.सं. २०६२/०३/१९, जि.प्र.का. सप्तरी)
२. श्री बम बहादुर मगर/श्रीमती कमल कुमारी मगर को छोरा, श्रीमती सुमित्रा घले मगर सप्तरी जिल्ला, फत्तेपुर गा.वि.स. वडा नं. ३ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला सप्तकाशी न.पा. वडा नं. १ बस्ने **श्री मनोज मगर** (ना.प्र.नं. ६८७८, जारी मिति वि.सं. २०५८/०५/०७, जि.प्र.का. सप्तरी)

२. ऋणीको नाम र ठेगाना

श्री सुर्य नारायण/श्रीमती सोमती देवी लेखी को छोरा, श्रीमती पुर्णीमा देवी लेखी को पति सप्तरी जिल्ला फत्तेपुर गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला सप्तकाशी न.पा. वडा नं. ५ बस्ने **श्री दिपनारायण लेखी** (ना.प्र.नं. ०३२०३३२२८, जारी मिति वि.सं. २०३८/०३/१२., जि.प्र.का. सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री दिपनारायण लेखी/श्रीमती पुर्णीमा देवी लेखी को छोरा, सप्तरी जिल्ला, फत्तेपुर गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला सप्तकाशी न.पा. वडा नं. ५ बस्ने **श्री तुलसी कुमार लेखी** (ना.प्र.नं. १६२०११/१४२, जारी मिति वि.सं. २०६६/०४/०२., जि.प्र.का. सप्तरी)।
२. श्री दिपनारायण लेखी/श्रीमती पुर्णीमा देवी लेखी को छोरी, सप्तरी जिल्ला, फत्तेपुर गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला .सप्तकाशी न.पा. वडा नं. ५ बस्ने **सुश्री इन्दु कुमारी लेखी** (ना.प्र.नं. ०३२०१००८०, जारी मिति वि.सं. २०६३/०६/३०, जि.प्र.का. सप्तरी)
३. श्री भोलाई चौधरी/श्रीमती सोनावती चौधरी को छोरी, श्री दिपनारायण लेखीको पत्नी सप्तरी जिल्ला, फत्तेपुर गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला सप्तकाशी न.पा. वडा नं. ५ बस्ने **श्रीमती पुर्णीमा देवी लेखी** (ना.प्र.नं. १६२०११/३११, जारी मिति वि.सं. २०६७/०२/१६, जि.प्र.का. सप्तरी)

३. ऋणीको नाम र ठेगाना

श्री धनजीत खंग/श्रीमती भुलन्ती देवी खंग को छोरा, श्रीमती फुलो देवी खंगको पति सप्तरी जिल्ला फत्तेपुर गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला सप्तकाशी न.पा. वडा नं. ४ बस्ने **श्री गोविन्द खंग** (ना.प्र.नं. ०३२०४१२९, जारी मिति वि.सं. २०७४/११/०९, जि.प्र.का. सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री गोविन्द खंग/श्रीमती फुलो देवी खंग को छोरा, सप्तरी जिल्ला, सप्तकाशी न.पा. वडा नं. ४ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला सप्तकाशी न.पा. वडा नं. ४ बस्ने **श्री दिपेश कुमार खंग शर्मा** (ना.प्र.नं.१६-०२-७८-०४०१२, जारी मिति वि.सं. २०७८/१२/०८., जि.प्र.का. सप्तरी)
२. श्री खुशीलाल खंग खत्वे/श्रीमती रामवती देवी खंग खत्वे छोरी, श्री गोविन्द खंगको पत्नी सप्तरी जिल्ला, फत्तेपुर गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला सप्तकाशी न.पा. वडा नं. ४ **बस्ने श्रीमती फुलो देवी खंग** (ना.प्र.नं. १६३०११/१२६, जारी मिति वि.सं. २०६३/१०/०३, जि.प्र.का. सप्तरी)

४. ऋणीको नाम र ठेगाना

श्री लक्ष्मी प्रसाद/श्रीमती मधु माया सिग्देल को छोरा, श्रीमती पविमाया राउतको पति, खोटाङ जिल्ला, इन्द्रेणी पोखरी गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला सप्तकाशी न.पा. वडा नं. ४ बस्ने **श्री पदम प्रसाद सिग्देल** (ना.प्र.नं. २४६९, जारी मिति वि.सं. २०४१/०२/०८., जि.प्र.का. खोटाङ)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री बिर्ख बहादुर राउत/श्रीमती मिश्रा माया को छोरी, श्री पदम प्रसाद सिग्देल को पत्नी, खोटाङ जिल्ला, बतासे गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला सप्तकाशी न.पा. वडा नं. ४ बस्ने **श्रीमती पविमाया राउत** (ना.प्र.नं. २४११, जारी मिति वि.सं. २०४५/०२/१०., जि.प्र.का. खोटाङ)
२. श्री पदम प्रसाद सिग्देल/श्रीमती पविमाया राउत को छोरा, सप्तरी जिल्ला, .सप्तकाशी न.पा. वडा नं. ४ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला .सप्तकाशी न.पा. वडा नं. ४ बस्ने **श्री दिपक सिग्देल** (ना.प्र.नं. १६-०२-७४-०३५९२, (जारी मिति वि.सं. २०७४/११/१६., जि.प्र.का. सप्तरी)।

५. ऋणीको नाम र ठेगाना

मिति वि.सं.२०७८/०१/१५ मा कंचनरुप नगरपालिका कार्यालय, सप्तरी, धरमपुरमा प्रमाण-पत्र नं. ७०७७ अर्न्तगत दर्ता कायम भई नेपाल सरकार,अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय, राजविराजबाट स्थायी लेखा नम्बर (PAN) ६१५९३१०९२ प्राप्त गरी जिल्ला सप्तरी कंचनरुप म.पा./उ.म.न.पा./न.पा./गा.वि.स. वार्ड नं.७ मा रजिष्टर्ड ठेगाना रहेको प्रिन्स कम्युनिकेशन।

प्रोपाईटरको नाम र ठेगाना

श्री डम्वर सुतिहार/श्रीमती कोशिला शर्माको की छोरी,श्री जामिन बरही को पत्नी सप्तरी जिल्ला घोघनपुर गा.वि.स.वडा नं. ७ भई हाल,सप्तरी जिल्ला,कंचनरुप न.पा. वडा नं. ७ बस्ने **श्रीमती हेम कुमारी बरही** (.प्र.प.नं.७२७५, जारी मिति वि.स.२०५६/०२/०४ श्री जि.प्र.का. सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री कुसुमलाल बडहीं/श्रीमती भुलीया देवी सुतीहार को छोरा, श्रीमती हेम कुमारी बरही को पति सप्तरी जिल्ला, घोघनपुर गा.वि.स. वडा नं.७ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला कंचनरुप न.पा. वडा नं. ७ बस्ने **श्री जामीन बरही** (ना.प्र.नं. ३१७७, जारी मिति वि.सं. २०४४/१२/०९., जि.प्र.का. सप्तरी)
२. श्री सुरेश प्रसाद सुतिहार /श्रीमती मन्जु देवी सुतिहार को छोरी, श्री संजय कुमार बरही को पत्नी सप्तरी जिल्ला, कंचनरुप न.पा. वडा नं. ७ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला, कंचनरुप न.पा. वडा नं. ७ बस्ने **श्रीमती लक्ष्मी कुमारी सुतिहार** (ना.प्र.नं. १६-०२-७९-०१६५३, जारी मिति वि.सं. २०७९/०५/०७, जि.प्र.का. सप्तरी)
३. श्री जामिन बरही/श्रीमती हेम कुमारी बरही को छोरा, श्रीमती लक्ष्मी कुमारी सुतिहार सप्तरी जिल्ला, कंचनरुप न.पा. वडा नं. ७ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला, कंचनरुप न.पा. वडा नं. ७ बस्ने **श्री संजय कुमार बरही** (ना.प्र.नं. १६२००९-१२२, मिति वि.सं. २०७१/०३/१०, जि.प्र.का. सप्तरी)
४. श्री जामिन बरही/श्रीमती हेम कुमारी बरही को छोरा, सप्तरी जिल्ला, कंचनरुप न.पा. वडा नं. ७ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला, कंचनरुप न.पा. वडा नं. ७ बस्ने **श्री शिव कुमार बरही** (ना.प्र.नं. १६-०२-७४-०३८८६, जारी मिति वि.सं. २०७४/१२/१८, जि.प्र.का. सप्तरी)

६. ऋणीको नाम र ठेगाना

प्राईमेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति वि.स. २०७२/०४/११ मा नेपाल सरकार, राजविराज कार्यलय, घरेलु तथा साना उद्योग कार्यालय,राजविराज सप्तरीमा प्रा.फा.नं. २९६२/०७२/०७३ अर्न्तगत दर्ता कायम भई अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय, लहान बाट स्थायी लेखा नम्बर (PAN) ६०३३०३५०० प्राप्त गरी सितापुर गा.वि.स.-२, सप्तरी मा रजिष्टर्ड ठेगाना रहेको निलम जनरल स्टोर

प्रोपाईटरको नाम र ठेगाना

श्री कन्तु चौधरी थारु/ श्रीमती सुजान वती देवी चौधरी को छोरा, निलम चौधरी को पत्नी सप्तरी जिल्ला सितापुर गा.वि.स.वडा नं.२ भई हाल सप्तरी जिल्ला, अग्नीसाईर कृष्णासवरन गा.पा. वडा नं. २ बस्ने **श्री शुभाष कुमार चौधरी** (ना.प्र.प.नं. २५७७, जारी मिति वि.स. २०५८/११/२०, जि.प्र.का. सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री भुन्टीलाल चौधरी/श्रीमती पचीया वती थरुनीको को छोरा,श्रीमती सुजान वती देवी चौधरी को पति सप्तरी जिल्ला, सितापुर गा.वि.स. वडा नं.२ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला अग्नीसाइर कृष्णासवरन गा.पा. वडा नं. २ बस्ने **श्री कन्तु चौधरी थारु** (ना.प्र.नं. ७४७२१८१७, जारी मिति वि.सं. २०६५/०४/२९., जि.प्र.का. सप्तरी)
२. श्री सुर्य बच्चा लाल चौधरी/श्रीमती चन्द्रकला चौधरी को छोरी, श्री शुभाष कुमार चौधरी सप्तरी जिल्ला, सितापुर गा.वि.स. वडा नं.२ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला अग्नीसाइर कृष्णासवरन गा.पा. वडा नं. २ बस्ने **श्रीमती निलम चौधरी** (ना.प्र.नं. १६३०२९/२९५, जारी मिति वि.स. २०६३/१२/१९., जि.प्र.का. सप्तरी)

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

विश्व मौखिक स्वास्थ्य दिवसका लागि पेप्सोडेन्टको सहकार्य

काठमाडौं/ पेप्सोडेन्ट नेपालले यस वर्षको विश्व मौखिक स्वास्थ्य दिवस २०२४ का लागि विभिन्न समुदायमा मौखिक स्वास्थ्य र स्वच्छतालाई प्रवर्द्धन गर्नका लागि मार्च महिनाभरि विभिन्न कार्यक्रम गरेको छ। कम्पनीले स्वस्थ जीवनका लागि आवश्यक विभिन्न उत्पादन प्रदान गर्दै शैक्षिक अभियानमार्फत व्यक्तिगत रूपमा सबैलाई स्वस्थ मुस्कान र दाँतमा असर गर्ने किटाणुविरुद्ध लड्ने चेतना बढाउने काम गरेको हो।



ब्रान्डले 'एक-एक पाइला'सँगको सहकार्यमा नेपालका दुर्गम भेगमा एक हजार ६ सयजनालाई निःशुल्क चिकित्सा सेवा र मौखिक स्वास्थ्यसम्बन्धी शिक्षा प्रदान गरेको उल्लेख छ। त्यस्तै, कान्तिपुर डेन्टल कलेज तथा शिक्षण अस्पतालको सहयोगमा इन्द्रेश्वर माध्यमिक विद्यालयमा तीन सय ४३ जनालाई निःशुल्क डेन्टल स्क्रिनिङ गरेको कम्पनीको भनाइ छ।

विश्व मौखिक स्वास्थ्य दिवसको अवसरमा कम्पनीले नेपाल डेन्टल एसोसिएसनसँगको साझेदारीमा 'अ ह्याप्पी माउथ इज अ ह्याप्पी बडी' भन्ने नाराका साथ दन्त स्वास्थ्य जागरुकता कार्यक्रम आयोजना गरको जनाएको छ। जसमा काठमाडौं, भक्तपुर र ललितपुरका १५ स्थानमा तीन हजार पाँच सयजना सहभागीलाई दन्त तथा मौखिक स्वास्थ्यसम्बन्धी शिक्षा प्रदान गरेको कम्पनीको भनाइ छ। यस कार्यक्रममा करिब ८० स्वयंसेवक र २० दन्त कार्यकारी अधिकृत रहेको एक सयजनाको टोली परिचालन भएको कम्पनीको दाबी छ।

गुप्ताले जितिन् पुँजीबजारसम्बन्धी निबन्ध प्रतियोगिता

काठमाडौं/ कलश स्टक मार्केट प्रालिले आयोजना गरेको राष्ट्रव्यापी निबन्धलेखन प्रतियोगितामा बाराकी सालुकुमारी गुप्ता विजेता बनेकी छिन्। कम्पनीले धितोपत्र बजारको क्षेत्रमा रुचि राख्ने व्यक्ति, समुदाय तथा लगानीकर्तामा सेयर शिक्षाको सम्बन्धमा सचेतना अभिवृद्ध हुने सघाउ पुऱ्याउने उद्देश्यले निबन्धलेखन प्रतियोगिता आयोजना गरेको हो।

प्रतियोगिताका विजयी गुप्ताले १० हजार रुपैयाँ नगद, दोस्रो हुने काठमाडौंका समीप न्यौपानेले पाँच हजार रुपैयाँ र धादिङकी अर्चना लामिछानेले तीन हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेको जनाइएको छ। पुरस्कृत व्यक्तिलाई कलश स्टक मार्केट प्रालिका अध्यक्ष प्रदीप केसीले नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नेरेको जनाइएको छ।

कम्पनीले नेपालको पुँजीबजारका सम्बन्धमा अन्तर्क्रिया पनि आयोजना गरेको छ। कम्पनीले किङ्स कलेज बबरमहलसँगको सहकार्यमा गरेको कार्यक्रममा पुँजीबजारविज्ञ मुक्ति अर्यालले 'नेपालको पुँजीबजार' शीर्षकमा प्रस्तुति गर्दै नेपाली पुँजीबजार क्षेत्रका विविध सैद्धान्तिक तथा व्यावहारिक पक्षमा प्रकाश पार्दै उठेका जिज्ञासा स्पष्ट पारेको जनाइएको छ।

नेपाल एसबिआई बैंकको वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं/ नेपाल एसबिआई बैंक लिमिटेडले ग्लोबल मनी विक २०२४ को अवसरमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको छ।

बैंकले सातै प्रदेशका कलेज विद्यार्थीहरूलाई बचतको महत्त्व,

एक महिनामै...

पृष्ठ १ बाट क्रमशः

कम्पनीले असोज ०७९ देखि १३.३ किलोमिटर लम्बाइ भएको उक्त सिँचाइ सुरुङको निर्माण गर्दै आएको छ। सुरुङको आन्तरिक ब्यास ५.५ मिटर र बाहिरी ब्यास ६.१० मिटर रहेको छ। त्यसमा २६ फेब्रुअरीदेखि २५ मार्च (१४ फागुनदेखि १२ चैत) सम्ममा १५०३.३ मिटर खण्ड निर्माण गरिएको छ, जुन विश्वमा नयाँ रेकर्ड रहेको दाबी कम्पनीले गरेको छ।

कम्पनीले मंगलबार नै टिबिएममार्फत सुरुङ निर्माणमा नयाँ रेकर्ड राखेको भन्दै सेलिब्रेसन पनि गरेको छ। यसअघि पनि कम्पनीले सोही आयोजनामा २०२३ मार्चमा १२२४.१३ मिटर सिँचाइ सुरुङ बनाएर नयाँ रेकर्ड राखेको थियो। अहिले त्यो रेकर्ड तोडिएको हो।

यसैबीच, नेपालका लागि चिनियाँ राजदूत चेन सडले नयाँ विश्व रेकर्ड राखेको भन्दै निर्माण कम्पनीलाई बधाई दिएका छन्। 'नेपालमा दुई नयाँ विश्व रेकर्ड बनाएकोमा चाइना ओभरसिज इन्जिनियरिङ ग्रुप कम्पनी लिमिटेडलाई बधाई छ। टिबिएम मेसिनबाट सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको सुरुङ एक महिनामा १५०३.३ मिटर निर्माण गरिएको छ, योसँगै कम्पनीले २०२३ मा मासिक १२२४.१४ मिटर सुरुङ निर्माण गरेर कायम गरेको विश्व रेकर्ड पनि तोडेको छ,' बुधबार उनले सामाजिक सञ्चालमार्फत लेखेका छन्, 'कम्पनीले यसअघि पनि समान प्रकृतिको टिबिएम मेसिनबाट दैनिक ७२.६८ मिटर सुरुङ खनेर विश्व रेकर्ड राखेको थियो।'

यता आयोजना निर्देशक मित्र बरालले कम्पनीको दाबीलाई प्रमाणीकरण गरिने बताए। 'कम्पनीले टिबिएममार्फत सुरुङ निर्माणमा विश्व रेकर्ड राखेको दाबी गरेको छ। हामीले यसलाई प्रमाणीकरण गर्ने प्रक्रिया अघि बढाएका छौं। त्यसपछि यो टुंगोमा पुग्नेछ,' उनले भने, 'सुरुङ निर्माण फरक-फरक प्रकृतिको हुन्छ। भौगोलिक अवस्था, ब्यासलगायतले सुरुङ निर्माण प्रभावित गर्छ। यसकै आधारमा यसको प्रमाणीकरण गर्छौं।'

अब १ किमि सुरुङ मात्रै खन्न बाँकी, डेढ महिनाभित्र 'ब्रेक थ्रु'

परियोजनाको अब एक किलोमिटर सुरुङ मात्रै खन्न बाँकी छ। कम्पनीले २८ असोज ०७९ देखि १३.३ किलोमिटर लामो उक्त सिँचाइ सुरुङको निर्माण सुरु गरेको थियो। त्यसमा बुधबारसम्म १२.३२ किमि अर्थात् ९२.७ प्रतिशत सुरुङ खनिएको छ। बाँकी सुरुङ ढिलोमा पनि डेढ महिनामा निर्माण हुनेछ। अब भौगोलिक तथा प्राविधिक समस्या नआए डेढ महिनामा टनेलको ब्रेक थ्रु गर्न सकिने आयोजनाका निर्देशक बरालले जानकारी दिए।

यसअघि टिबिएम मेसिन बिग्रिँदा झन्डै दुई महिनासम्म सुरुङ निर्माण रोकिएको थियो। बीचमा भौगोलिक जटिलताका कारण पनि परियोजना निर्माण कार्य प्रभावित भएको थियो। अब यस्तो समस्या नआएमा छिट्टै ब्रेक थ्रु हुने आयोजना कार्यालयको दाबी छ।

तराईको एक लाख २२ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउने र ३१ मेगावाट विद्युत्समेत उत्पादन गर्ने लक्ष्यसहित सरकारले यो आयोजना अघि बढाएको थियो। २० फागुन ०७७ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले यस आयोजनाको शिलान्यास पनि गरेका थिए।

सुरुङ निर्माण गर्न सिँचाइ विभाग र कम्पनीबीच चैत ०७७ मा १० अर्ब पाँच करोड ६८ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो। काम सुरु गरेको दुई वर्षमा सुरुङ तयार हुने भनिएको थियो। तर, त्योभन्दा छिट्टै सुरुङ तयार हुने दाबी गरिएको छ। यसअघि उक्त कम्पनीले पनि भेरी-बबई सिँचाइ आयोजनाको सुरुङ निर्माण गरिसकेको छ।

आयोजनाको अन्य संरचनाको निर्माण पनि अघि बढिसकेको छ। आयोजनामा बन्ने जलविद्युत्को हेडवर्क्स, पावर हाउस, हाइड्रो मेकानिकललगायतका संरचना निर्माणका लागि गत आवमै पटेल इन्डिया र नेपालको रमन कन्ट्रक्सनले जोइन्ट भेन्चर (जेभी) सँग १२ अर्ब रुपैयाँमा ठेक्का सम्झौता गरेर काम अघि बढाइएको छ। ०८५ भित्र आयोजना पूर्ण रूपमा सञ्चालनमा ल्याउने योजना छ।

विशेष गरी सिन्धुली र रामेछाप जिल्लाको सिमाना भएर बग्ने सुनकोशी नदीको पानीलाई सुरुङमार्फत सिन्धुली जिल्लाको मरिन नदीमा खसालिनेछ। साथै, त्यसलाई हालको बागमती सिँचाइ आयोजनाका संरचनामार्फत मध्य तराईका धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाको गरी करिब १ लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याइनेछ।

यसबाहेक पानी डाइभर्सन गर्ने क्रममै यसै आयोजनामा भित्र ३१.०७ मेगावाट क्षमताको जलविद्युत् आयोजना पनि बन्नेछ। यसका लागि सिन्धुलीको खुर्कोट बजारदेखि करिब २ किलोमिटर माथितिर सुनकोशी र तामाकोशीको दोभानदेखि करिब १ सय ५० मिटर तलतिर सुनकोशी नदीमा ब्यारेज निर्माण गरिनेछ।

तामाकोशी र सुनकोशीको दोभान बेनीभन्दा केही तल सुनकोशी नदीमा एक सय ५८ मिटर लामो ब्यारेज निर्माण गरिनेछ। साथै, विद्युत उत्पादनका लागि आवश्यक इन्टेक, डिसेन्डर पनि बनाइनेछ। उत्पादन भएको विद्युत् ४२ किलोमिटर प्रसारण लाइन निर्माण गरेर सर्लाहीको नवलपुरमा निर्माणाधीन सबस्टेसनमा जोडिनेछ।

सरकारले आफ्नै लगानीमा यो आयोजना बनाउँदै छ। पहिला यसमा ४६ अर्ब रुपैयाँ लगानी लाग्ने अनुमान गरिएको थियो, त्यसमा ११ अर्ब कम अर्थात् ३५ अर्बमा यो आयोजना बन्दै छ। आयोजना सञ्चालनमा आएपछि सुनकोशी र तामाकोशी किनारमा बसोबास गर्ने समुदायका निम्ति आय-आर्जनको प्रचुर सम्भावना रहेको आयोजना व्यवस्थापन पक्षको भनाइ छ।

बहुउद्देश्यीय आयोजना भएकाले त्यस क्षेत्रमा माछापालनदेखि आन्तरिक तथा बाह्य पर्यटनको उल्लेख्य वृद्धि हुनेछ। साथै, मनोरञ्जन तथा ताल-जलाशयमा पर्यटन व्यवसायसमेत फस्टाउने अपेक्षा छ।

देशको तराई क्षेत्रमा विकास भई सञ्चालन भइरहेका सिँचाइ आयोजनाहरू नदी बहाव प्रणालीमा आधारित छन्। महाभारत र चुरे क्षेत्रबाट उत्पत्ति भएका नदीहरूबाट विकास भएका अधिकांश सिँचाइ प्रणालीमार्फत वर्षायाममा सबै संरचना विकास भएको जमिनमा सिँचाइ सुविधा पुग्ने गरेको छ।

तर, स्रोतमा पानी उपलब्ध नहुँदा हिउँद र वसन्तमा थोरै जमिनमा मात्र सिँचाइ सुविधा पुग्छ। त्यसैले, वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउन पानी बढी भएको हिमाली नदीबाट पानी नपुग भएको क्षेत्रमा डाइभर्सन गरेर पानी लैजाने गरी यो आयोजना बनाउन लागिएको हो।

उपनिर्वाचनमा...

पृष्ठ १ बाट क्रमशः

दलहरूले छुट्टाछुट्टै उम्मेदवारीको तयारी गरेका हुन्। मोर्चाका सचिवालय सदस्यसमेत रहेका माओवादी महासचिव देव गुरुङ सकेसम्म सहमतिको प्रयास गर्ने बताउँछन्। 'हामी छलफलकै क्रममा छौं। छलफलबाट एउटा निष्कर्षमा पुग्छौं,' गुरुङले भने।

अर्को घटक एकीकृत समाजवादीले बझाङलाई बटमलाइन बनाएको छ। बझाङमा समर्थन गर्ने दललाई इलाम छाड्न सकिने एकीकृत समाजवादीका उपमहासचिव एवं प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले बताए। 'हामीले उम्मेदवार तय गरिसकेका छौं। दुवै क्षेत्रमा पार्टी परिचालन भइसकेको छ। समझदारी भयो भने एक क्षेत्रमा मात्रै हाम्रो उम्मेदवारी हुन सक्छ। समझदारी नभएको अवस्थामा हामीले दुवै क्षेत्रमा टिकट दिएका छौं,' उनले भने।

एकीकृत समाजवादीले बझाङमा समर्थन गर्न माओवादी र एमालेलाई आग्रह गरेको थियो। बझाङमा आफ्नो पार्टीलाई छाडे इलाममा समर्थन गर्न तयार रहेको अध्यक्ष नेपालले माओवादी अध्यक्ष प्रचण्ड र एमाले अध्यक्ष केपी ओलीलाई प्रस्ताव गरेका थिए। ओलीले उम्मेदवारी घोषणा भइसकेकाले समर्थन गर्न आग्रह गरेका थिए।

जसपा प्रवक्ता मनीष सुमनले आफैं उम्मेदवार उठाउने कि पहिचानवादीलाई समर्थन गर्ने भन्ने निर्णय हुन बाँकी रहेको बताए। उनले भने, 'समाजवादी मोर्चामा आबद्ध दलहरूले छुट्टाछुट्टै उम्मेदवार उठाएपछि संयुक्त उम्मेदवारी दिने च्याप्टर क्लोज भइसक्यो। हामी कि त आफैं उम्मेदवारी दिन्छौं। नत्र पहिचानवादी उम्मेदवारलाई समर्थन गर्छौं।' प्रदेश कमिटीमा छलफल गरेर निष्कर्षमा पुग्ने उनले जानकारी दिए।

पूर्व-पश्चिम राजमार्ग विस्तार

चार हजार सात सय रुखमध्ये आधा कटान, प्रत्येक दिन सय रुख काट्ने योजना

झापामा **चिरञ्जीवी घिमिरे**



झापाको कमल गाउँपालिकास्थित केर्खामा रुख हटाएर सडक विस्तारका लागि ठिक्क पारिएको ठाउँ। तस्बिर : नयाँ पत्रिका

पूर्व-पश्चिम राजमार्ग विस्तार गर्ने योजनाअनुसार सडकखण्डमा पर्ने रूख हटाउने कामले तीव्रता पाएको छ। राजमार्गअन्तर्गत काँकडभिट्टादेखि लौकहीसम्मको खण्डमध्ये इटहरीसम्म ९५.७६ किलोमिटर सडकलाई चौडा गर्दै चार लेन बनाउन काँकडभिट्टादेखि इटहरीसम्म ठेक्कासमेत लागिसकेको छ। ठेक्का लागेको स्थानको सडकमा पर्ने रूख हटाउने काम भइरहेको हो।

काँकडभिट्टा-लौकही सडकमध्ये पूर्वी खण्ड काँकडभिट्टादेखि केर्खासम्म र अर्को खण्ड केर्खादेखि लौकहीसम्म छ। जसमध्ये पूर्वी खण्डको काँकडभिट्टा-केर्खासम्मको ४५ किलोमिटर सडकमा पर्ने रूखमध्ये झन्डै ५० प्रतिशत रूख हटाइएको सुनीलबाबु पन्तले जानकारी दिए। उनका अनुसार काँकडभिट्टादेखि केर्खासम्मको ४५ किलोमिटरमा चार हजार सात सय ३० वटा रूख छन्, जसमध्ये करिब ५० प्रतिशत रूख कटान भइसकेको उनले बताए। 'अहिले तीव्र रूपमा रूख कटानको काम भइरहेको छ,' उनले भने, 'प्रत्येक दिन सयभन्दा बढी रूख काट्ने योजना छ। साइड क्लियर भएपछि निर्माणको काम अघि बढ्छ।'

यस्तै, झापाको कमल गाउँपालिकास्थित केर्खाबाट पश्चिम इटहरीसम्म पनि सडक ठेक्का लागेर सडकमा भएका रूख हटाउने क्रम जारी छ। केर्खादेखि इटहरीसम्मको ५०.७६ किलोमिटरमा ६ हजार ५०८ वटा रूख हटाउनुपर्ने काँकडभिट्टा-लौकही सडक योजना पश्चिम खण्डका योजना प्रमुख जगत पञ्जापतिले जानकारी दिए। जसमध्ये बुधबारसम्म ५९४ वटा रूख काटिएको उनले बताए।

बंगलादेशको ढाका हुँदै नेपालको पूर्वी नाका काँकडभिट्टामा जोडिने एसियन राजमार्गसँग जोडिएको नेपालको पूर्व-पश्चिम राजमार्गलाई चार लेन बनाउने काम तीन वर्षभित्र सक्ने सडक विभागको योजना छ। सडकलाई स्तरोन्नति गर्दै चार वर्षभित्र काम सक्न ठेक्का लगाएको काँकडभिट्टा-लौकही सडक योजनाले जनाएको छ। जसअन्तर्गत काँकडभिट्टादेखि केर्खासम्मको ४५ किलोमिटर सडक दश अर्ब ६ करोडमा एभरासकोन-कालिका जेभीले ठेक्का लिएको छ। उसले सडकमा पर्ने साना खोलामा पुलसमेत निर्माण गर्नेछ। यस्तै, पूर्वी खण्डमा पर्ने कन्काई, निन्दा र बिरिङ नदीको पुल निर्माणका लागि कोभेक-सिआरइजिसी-टुन्डी जेभीले पाँच अर्ब ९७ करोडमा ठेक्का लिएको छ।

यस्तै, केर्खादेखि पश्चिम मोरङको गोठगाउँसम्मको ४० किलोमिटर सडक सिआरएफजी-टुन्डी जेभीले नौ अर्ब १३ करोडमा ठेक्का लिएको छ। गोठगाउँदेखि इटहरीसम्मको १०.७६ किलोमिटर कोभेक-सिआरइजिसी-टुन्डी जेभीले चार अर्ब सात करोडमा निर्माणका लागि ठेक्का लिएको छ। यस्तै, पश्चिम खण्डमा पर्ने ठूला नदी रतुवा, बक्राह र लोहेन्द्र पुल निर्माणका लागि कोभेक-सिआरइजिसी-टुन्डी जेभीले पाँच अर्ब ६५ करोडमा ठेक्का लिएको काँकडभिट्टा-लौकही सडक योजना कार्यालयले जनाएको छ। यी सबै ठेक्का १९ अक्टोबर ०२३ मा लागेको छ। सबै ठेक्काको काम तीन वर्षपभित्र सक्नुपर्ने बताइएको छ।

वन पैदवरमा सामुदायिक वनको दाबी

पूर्व-पश्चिम राजमार्गमा पर्ने रूख कटानपछि सामुदायिक वनले विवाद झिकेका छन्। सामुदायिक वन क्षेत्रमा पर्ने राजमार्गबाट कटान भएको रूख सामुदायिक वनले नै प्रयोग गर्न पाउनुपर्ने माग राखेका छन्। अहिले राजमार्गलाई क्लियर गर्दा आएको वन पैदावर डिभिजन वन कार्यालयले लिलामी गर्दै आएको छ। तर, उपभोक्ता समितिले भने आफूहरूले प्रयोग गर्न पाउनुपर्ने माग राखेका छन्। 'वनको संरक्षण गर्ने उपभोक्ता समिति अनि प्रयोगचाहिँ सडक डिभिजनले गर्ने, यो त भएन नि!' सामुदायिक वन उपभोक्ता महासंघ कोशीका अध्यक्ष तुलसी संग्रौलाले भने, 'राजमार्गबाट निस्किएको वन पैदावर हामीले प्रयोग गर्न पाउनुपर्छ। होइन भने रूख कटान गर्न दिँदैनौं। सशक्त आन्दोलन गर्छौं। अदालतसम्म जान्छौं। हाम्रो उद्देश्य सडक निमार्ण रोक्नुचाहिँ होइन।' पूर्व-पश्चिम राजमार्गलाई छुने मोरङमा मात्र १८ वटा सामुदायिक वन रहेको उनले बताए।

झापामा भने समस्या नरहेको डिभिजन वन कार्यालय झापाका प्रमुख मेघराज राईले जानकारी दिए। उनले झापाको सामुदायिक वन क्षेत्रमा रूख कटान सकिएको बताए। 'राजमार्गको दायाँ र बायाँ २५-२५ मिटर जमिन ०२४ मा आफ्नो नाममा ल्याइसकेको छ। ०५५ पछि मात्र सामुदायिक वन हस्तान्तरण भएको हो,' उनले भने, 'पहिला नै आफ्नो नाममा आएको जग्गामा हकदाबी गर्ने ठाउँमा छैन भनेपछि झापामा समस्या छैन।'

सामुदायिक वनको अवरोधका कारण काँकडभिट्टा-लौकही सडक योजनाको पश्चिम खण्डमा पर्ने मोरङमा रूख कटानमा समस्या आएको काँकडभिट्टा-लौकही सडक योजना पश्चिम खण्डका प्रमुख जगत प्रजापतिले जानकारी दिए। 'सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर प्रयोग गर्न पाउनुपर्छ भनेर अवरोध गरिरहनुभएको छ। हामीले वनको विद्यमान ऐनलाई मानेर तीन जिल्लाका लागि झन्डै ६ करोड वन विकास कोषमा जम्मा गरिसकेका छौं,' उनले भने, 'सामुदायिक वन उपभोक्ता समितिले डिभिजन र प्रदेशको वन मन्त्रालयसँग वार्ता गर्नुपर्ने हो। हामीलाई आएर रूख कटान रोकिएन भने जे पनि हुन सक्छ भनेर धम्की दिनुभएको छ।'

घरेलु हिंसा...

पृष्ठ १ बाट क्रमशः

अशिक्षा, बेरोजगारी, कम चेतना, वैदेशिक रोजगार, सामाजिक सञ्जाललगायत घरेलु हिंसालाई बढाउने मुख्य कारक बन्ने गरेको छ। 'घरेलु हिंसासँग सम्बन्धित घटना विश्लेषण गर्दा मधेश प्रदेश अगाडि देखिन्छ। यसका विविध कारण छन्। जसमध्ये अग्रसूचीमा आउने कारण अशिक्षा, कम चेतना, बेरोजगारी, वैदेशिक रोजगारी, सामाजिक सञ्जाल, मदिरा सेवनलगायत हुन्। पितृसत्तात्मक सामाजिक संरचना पनि घरेलु हिंसालाई बढावा दिने कारण हुन्।'

राष्ट्रिय महिला आयोगका अनुसार पनि घरेलु हिंसाका घटना मधेश प्रदेशमा धेरै हुने गरेका छन्। आयोगकी अध्यक्ष कमला पराजुलीले मधेश प्रदेशमा घरेलु हिंसा बढ्नुको खास कारण पितृसत्तात्मक सोच र दाइजो मुख्य कारण रहेको बताइन्। 'मधेश प्रदेशमा घरेलु हिंसाका घटना अन्यत्रको तुलनामा धेरै छन्। यसका खास दुई कारण छन्। पहिलो- पितृसत्तात्मक मानसिकता। मधेशमा यो मानसिकता यति धेरै छ कि छोरीलाई सन्तानको रूपमा स्वीकार गर्दैनन्। नागरिकता बनाउनसमेत उनीहरू अघि सर्दैनन्। दोस्रो- दाइजो। छोरीलाई दाइजो दिएर पठाउनुपर्छ भने छोराले प्राप्त गर्छ। त्यसैले, यसले छोराको महत्त्वलाई बढावा दियो। मधेश प्रदेशमा घरेलु हिंसाको जड नै हो,' उनले भनिन्।

राजधानीमै कम छैनन् घरेलु हिंसाका घटना

मधेश प्रदेशपछि सबैभन्दा धेरै घरेलु हिंसाका घटना देशकै केन्द्रीय राजधानी रहेको काठमाडौं उपत्यकामा हुने गरेका छन्। नेपाल प्रहरीको तथ्यांकअनुसार ६७ महिनामा काठमाडौं उपत्यकाका तीन जिल्ला काठमाडौं, ललितपुर र भक्तपुरमा मात्रै घरेलु हिंसाका १५ हजार सात सय १४ घटना भए। यो कुल घरेलु हिंसाका घटनाको १८.५६ प्रतिशत हो।

काठमाडौं उपत्यकापछि सबैभन्दा धेरै घरेलु हिंसा लुम्बिनी प्रदेशमा हुने तथ्यांकले देखाएको छ। सोही अवधिमा लुम्बिनीमा यस्ता १३ हजार आठ सय ४२ घटना भएका छन्। यो कुल घटनाको १६.३३ प्रतिशत हो । त्यसपछि बागमतीमा (काठमाडौं उपत्यकाबाहेक) सात हजार पाँच सय ४२ घटना भए। यो कुल घटनाको ८.९० प्रतिशत हो।

काठमाडौं उपत्यकासहित जोड्दा भने बागमती घरेलु हिंसामा दोस्रो नम्बरमा छ। तर, प्रहरीले काठमाडौं उपत्यकाका तीन जिल्लाको बेग्लै तथ्यांक राख्ने गरेको छ।

कोशी प्रदेशमा ६७ महिनामा ६ हजार दुई सय ४३ (७.३७%), गण्डकीमा ६ हजार एक सय ५७ (७.२७%), सुदूरपश्चिममा पाँच हजार आठ सय ४१ (६.८९%) र कर्णालीमा चार हजार ६ सय ९४ (५.५४%) घरेलु हिंसाका घटना भएका छन्।

१९% महिला र १७% पुरुष श्रीमती कुट्न पाइनेमा सहमत : सर्वेक्षण

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार नेपालका १९ प्रतिशत महिला र १७ प्रतिशत पुरुष श्रीमतीलाई कुट्न सकिनेमा सहमत देखिन्छन्। यस्तो, विचार राख्नेमा १५ देखि १९ वर्षका उमेर समूहका बढी छन्। सर्वेक्षणमा सहभागीहरूले बालबच्चा हेरचाह राम्रोसँग नगरेमा, खाना डढाएमा, श्रीमानूसँग मुखमुखै लागेमा, नसोधी बाहिर गएमा र शारीरिक सम्पर्क राख्न अस्वीकार गरेमा कुट्न सकिने धारणा राखेका छन्।

कुन वर्ष कति घरेलु हिंसा ?

आव	संख्या
०७५-७६	१४,७७४
०७६-७७	११,७३८
०७७-७८	१४,२३२
०७८-७९	१७,०००
०७९-८०	१६,५१९
०८०-८१ फागुनसम्म	१०,३९३
जम्मा	८४,६५६

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को पृष्ठ ३९९ मा भनिएको छ, '१५ देखि १९ वर्षका महिला र पुरुषहरू पतिले पत्नीलाई कुट्ने विषयमा सहमत भएको देखिन्छ। कारणमा बालबच्चा हेरचार राम्रोसँग नगरेमा, खाना डढाएमा, श्रीमानूसँग मुखमुखै लागेमा, नसोधी बाहिर गएमा र शारीरिक सम्पर्क राख्नेमध्ये एक हुन सक्छ।'

के हो घरेलु हिंसा ?

घरेलु हिंसा कसुर र सजाय ऐन, २०६६ ले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई घरेलु हिंसाका रूपमा परिभाषित गरेको छ। घरेलु सम्बन्धलाई थप स्पष्ट पार्दै ऐनको दफा २(ख)ले वंशज, विवाह वा धर्मपुत्र, धर्मपुत्री भएका वा संयुक्त परिवार, आश्रित वा कामदारका रूपमा एकै परिवारमा बसेका व्यक्तिहरूको बीचमा भएको सम्बन्ध बुझुनुपर्ने उल्लेख छ।

यसरी घरेलु सम्बन्धमा हुनेलाई कुटपिट गर्ने, थुनामा राख्ने, कुनै हिसाबले चोट पुऱ्याउने, पोल्ने, डाम्ने, शरीरमा पीडा गराउने कुनै कार्य गर्ने गराउने गर्नुहुँदैन। उनीहरूलाई आर्थिक र यौनजन्य यातनासमेत दिन नहुने ऐनमा छ। यसैगरी, मानसिक यातना दिँदासमेत घरेलु हिंसाको कसुर हुन जान्छ। शारिरीक यातनाको डर-धाक देखाउने, गालीगलौज गर्ने, घर निकाला गर्ने, भेदभाव वा अपमान गर्ने, आत्महत्याका लागि दुरुत्साहन दिने वा गर्ने परिस्थिति खडा गरेको गराएको ठहर भए पनि ऐनअनुसार कसुर गरेको ठहर्छ।

घरेलु हिंसाको कसुरको जानकारी जोसुकैले पनि सम्बन्धित निकायलाई गराउन सक्छ। पीडित आफैं पुनुपर्ने भन्ने बाध्यता ऐनले तोकेको छैन। ऐनको दफा ४ ले घरेलु हिंसा भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जोसुकैले राष्ट्रिय महिला आयोग, स्थानीय तह वा प्रहरी कार्यालयलाई सोसम्बन्धी विवरण खुलाई लिखित वा मौखिक उजुरी दिन सक्छ। घटनाको ९० दिनभित्र उजुरी दिनुपर्ने प्रावधान छ भने उजुरी परेको ३० दिनभित्र पीडितको इच्छामा मिलापत्र गराइदिन सक्ने कानुनी व्यवस्था छ।

घरेलु हिंसा गर्नेलाई तीन हजारदेखि २५ हजार रुपैयाँसम्म जरिवाना गर्न सकिन्छ भने ६ महिनासम्म कैदसमेत हुन सक्छ। उद्योग वा दुरुत्साहन गरेमा वा मतियार ठहरिएमा मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था ऐनमा छ।

त्रिविको लापर्बाही

१८३ विद्यार्थीको उत्तरपुस्तिका गायब, पुनः परीक्षाको बोझ

काठमाडौं/ त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयबाट स्नातक तह (बिए) प्रथम वर्षका १८३ परीक्षार्थीको उत्तरपुस्तिका नै हराएको छ। गत वैशाखमा परीक्षा भएको जनसंख्या र 'फाउन्डेसन अफ एजुकेसन' विषयको उत्तरपुस्तिका हराएको हो। नतिजाको प्रतीक्षामा बसेका विद्यार्थीलाई त्रिविले भने पुनः परीक्षाको बोझ थोपरिदिएको छ। उत्तरपुस्तिका हराएको विद्यार्थीका लागि त्रिविले २१ चैतमा परीक्षा मिति तोकेको छ। त्रिविका सूचना अधिकारी योगन्द्रप्रसाद दाहालले विद्यार्थीलाई मर्का परेकाले छिट्टै परीक्षा लिन लागिएको र दोषीमाथि कारबाही हुने बताए।

उपकुलपतिको कार्यालयले पनिकाको लापर्बाहीका कारण उत्तरपुस्तिका हराएको ठहर गर्दै यसबारे छानबिन गर्न पनिकालाई नै निर्देशन दिएको छ। उपकुलपति प्रा.डा. केशरजंग बरालले नै उत्तरपुस्तिका हराउनेमाथि कारबाही गर्न छानबिन थालेका छन्। दाहालले २१ चैतमा त्रिविले तोकेको ठाउँमा गएर परीक्षा दिन विद्यार्थीलाई आग्रह पनि गरे।

सुनकोशीमा बेपत्ता तीनै बालबालिकाको शव फेला

उदयपुर/ सुनकोशी नदीमा डुबेर बेपत्ता भएका तीनै बालबालिकाको शव फेला परेको छ। होली मनाएर पौडी खेल्ने क्रममा बेपत्ता भएका उदयपुर त्रियुगा नगरपालिका- १४ साउनेबजारकी १२ वर्षीया रेखा मगर, नौ वर्षीय रिदम मगर र १२ वर्षीय लोकबहादुर मगरको शव फेला परेको हो।

आइतबार सुनकोशी नदीमा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएको तीन बालबालिकाको शव भेटिएको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख एसपी रमेश थापाले जानकारी दिए। उनले जिल्ला अस्पताल गाईघाटमा तीनै बालबालिकाको शव पोस्टमार्टम गरी आफन्तलाई बुझाउने तयारी भइरहेको पनि बताए।


त्रियुगा नगरपालिका- १४ का वडाध्यक्ष हिमराज मगरले बेपत्तामध्ये रिदमको शव मंगलबार घटनास्थलभन्दा एक किलोमिटर पर धिर्लिङ भन्ने ठाउँमा भेटिएको जानकारी दिए। बुधबार बिहान रेखाको शव घटनास्थलभन्दा दुई किलोमिटर तल सिम्लेमा फेला परेको थियो। अर्का बालक लोकबहादुर मगरको शव बुधबार दिउँसो घटनास्थलभन्दा एक किलोमिटर तल फेला परेको वडाध्यक्ष मगरले जानकारी दिए। बालबालिकाको समूह गत आइतबार दिनभर होली खेलेर धाप्लाडघाट पुगेका थिए। कोशीमा पौडिन पसेकामध्ये चारजनाको स्थानीयले उद्धार गरेको र तीनजना भने बेपत्ता भएका थिए।

मोटरसाइकल हरायो

मिति २०८०/१२/११ गते अ. दिउँसो १२:२५ बजेको समयमा का. जि. तारकेश्वर न.पा.-१, साङ्ला मेगासिटी हाईटमा पार्किङ गरिराखेको बा.प्र. ०२-०४७ प ६३९८ नम्बरको कालो रातो रंगको **200NS** मोटरसाईकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

नाम : गणेश थापा
च्यासिस नं.:MD2A36FX6PCF94313
इन्जिन नं. : JLXCPE62255
सम्पर्क : 9840331303

हार्दिक समवेदना



जन्म
१९८२ साल

स्वर्गारोहण
२०८० चैत ०७

स्व. तेजबहादुर गौचन

हाम्रा पूजनीय बुबा ९९ वर्षको उमेरमा यही चैत ७ गते एकादशी बुधबारका दिन बिहान ७ बजेर ४५ मिनेटमा हामी सबैलाई छोडेर सदाका लागि यस धर्तीबाट बिदा लिनुभई स्तब्ध गराउनुभयो । शान्त स्वभाव र मृदुभाषी, पञ्चायत कालमा करिब १३/१४ वर्ष प्रधानपञ्च, लामो समय खन्ती गाउँका मुखिया र च्योकि ट्होमफोवे क्हयूका उपठलो भई काम गर्नुभएका उहाँको देन अतुलनीय छ । बुबाको काजकिरियामा सरिक हुनुभई यस दुःखको घडीमा हामीलाई सान्त्वना र स्व. बुबाप्रति हार्दिक समवेदना प्रकट गर्नुहुने सम्पूर्ण इष्टमित्रमा आभार व्यक्त गर्दछौं र आज ५ दिनको किरियाशुद्धि दिन बुबाको आत्माले शान्ति पाओस् र स्व. बुबाको आशीर्वाद सदा हामीमा रहिरहोस् भन्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

छोरा/बुहारी
श्रीमती मिस्मिता गौचन
श्री प्रवीण/श्रीमती विष्णु गौचन
श्री प्रदीप/श्रीमती जानकी गौचन
श्री अशोक/श्रीमती सुमित्रा गौचन
श्री राजकुमार/श्रीमती सुनकुमारी गौचन
श्री मनोज/श्रीमती तिर्सना गौचन
तथा सम्पूर्ण परिवार

छोरी/ज्वाईं
श्रीमती रत्न शेरचन
श्रीमती सुमित्रा/श्री विष्णुप्रसाद शेरचन
नाति/नातिनी बुहारी
श्री राजकुमार/श्रीमती मीना शेरचन
सुश्री अनिता शेरचन
डा. श्री विनोद/श्रीमती प्रतीक्षा शेरचन
श्री विक्रम/श्रीमती चाँदनी शेरचन
तथा सम्पूर्ण परिवार

हार्दिक समवेदना



जन्म
वि.सं. १९८२ साल

स्वर्गारोहण
वि.सं. २०८० चैत्र ०७

स्व. तेजबहादुर गौचन

हाम्रा प्रात पूजनीय पूर्वउपठलो तेजबहादुर गौचनज्यू हामीलाई छोडेर कहिल्यै नफर्कने गरी यस धर्तीबाट विलीन हुनुभएकाले च्योकी ट्होमफोवे परिवारलाई अपूरणीय क्षतिका साथै स्तब्ध भएका छौं । उहाँले जीवनमा च्योकी ट्होमफोवे दाजुभाइहरूको उपठलोका रूपमा रही सेवा प्रदान गर्दै दाजुभाइहरूलाई एक सूत्रमा बाँध्नुका साथै सही मार्गदर्शनमा डोऱ्याउनुभएको थियो । साथै, करिब १३ वर्ष कोवाङ गाउँ पञ्चायतको प्रधानपञ्चका रूपमा जनताको सेवा गर्नुभई, खन्ती गाउँका मुखियाको रूपमा समेत लामो समय सेवा गर्नुभएको श्रद्धेय युगपुरुष समाजसेवीको दुःखद निधनबाट हामी दाजुभाइले ठूलो क्षति व्यहोरेका छौं । यस दुःखद घडीमा शोकसन्तप्त परिवारलाई धैर्यधारण गर्ने शक्ति हाम्रा चार देवता र ल्ह नरिभ्न्योवले प्रदान गरून् । साथै, शोकाकुल घडीमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै आज किरिया शुद्धिको पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

सम्पूर्ण च्योकी ट्होमफोवे क्हयू परिवार

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार १५ चैत ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

■ फिफा विश्वकप- २०२७ छनोट

चार खेलमा नेपालको पोस्टमा १४ गोल

समूह 'एच'मा अंकविहीन नेपालको विश्वकप छनोटको तेस्रो चरणमा पुग्ने सम्भावना समाप्त

नयाँ पत्रिका

नेपाल फिफा विश्वकप २०२७ छनोटअन्तर्गत दोस्रो चरणमा बराइनविरुद्ध उत्कृष्ट प्रदर्शन गर्न चुकेको छ। नेपालले होम एन्ड अवे गरी बहराइनसँग दुई खेल्दा समग्रमा नेपाल ८-० ले पराजित भयो। पहिलो खेलमा ५-० ले जित निकालेको बहराइनले दोस्रो खेलमा ३-० को जित निकाल्यो। विश्वकपमा छनोटमा चार खेल खेलेको नेपालको पोस्टमा विपक्षीले १४ गोल गरेका छन्। यसविपरीत नेपालले एक गोल पनि फर्काएको छैन। युएईसँग ४-० ले पराजित नेपालले यमनसँग २-० को हार व्होऱ्यो।

बहराइन राष्ट्रिय रंगशालामा नेपालले चार खेलाडी परिवर्तन गरे पनि हार टार्न सकेन। आन्तरिक विवाद तथा कमजोर तयारीका साथ बहराइन पुगेको नेपाली टोली दुवै लेगमा फिनिसिङ गर्न चुकेको देखियो। अखिल नेपाल फुटबल संघ (एन्फा)ले राष्ट्रिय खेलकुद परिषद्सँग स्वीकृति नलिई अनावश्यक रूपमा पदाधिकारी बहराइन पठाएपछि विवाद भएको थियो।

यसको प्रभाव नेपालको प्रदर्शनमा समेत देखिएको छ। नेपालले पहिलो खेलमा बहराइनविरुद्ध फितलो प्रदर्शन गरेको थियो। यद्यपि, दोस्रो खेलमा नेपालले केही सुधारिएको प्रदर्शन गऱ्यो। डिफेन्डर रोहित चन्द नहुँदा नेपालको डिफेन्स लाइन कमजोर देखिएको थियो। युवा खेलाडीबीच आपसी तालमेल नमिल्दा नै मिडफिल्ड तथा फिनसिङ पक्ष कमजोर भएको हो।

घरेलु मैदानमा उत्कृष्ट प्रदर्शन गरेको बहराइनले अधिकांश समय नेपाललाई दबाबमा राख्यो। बहराइनले दोस्रो खेलमा सबै गोल पहिलो हाफमा गरेको थियो। नेपालमाथि सानदार जित निकालेको बहराइनले समूह 'एच'को दोस्रो स्थानमा रहँदै युएईमाथि दबाब राखेको छ। नेपाल चार खेलमा अंकविहीन छ। युएई १२ अंकका साथ शीर्ष स्थानमा छ। दोस्रो स्थानको बहराइनले ९ अंक जोडेको छ। ३ अंक जोडेको यमन तेस्रो स्थानमा छ। नेपालले दोस्रो चरणमा बाँकी रहेका दुई खेल जुनमा खेल्नेछ।

तेस्रो चरणमा पुग्ने सम्भावना समाप्त

लगातार चार खेलमा हार व्यहोरेपछि नेपालको विश्वकप छनोटको तेस्रो चरणमा पुग्ने सम्भावना समाप्त भएको छ। समूहमा शीर्ष दुईमा रहने टोली विश्वकप छनोटको तेस्रो चरण पुग्नेछ। एएफसी एसियन कप २०२७ मा सीधै छनोट हुने नेपालको सम्भावना सकिएको छ। यद्यपि, एसियन कपमा छनोट हुने नेपालको बाटो अझै सकिएको छ।

समूहमा तेस्रो र चौथो हुने टोलीले एसियन कप छनोटको तेस्रो चरणमा खेल्न पाउनेछ। समूह 'ए'को अर्को खेलमा युएईले यमनलाई हराउँदै शतप्रतिशत जित निकालेको छ। समूहको अन्तिम दुई खेलअघि नै विश्वकप छनोटको तेस्रो चरणको स्थान पक्का गरेको युएईले एसियन कपमा स्थान सुरक्षित गरेको छ।



तस्बिर सौजन्य : एन्फा

पहिलो हाफमै तीन गोल

बहराइनले सुरुदेखि नै आक्रामक खेल खेल्यो। खेलको सातौँ मिनेटमा १-० को अग्रता लियो। नेपालले कर्नर किक क्लियर गर्न नसकेपछि डिफेन्डर सायद बाकेरको प्रहार डिफ्लेक्ट हुँदै गोल भएको थियो। खेलको १७औँ मिनेटमा बहराइनले पेनाल्टीमा २-० को अग्रता लियो। काउन्टर अट्याकमा नेपालका गोलरक्षक तथा कप्तान किरण चेम्जोङले मोहम्मद मरहुनमाथि फल गरेका थिए। त्यसपछि प्राप्त पेनाल्टीमा अब्दुल्लाह युसुफले गोल गर्दै बहराइनलाई २-० को अग्रता दिलाए। खेलको ३६औँ मिनेटमा बहराइनले तेस्रो गोल थप्यो। यसपटक बहराइनका कोमाइल इलसवादले ३-० का लागि गोल गरे। उनले काउन्डर एट्याक्टमा गोलरक्षक चेम्जोङविरुद्ध वान भर्सेस वानको अवस्थामा गोल गरे। नेपालका मुख्य प्रशिक्षक भिसेन्जो अल्बर्टो एनेसले अधिल्लो खेलबाट पहिलो रोजाइमा चार परिवर्तन गरेका थिए। अञ्जन विष्ट, मनीष डाँगी, सुमित श्रेष्ठ र हिसुब थपलियाले बहराइनविरुद्धको दोस्रो खेल खेल्न पाएनन्। भरत खवास, जिलेस्पीजंग कार्की, सञ्जीव विष्ट र सौभाग्य राई खेलेका थिए। अञ्जन विष्ट अघिल्लो खेलमा घाइते भएका थिए। मनीष डाँगी कार्डका कारण निलम्बनमा छन्। सुमित श्रेष्ठ र हिसुब थपलिया बेन्चमा रहे।

नेपालले दोस्रो हाफमा गोल फर्काउने प्रयास गरेको थियो। खेलको ७३औँ मिनेटमा नेपालको गोल अफसाइड भएको थियो। सनिश श्रेष्ठको क्रसमा सञ्जीव विष्टले बक्सबाट वान टच गोल गरेका थिए। तर, सहयाक रेफ्रीले अफसाइड देखाए। बहराइनले दोस्रो हाफमा नेपालमाथि दबाब बनाएको थियो। हुसेन अब्दुलकरिमले ८९औँ मिनेटमा राम्रो अवसर पाएका थिए। उनले डिबक्सबाट प्रहार गरेको बल क्रसबारबाट माथि गएको थियो।

बहराइनका प्रशिक्षक ड्रागनले अपेक्षा गरेजस्तै दोस्रो खेल केही कठिन भएको बताए। 'नेपालको प्रदर्शन पनि राम्रो भएको छ। आगामी दिनमा नेपालले राम्रो प्रदर्शन गर्ने विश्वास छ,' उनले भने, 'नेपालले युएईसँग अंक खोसेमा हामीलाई सहज हुनेछ।'

विशालको डेब्यु

प्रशिक्षक भिसेन्जोले दोस्रो खेलमा विशाल बस्नेतलाई डेब्यु गराए। खेलको ८४औँ मिनेटमा उनी छिरिङ लामाको स्थान मैदानमा प्रवेश गर्दै राष्ट्रिय टोलीबाट डेब्यु गरे। प्रशिक्षक भिसेन्जोले अघिल्लो खेलमा चार नयाँ खेलाडीलाई डेब्यु गराएका थिए। नेपालले बराहराइनसँगको खेलमा ६ नयाँ खेलाडीसहित राष्ट्रिय टोली घोषणा गरेको थियो। यस भ्रमणमा नेपालबाट पाँच खेलाडीले डेब्युको अवसर पाए। अघिल्लो खेलमा अभिषेक लिम्बूले पहिलो रोजाइमै डेब्यु गरे। सौभाग्य राई, समीर तामाङ र सञ्जीव विष्टले वैकल्पिक खेलाडीका रूपमा डेब्यु गरे।

सुविधा पाए धेरै राम्रो गर्न सक्छ

भिसेन्जो अल्बर्टो, प्रशिक्षक, नेपाल



नेपालले बहराइनको जस्तो सुविधा पाउँदा योभन्दा धेरै राम्रो गर्न सक्छ। अब एसियन कपको छनोटमा फोकस हुनुपर्छ। युवा खेलाडीले सोचेभन्दा राम्रो प्रदर्शन गरेका छन्। पाहिलो लेगको खेलभन्दा दोस्रो राम्रो भयो। प्राविधिक रूपमा दोस्रो खेलमा राम्रो गर्न सक्थ्यौं। नेपालमा लिग भइरहेको छैन। अहिले खेलाडीले केवल स्थानीय कपमा भाग लिइराखेका छन्। त्यही प्रदर्शनको भरमा टोली बनाउनुपरेको अवस्था छ। दुई खेलमा पाँच खेलाडीले डेब्यु गरे। २३ वर्षमुनिका १६ खेलाडी छन्। टोलीमा रहेकामध्ये किरण मात्र प्रोफेसनल लिग खेल्छन्। टोलीमा अनुभवी खेलाडी थोरै छन्। हामीले तयारीका लागि धेरै समय पाएनौं।

चार खेलमा नेपालको नतिजा

युएईविरुद्ध	४-०
यमनविरुद्ध	२-०
बहराइनविरुद्ध	५-०
बहराइनविरुद्ध	३-०

■ वीर गणेशमान राष्ट्रिय बक्सिङ

भूपेन्द्र र निश्चल सेमिफाइनलमा



पुरुष ५३.५ केजीमा महेन्द्र चन्दलाई प्रहार गर्दै भूपेन्द्र थापा (रातो)

नयाँ पत्रिका

नेपाल प्रहरीका भूपेन्द्र थापा, गण्डकीका निश्चल गुरुङ र नेपाल आर्मीका खगेन्द्र रोकामगर छैटौँ वीर गणेशमान सिंह राष्ट्रिय बक्सिङ प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्। बुधबार भएको पुरुष ६३.५ केजीको स्पर्धामा १३औँ दक्षिण एसियाली खेलकुदका स्वर्ण विजेता भूपेन्द्रले सुदूरपश्चिमका महेन्द्र चन्दलाई हराउँदै अन्तिम चारमा स्थान पक्का गरेका हुन्। निश्चलले एपिएफका सोनाम सार्कीलाई निराश पारे। खगेन्द्र रोकामगरले मधेशका मृनाल जोशीलाई सहज अंकमा पाखा लगाउँदै सेमिफाइनलमा स्थान पक्का गरे।

> १३औँ दक्षिण एसियाली खेलकुदका स्वर्ण विजेता भूपेन्द्रले सुदूरपश्चिमका महेन्द्र चन्दलाई हराउँदै अन्तिम चारमा स्थान पक्का गरे

राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भइरहेको प्रतियोगिताको पुरुष ५१ केजीमा भूपेन्द्रका भाइ चन्द्रबहादुरले कोशीका फुडलाड काम्बाङ्लाई हराए। बागमतीका लालप्रसाद उप्रेतीले लुम्बिनीका भरत पुनमाथि जित निकाले। आर्मीका विमल घर्तीमगरले कर्णालीका लक्ष्मण राईलाई निराश पारे। मधेशका रविन थापाले एपिएफका प्रदीप महर्जनलाई हराउँदै सेमिफाइनलमा स्थान बनाए।

पुरुष ५७ केजीमा प्रहरीका निकेश देसारले एपिएफका पुरन राईबाट वाकओभर पाउँदै अन्तिम चारको स्थान पक्का गरे। सोही तौल समूहमा कर्णालीका सुलभ मालीले कोशीका डम्बरबहादुर श्रेष्ठलाई पराजित गरे। सुदूरपश्चिमका विशाल जाग्रीले बागमतीका नीराजन मोक्तानमाथि जित निकाले। आर्मीका प्रेम चौधरीले लुम्बिनीका मन्सुब बस्नेतलाई पाखा लगाउँदै अन्तिम चारमा स्थान पक्का गरे।

विक्रम अन्तिम चारमा

प्रतियोगिताअन्तर्गत पुरुष ७१ केजीमा एपिएफका विक्रम चौधरीले मधेशका सुजित पराजुलीलाई हराउँदै सेमिफाइनल स्थान सुरक्षित गरेका छन्। बागमतीका अश्विनधिरन श्रेष्ठ लुम्बिनीका मनोज श्रेष्ठलाई पन्छाउँदै सेमिफाइनलमा पुगेका छन्। पुरुष ८० केजीमा सुदूरपश्चिमका बालाजी रावलले प्रहरीका प्रदीप पार्कीलाई पाखा लगाए। आर्मीका दीपेश लामा एपिएफका सुमन कार्कीको चुनौती समाप्त पार्दै सेमिफाइनलमा प्रवेश गरे।

प्रतियोगिताको महिला ५० केजीमा बागमतीकी रमिशा श्रेष्ठले सुदूरपश्चिमकी सोनिया सेठ्ठीलाई हराइन्। आर्मीकी आरती ब्लोनले कोशीकी शिला राईलाई निराश पार्दै अन्तिम चारमा स्थान पक्का गरिन्।

महिला ५७ केजीमा आर्मीकी वर्षा श्रेष्ठले एपिएफकी शर्मिला तामाङ तथा प्रहरीकी निशा तामाङले मधेशकी अंशु केसीलाई पन्छाउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे। महिला ६० केजीमा आर्मीकी ललिता महर्जनले मधेशकी निश्मा गुरुङ तथा कोशीकी जोनु लिम्बूले सुदूरपश्चिमकी कविता सिंहलाई हराउँदै सेमिफाइनलमा स्थान बनाउन सफल रहे।

इटहरीमा ओलम्पियन पुनर्मिलन

काठमाडौं/ तेस्रो ओलम्पियन्स पुनर्मिलन तथा स्पोर्ट सेलेब्रिटी मिट, २०२४ सुनसरीस्थित इटहरीमा हुने भएको छ। कोशी प्रदेशका सदस्यसचिव हंशराज वाग्ले र ओलम्पियन्स संघका अध्यक्ष दीपक विष्टले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। ओलम्पियन पुनर्मिलन २० वैशाख ०८१ मा हुनेछ। पहिलो काठमाडौं तथा दोस्रो गत वर्ष पोखरामा भएको थियो। ओलम्पियन्स संघको नेतृत्वमा विष्ट आएपछि यो कार्यक्रमको सुरु भएको हो। देशभर छरिएर रहेका ओलम्पियनलाई एकै ठाउँमा भेला गराउने उद्देश्यले पुनर्मिलन सुरु गरिएको अध्यक्ष विष्टले बताए।

उनका अनुसार यसपटक विदेशी ओलम्पियनका साथै विदेशमा रहेका नेपाली ओलम्पियनको पनि कार्यक्रममा सहभागिता रहनेछ। वाकाथनमा कोशी प्रदेशमा रहेका खेलाडी र ओलम्पियनलगायतको सहभागिता रहनेछ। वाकाथनपछि १९८८ को सिओल ओलम्पिकमा सहभागी नेपाली ओलम्पियनलाई सम्मान गरिनेछ। १९८८ को सिओल ओलम्पिकमै तेक्वान्दोका विधान लामाले प्रदर्शनी खेलमा कांस्य पदक जितेका थिए। लामा पनि अमेरिकाबाट नेपाल आउनेछन्। संघले विगतका दुई संस्करणमा १९६४ देखि १९८४ का दौरान भएका विभिन्न पाँच संस्करणमा सहभागी नेपाली ओलम्पियनलाई सम्मान गरिसकेको छ। कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले आफ्नो प्रदेशमा आयोजना हुने कार्यक्रमबाट खुसी लागेको बताए।

■ आइपिएलकै सर्वाधिक योगफल



इन्डियन प्रिमियर लिग (आइपिएल)मा सनराइजर्स हैदराबादले सर्वाधिक योगफल बनाएको छ। लिगको आठौँ खेलमा हैदराबादले पाँचपटकको विजेता मुम्बई इन्डियन्सविरुद्ध २७७/३ को स्कोर बनाएको हो। हैदराबादले सन् २०१३ मा रोयल्स च्यालेन्जर्स बेंग्लोरको २६३/५ को रेकर्ड तोडेको हो। हैदराबादका लागि हेनरिक क्लासनले ३४ बलमा सर्वाधिक ८० रन जोडे। प्रत्युत्तरमा मुम्बईले २० ओभर खेल्दै २४६/५ स्कोर गर्दा हैदराबाद ३१ रनले विजयी भएको छ।

मन्त्रालयले क्रिकेट र फुटबलसँग विवरण माग्यो

नयाँ पत्रिका

युवा तथा खेलकुद मन्त्रालयले अखिल नेपाल फुटबल संघ (एन्फा) र नेपाल क्रिकेट संघ (क्यान)सँग तीन वर्षको वर्षको गतिविधिसँग सम्बन्धित विवरण माग गरेको छ। मन्त्रालयले राष्ट्रिय खेलकुद परिषद् (राखेप)मार्फत क्यान र एन्फाको विवरण माग गरेको हो। क्रिकेट र फुटबलको विकासका लागि रणनीति बनाउन विवरण मागिएको मन्त्रालयका शाखा अधिकृत लालप्रसाद पोखरेलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। 'सो खेलहरूको थप विकासका लागि योजना, नीति तथा रणनीति तयार गर्ने सन्दर्भमा त्यस खेलसम्बद्ध संघहरूको कामकारबाही एवं क्रियाकलापसँग सम्बन्धित विवरण तथा कागजातको प्रमाणित प्रतिलिपि यथाशीघ्र उपलब्ध गराउन अनुरोध छ,' विज्ञप्तिमा भनिएको छ।

मन्त्रालयले संघको स्वीकृत विधान, पदाधिकारीको विवरण, कर्मचारीको विवरण, तीन वर्षको प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन, भौतिक पूर्वाधार उपकरणको विवरण, खेल विकासका लागि प्रदेश र स्थानीय तहसम्मका सञ्जाल तथा गतिविधिलगायत विभिन्न विवरण मागेको छ। क्रिकेट र फुटबलसम्बन्धी १०-१२ वटा विवरण माग गरिएको छ। यसैगरी, मन्त्रालयले विगत तीन वर्षमा क्यानले टेन्डरविनै गरेका गतिविधिको सम्पूर्ण जानकारी, प्रायोजकसँगको आर्थिक लेनदेन र खेलाडीबाहेक विदेश भ्रमण गएका पदाधिकारीको विवरणसमेत माग गरेको छ।

आठौँ विराट गोल्डकप आजदेखि

विराटनगर/ आठौँ विराट गोल्डकप फुटबल प्रतियोगिता बिहीबारदेखि सुरु हुँदै छ। डे-नाइटमा हुने गोल्डकपको उद्घाटन खेलमा भुटानको रोयल थिम्पुले पूर्वविजेता नेपाल पुलिस क्लबको सामना गर्नेछ। गोल्डकपमा नेपाल, भारत र भुटानका गरी १० टोली सहभागी छन्। भारतबाट दुई, भुटानको एक र नेपालबाट सात टोलीले प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ। आयोजक विराट गोल्डकप ट्रस्टले बुधबार खेल तालिका सार्वजनिक गरेको छ। ट्रस्टका अध्यक्ष किशोरबहादुर शाहीले गोल्डकपमा प्रयोग हुने फ्लड लाइटको सफलतापूर्वक परीक्षण भएको बताए।

खेलका लागि चारवटा फ्लड लाइटको परीक्षण गरिएको हो। गत २ ९ माघबाट मैदान तयारीको काम सुरु भएको थियो। आयोजकले खेलाडीबाट कुनै गुनासो आउन नदिने गरी खेलमैदान तयार गरेको जनाएको छ। प्रतियोगितामा विजेताले ११ लाख र उपविजेताले पाँच लाख ५० हजार रुपैयाँ पाउनेछन्। उत्कृष्ट प्रशिक्षकलाई २१ हजार, उत्कृष्ट गोलरक्षकलाई २१ हजार, सर्वाधिक गोलकर्ताललाई २१ हजार, दैनिक हुने खेलको उत्कृष्ट खेलाडीलाई नगद ११ हजार रुपैयाँ प्रदान गरिनेछ। सर्वोत्कृष्ट खेलाडीलाई मोटरसाइकल पुरस्कार दिइने आयोजकले जनाएको छ।

■ सूर्य नेपाल एनपिजिए टुर

सद्भावले भुवनलाई एक स्ट्रोकले पछि पारे



नयाँ पत्रिका

एमेच्योर गल्फर सद्भाव आचार्यले सूर्य नेपाल गल्फ टुर- २०२३/२४ अन्तर्गत छैटौँ सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिपको तेस्रो दिन बुधबार एक स्ट्रोकको अग्रता लिँदै शीर्ष स्थान बलियो बनाएका छन्। आचार्यले समग्रमा ११ अन्डर २०५ को उत्कृष्ट स्कोर गरेका हुन्। लगातार दुई दिन शीर्ष स्थानमा रहेका प्रोफेसनल भुवन नगरकोटी तेस्रो दिन एक स्ट्रोकले पछि पर्दा दोस्रो स्थानमा झरेका छन्।

भुवनले समग्रमा १० अन्डर २०६ को स्कोर गरे। अन्तिम १८ होलको खेल बाँकी रहँदा उपाधि होडमा सद्भाव र भुवनबीच कडा प्रतिस्पर्धा हुने भएको छ।

> दुई दिन शीर्ष स्थानमा रहेका प्रोफेसनल गल्फर भुवन नगरकोटी एक स्ट्रोकले पछाडि रहँदा सद्भाव शीर्ष स्थानमा

समग्रमा ३ अन्डर २१३ स्कोरसहित दिनेश प्रजापति र विजय श्रेष्ठ आइन्हाउस संयुक्त रूपमा तेस्रो स्थानमा छन्। दिनकै उत्कृष्ट ४ अन्डर ६८ स्कोर कार्ड बनाएका दिनेश नवौं स्थानबाट तेस्रो स्थानमा उक्लिएका हुन्। विजयले १ ओभर ७३ स्कोर गरे। पाँचौं स्थानमा रहेका नीरज तामाङले समग्रमा २ अन्डर २१४ स्कोर गरे।

एमेच्योर गल्फर राहुल विश्वकर्मा समग्रमा १ ओभर २१७ सहित छैटौं स्थानमा उक्लिए। यसैगरी, एमेच्योर टासी छिरिङ र प्रोफेसनल गल्फर सञ्जय लामा समग्रमा २ ओभर २१८ सहित सातौं स्थान रहे। युवराज भुजेल र रवि खड्काले समग्रमा ३ ओभर २१९ स्कोर गरेका छन्। उनीहरू संयुक्त रूपमा नवौं स्थानमा छन।

भुवन तेस्रो दिन दोस्रो स्थानमा

लगातार दुई दिन संयुक्त रूपमा शीर्ष स्थानमा रहेका भुवनले तेस्रो दिन अग्रता बढाउन सकेनन्। उनी एक स्ट्रोकले पछि परेका हुन्। सद्भावले फ्रन्ट नाइन २ अन्डर ३४ र ब्यान नाइनमा इभन पार २६ स्कोर गरेका थिए। भुवनले राम्रो सुरुवात गर्दै फ्रन्ट नाइन ३ अन्डर ३३ स्कोर गरे। उनले चौथो, छैटौं, सातौं र नवौं होलमा बर्डी प्रहार गरे। तर, ब्याक नाइनमा लय गुमाए। दिनेशले फ्रन्ट र ब्याक नाइनमा समान २ अन्डर ३४ स्कोर। उनले तेस्रो, सातौं र आठौं होलमा बर्डी प्रहार गरे।

विजयले फ्रन्ट नाइन इभन पार ३६ मा सकाउने क्रममा तेस्रो र सातौं होलमा एक-एक सट बचाए। ब्याक नाइन १ ओभर ३७ स्कोर गरे। विजयले दशौंदेखि १२औं होलमा लगातार तीन बर्डी निकालेका थिए। उनले ४ पारको १४औं होलमा ट्रिपल बोगीको समाना गर्न बाध्य हुँदा १७औं होलमा एक सट खेर फाले। प्रतियोगिताको विजेताले १ लाख ४० हजार रुपैयाँ हात पार्नेछन्।

NOTICE OF FINAL SETTLEMENT

Trail Bridge Sub Sector Program (TBSSP) is phasing out by end of March 2024. Any party liable to receive any payment from TBSU or any settlements are pending, it is requested to send your claim supporting the relevant documents before 31st March 2024 in below mentioned address. Claim beyond that date, TBSU is no longer existed to entertain such claims.

Trail Bridge Support Unit **(TBSU)** / Helvetas Nepal
Man Bhawan, M8C8+2F Lalitpur, E-mail: tbsu.np@helvetas.org
G.P.O. Box - 688, Kathmandu, Nepal, Ph.No. 977-1-5427828

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com